# आ.व. २०८०/०८१ को विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकताका सम्बन्धमा
# प्रतिनिधि सभाको बैठकमा छलफल भएका मुख्य विचारहरुको संक्षिप्त प्रतिवेदन

संघीय संसद सचिवालय
सिंहदरबार
२०८० वैशाख

# आ.व. २०८०/०८१ को विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकताका सम्बन्धमा

# प्रतिनिधि सभाको बैठकमा छलफल भएका मुख्य विचारहरुको संक्षिप्त प्रतिवेदन

संघीय संसद सचिवालय

सिंहदरबार

२०८० वैशाख

मितिः २०८०/०१/३१

श्रीमान् महासचिवज्यू,
संघीय संसद सचिवालय,
सिंहदरबार।

**विषयः <u>प्रतिवेदन पेश गरिएको बारे</u>।**

प्रस्तुत विषयमा संघीय संसद सचिवालय, सिहंदरबारको च.नं. ७७७ मिति २०८०/०१/२३ को पत्र मार्फत प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १४५ को उपनियम (२) अनुसार आर्थिक वर्ष २०८०/८१ को लागि विनियोजन विधेयक संघीय संसदमा पेश गर्नु पूर्व बजेट तयारीका लागि मिति २०८०/०१/२४ गते प्रतिनिधि सभाको बैठकमा प्रस्तुत हुने "विनियोजन विधेयक, २०८० का सिद्धान्त र प्राथमिकता" माथि सभामा छलफल हुने र सो छलफलका मुख्य मुख्य विषय टिपोट गरी प्रतिवेदन पेश गर्न निर्देशन भए अनुसार माननीय अर्थमन्त्री डा. प्रकाश शरण महतज्यूले मिति २०८०/०१/२४ मा "आ.व. २०८०/८१ को विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता (कर प्रस्ताव बाहेक) सम्बन्धमा छलफल गरियोस्" भनी प्रस्तुत गर्नु भएको प्रस्ताव उपर मिति २०८० बैशाख २५, २६ र २७ गते छलफल भई कूल १३३ माननीय सदस्यहरुले विचार व्यक्त गर्नु भएकाले सोको मुख्य मुख्य विषयवस्तु टिपोट गरी प्रतिवेदन पेश गरिएको व्यहोरा सादर अनुरोध छ ।

**<u>प्रस्तुतकर्ता</u> :**
उपसचिव श्री रेखा उपाध्याय खनाल
उपसचिव श्री प्रेम कुमार रसाईली
शाखा अधिकृत श्री अञ्जना राई
शाखा अधिकृत श्री ठाकुरप्रसाद प्याकुरेल
नायब सुब्बा श्री नविन कुमार सिहं
नायब सुब्बा श्री प्रकाश ज्ञवाली
कम्प्युटर अपरेटर श्री दिपेश कँडेल
कम्प्युटर अपरेटर श्री उपेन्द्र राय यादव
कम्प्युटर अपरेटर श्री अरुणा भण्डारी

# विषयसूची


| विषय | पृष्ठ संख्या |
| --- | --- |
| प्रतिनिधि सभाको मिति २०८० बैशाख २५ गतेको बैठक | १-२९ |
| प्रतिनिधि सभाको मिति २०८० बैशाख २६ गतेको बैठक | ३०-५४ |
| प्रतिनिधि सभाको मिति २०८० बैशाख २७ गतेको बैठक | ५५-७८ |

माननीय अर्थमन्त्री डा. प्रकाश शरण महतज्यूबाट प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १४५ को उपनियम (२) अनुसार आर्थिक वर्ष २०८०/८१ को लागि विनियोजन विधेयक संघीय संसदमा पेश गर्नु पूर्व बजेट तयारीका लागि मिति २०८०/०१/२४ गते प्रतिनिधि सभाको बैठकमा प्रस्तुत गर्नुभएको विनियोजन विधेयक, २०८० का सिद्धान्त र प्राथमिकता माथि सभामा छलफलका लागि "आ.व. २०८०/८१ को विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता (कर प्रस्ताव बाहेक) सम्बन्धमा छलफल गरियोस्" भनी प्रस्ताव प्रस्तुत गर्नुभएको र उक्त प्रस्ताव माथि २०८० साल वैशाख २५, २६ र २७ गते गरी जम्मा तीन दिन भएको छलफलमा १३३ जना समाननीय सदस्यहरूले राख्नु भएका मुख्य विचारहरू टिपोट गरी देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

# मिति २०८० साल बैशाख २५ गते

**<u>माननीय श्री ज्ञानेन्द्र बहादुर कार्की</u>**

- विश्व अर्थतन्त्रको समस्याको प्रभाव नेपालमा पनि परेको छ।
- नेपालको अर्थतन्त्रमा ३ वटा गम्भिर समस्या रहेका छन्ः
    - कमजोर आर्थिक वृद्धि,
    - बढ्दो मुद्रास्फिती,
    - उपभोग्य वस्तुको बढ्दो आयात,
- चालु आर्थिक वर्षको वार्षिक लक्ष्य ८% हासिल गर्ने अनुमान गरिएको तर आधारभूत मुल्यमा केन्द्रिय तथ्याङ्क विभागले २.१६ % प्रारम्भिक अनुमान गरेको छ।
- पुँजीगत खर्चको अवस्था दयनीय छ । अहिलेसम्म ३१% मात्र पुँजीगत खर्च भएको छ।
- चालु खर्च बढेर गएको छ। २ खर्ब ५२ अर्ब विदेशी ऋण आउने भनिएकोमा ४५ अर्ब मात्र आएको छ।
- Remittance र विदेशी मुद्राको केहि संचिति बढेको छ।
- आन्तरिक उत्पादन र रोजगारीलाई सबल नबनाई दिगो आर्थिक विकासको आधार तयार हुँदैन।
- आगामी बजेटको मुख्य उदेश्य उत्पादन र रोजगारीमा केन्द्रित रहनु पर्नेछ।
- Populist भन्दापनि यर्थाथपरक बजेटको आवश्यकता रहेको।
- विकासको प्रचुर सम्भावना भएता पनि विकासको फड्को मार्न नसकेको अवस्था छ।
- २०४६ सालमा प्रतिव्यक्ति आय १८० $ थियो। सन् २०२१ सम्ममा त्यो आय १२०० $ पुगेको छ। यो गति सुस्त छ।
- Vietnam को उदाहरण, हामी १८० अमेरीकी डलरमा हुँदा Vietnam १४१ अमेरिकी डलरमा थियो। अहिले Vietnam ३७५६ अमेरीकी डलर प्रतिव्यक्ति आय रहेको छ। यसमा गम्भिर समिक्षा गर्नुपर्ने।
- देश द्वन्द्वमा फस्यो, त्यसबाट मुलुकले कति क्षति बेहोर्यो त्यो सबैलाई थाहा छ र द्वन्द्वबाट शान्ति प्रक्रियामा बढेको छ।
- शान्ति प्रक्रियालाई निष्कर्षमा पुर्याएर मुलुकलाई आन्तरिक एकता कायम गरेर विकासको गतिमा अगाडि बढाउनुको विकल्प छैन।

- Rwanda द्वन्द्वको उदाहरण दिँदा २० वर्ष देखि ७% को छ, १% मात्र बेरोजगारी रहेको छ।
- विश्वमानै Rwanda को विकास मोडेल चर्चित छ।
- अब १० वर्ष भित्रमा देशको उपलब्ध साधन,श्रोतको अधिकतम उपभोग गरेर जनताको विकासको चाहनालाई पुरा गर्नुको विकल्प छैन।
- सन् २०४० सम्म जनसाङ्ख्यिक लाभ हामीलाई छ। त्यसलाई लिएर मुलुकलाई विकासको बाटोमा अग्रसर गराउनु हाम्रो दायित्व हो।
- १७/ १८ खर्बको बजेटमा १० खर्ब रुपैंया Remittance मार्फत देशलाई युवाहरुबाट प्राप्त भएको छ ती युवाका सेवा सुविधाका बारेमा सोच्न जरुरी छ।
- युवाश्रमलाई स्वदेशमानै अधिकतम उपभोग गर्ने रणनीति अपनाउनुपर्ने जरुरी छ।
- अर्को युवा १२ पछि विदेशमा जाने सपना देख्छ, यी युवाहरुले देशमा भविष्य देखेका छैनन्, यिनीहरुलाई भविष्य देखाउनु आजको आवश्यकता हो।
- बेरोजगारीको अन्त्य , रोजगारीको सृजना गर्न, नीजी क्षेत्रको महत्वपूर्ण भुमिका छ।
- नीजी क्षेत्रलाई रक्तसंचार गर्न नसक्दा मुलुकको अर्थतन्त्र गतिशिल हुन सक्दैन।
- नीजी क्षेत्रलाई उत्साहित गर्ने, लगानीलाई अधिकतम रुपमा प्रयोग गर्ने दिशामा अहिलेको बजेट केन्द्रित हुन जरुरी छ।
- हाम्रो विकासको आकाङ्क्षा पुरा गर्ने दिशामा अगाडि बढ्नुपर्छ।
- ५ वर्षमा ५० लाख पर्यटक भित्र्याउने योजनाका साथ अगाडि बढ्नुपर्छ।
- पहाडका गाँउ वस्तीलाई सहर नबनाई सुविधा सम्पन्न बनाउन सकेमा पर्यटकका गन्तव्य ती गाँउ हुन सक्दछन्।
- ऐतिहासिक, हरित, सांस्कृतिक शहरको निर्माण गर्न जरुरी छ।
- कर्णालीका जडीबुटीलाई प्रशोधित गरेर भारत लगायत विश्व बजारमा पुऱ्याउन सकेमा आर्थिक अवस्थामा निश्चयनै फरक पार्ने छ।
- चिया, कफी, अलैची, जडिबुटी, अदुवालाई ५ वर्ष भित्रमा निर्यात गर्ने वस्तुको रुपमा विकास गरी हामी निर्यात गर्ने देशको रुपमा चिनिने लक्ष्य बजेटको हुनुपर्दछ।
- हामीसँग भएको विद्युत उत्पादन गरी भारतलाई विद्युत निर्यात गरी व्यापार घाटालाई कम गर्न सकिनेछ।
- कृषिको आधुनिकीकरण र सिँचाइ सुविधा वृद्धि गर्न सकिएमा कृषिमा आत्मनिर्भर हुन सकिने।

- यो बजेटले ५ वर्षको मार्गचित्र प्रस्तुत गर्दै समुन्नत नेपाल निर्माण गर्न र जनतालाई आशा दिलाउन सकोस् भन्ने शुभेच्छा व्यक्त।

<u>माननीय श्री विष्णु प्रसाद पौडेल</u>

- बजेट निर्माण प्रक्रिया औपचारिक मात्र नभई सदनको राय अनुसार मार्गनिर्देशक सिद्धान्त र प्राथमिकता निर्माण गर्ने आधारभुत प्रक्रिया हो।
- अर्थतन्त्र कहाँ छ र के कस्ता चुनौतीहरु छन् भनि हेक्का राखी बजेट निर्धारण गर्न सक्नुपर्दछ र तथ्यले देखाएको कुरालाई स्वीकार गर्दै अगाडि बढ्न सक्नुपर्दछ।
- प्राथमिकता र सिद्धान्त अध्ययन गर्दा के पाएँ भने अर्थतन्त्रका समस्याप्रति, अर्थतन्त्रका चुनौतिप्रति बेखबर रहेको। राष्ट्रिय तथ्याङ्क कार्यालयले नेपालको अर्थतन्त्र मन्दीमा पुगेको तथ्य प्रतिवेदनमा प्रस्तुत गरेको छ।
- नेपाली अर्थतन्त्र मन्दीमा गएको तथ्याङ्कलाई स्वीकार गर्दै त्यसलाई सामना गर्दै त्यसले सृजना गरेको चुनौतिलाई सामना गर्ने अठोटका साथ बजेट प्रस्तुत हुनुपर्दछ।
- अघिल्लो आर्थिक वर्षको पहिलो त्रैमासिकको तुलनामा यस आर्थिक वर्षको पहिलो त्रैमासिकको कुल ग्राहस्थ उत्पादन ०.४% ले ऋणात्मक छ । दोस्रो त्रैमासिकमा ०.७३% ले ऋणात्मक छ जसले मुलुक आर्थिक मन्दीमा गएको पुष्टि गर्दछ।
- प्रस्तुत प्राथमिकता र सिद्धान्तले सत्यतालाई Ignore गरेको छ।
- सत्य तथ्यलाई जस्ताको तस्तै समाज र जनता समक्ष प्रस्तुत गर्नुपर्छ र सृजना गरेका चुनौतिको सामना गर्दै अगाडि बढ्नु पर्दछ।
- अर्थतन्त्रका परिसूचकहरू अनेक कोणहरुबाट अत्यन्त गम्भिर छन् र यसलाई सम्बोधन गर्न बजेटका प्राथमिकता र सिद्धान्त चुकेको छ।
- चालु आर्थिक वर्षका लागि आर्थिक वृद्धिदर ८% हुन्छ भनिएकोमा राष्ट्रिय तथ्याङ्क कार्यालयको अनुसार जम्मा २.१६% मा खुम्चिने अनुमान छ।
- कुल ग्राहस्थ उत्पादनको ६.४१% मात्र बचतमा छौं। GDP को ९३.४९% कहाँ छ?
- राजस्व संकलन अत्यन्तै कहालीलाग्दो र त्रासदीपूर्ण अवस्थामा रहेको छ , देश कसरी चल्छ? अनुमान गरिएको लक्ष्यको ५० % मात्र राजस्व परिचालन गर्न सकेका छौं।
- गत वर्षभन्दा राजस्व सङ्कलन यही समयमा १३% ले कम छ।
- गत वर्ष मात्र नभई त्यो भन्दा अघिल्लो वर्षको तुलनामा पनि हामी राजस्व सङ्कलनमा पछाडि छौं।

- यसले स्वभाविक रुपमा सार्वजनिक खर्च व्यवस्थापनमा समस्या सृजना गरेको छ।
- चालु आ.व.को खर्चको अवस्था गत वर्षभन्दा १९% ले बढी छ तर राजस्व संकलन १३% ले कम छ।
- अन्तराष्ट्रिय सहयोगमा भारी मात्रामा कटौती छ।
- ३०% को हाराहारीमा पुँजीगत खर्च गर्न सकेका छौं।
- संघीय संचित कोषको आँकडा सार्वजनिक गर्न हिचकिचाएको अवस्था छ। सो कोष २०० अर्बले ऋणात्मक छ।
- चैत्र महिना सम्मको निर्यात अघिल्लो आ.व. भन्दा २६.३४% ले कम छ।
- आयात १८.०८% ले कम छ।
- नीजी क्षेत्रमा प्रवाह भएको कर्जा गत वर्षको तुलनामा ७६% ले कम छ।
- राजस्वले सामान्य खर्च धान्न नसकिने अवस्था सृजना भएको छ जुन १२० अर्ब भन्दा बढी छ।
- नीजी क्षेत्र अत्यन्तै ठुलो त्रासमा बाँचिरहेको छ।
- सहकारी र लघुवित्तको समस्याले अर्को कोणबाट अर्थतन्त्रलाई चुनौति दिई रहेको छ। मिटरव्याजको अपराधकर्मले अर्थतन्त्रलाई चुनौति दिइरहेको छ।
- हामी आर्थिक मन्दी हुँदै आर्थिक संकट तिर जाने बाटोमा छौं भन्ने तथ्य मनन गर्दै सिद्धान्त र प्राथमिकता तय गरी त्यसको आलोकमा बजेट आउनुपर्दछ।
- विनियोजन विधेयक, २०८० को सिद्धान्त तथा प्राथमिकताले आर्थिक गतिविधिमा सिथिलता आएको, अर्थतन्त्र दबाबमा भएको, लक्ष्य अनुसार राजस्व संकलन हुन नसकेको, सरकारको वित्त संकलनमा चाप परेको जस्ता पदावलीको प्रयोग गरी आर्थिकमन्दीलाई छल्न खोजिएको,
- केन्द्रिय तथ्याङ्क कार्यालय र अन्य सरकारी निकायका तथ्याङ्कहरुलाई सदनसमक्ष जानकारी दिनु पर्दछ।
- कर प्रणालीलाई प्रगतिशील र न्यायपूर्ण बनाउने, करको दायरा विस्तार गर्ने, कर प्रशासनलाई प्रभावकारी बनाउने, कर चुहावटलाई नियन्त्रण गर्ने, त्यसैगरी सरकारी सहकारी र नीजी क्षेत्रको सहकार्यलाई अगाडि बढाउने, सहकारी र नीजी क्षेत्रको मनोबल उठाउने, उत्पादन र उत्पादकत्व वृद्धि गर्ने लागत कम गर्ने दृष्टिकोणका साथ सिद्धान्त र प्राथमिकता आउनु पर्ने।
- सामाजिक सुरक्षाको नाममा विनाशको प्रतिस्पर्धा रहेको र यसलाई हटाउन पर्ने।
- निजी क्षेत्रको उत्पादनको क्षेत्रमा भएको समस्या समाधान गरिनुपर्ने।
- प्रवासी नेपालीको चाहना, मताधिकार र मातृभूमिप्रतिको दायित्वलाई सम्बोधन गर्नुपर्ने।

- कार्यक्रमको फेहरिस्तले मात्रै पुग्दैन। हाम्रा आवश्यकतालाई प्राथमिकिकरण गर्नुपर्दछ।
- Populist भन्दा Realist approach को बजेट आउनुपर्दछ।
- बजेटले अवलम्बन गर्ने सिद्धान्तले राष्ट्रिय जीवनका राजनीतिक, आर्थिक, सामाजिक, सास्कृति लगायत सबै क्षेत्रका समस्यालाई सम्बोधन गर्न सक्नुपर्दछ।
- बजेटले आमजनतामा आत्मविश्वास, ईच्छाशक्ति र उत्साहको लहर सृजना गर्न सक्नुपर्दछ।
- योजना कार्यान्वयन र उपलब्धिको सङ्कल्प बोकेर बजेट आउनुपर्छ।
- क्षेत्रीय र अन्तराष्ट्रिय अर्थतन्त्रमा पनि हैसियत र हिस्सेदारी प्राप्त हुन सक्ने गरी बजेट र अर्थतन्त्रका प्राथमिकता र सिद्धान्त निर्धारण गरिनुपर्ने।

**<u>माननीय श्री देवेन्द्र पौडेल</u>**

- देशको समग अर्थतन्त्रको चित्रण सहित सारभूत रुपमा विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकताहरुले सकारात्मक सङ्केत गरेको छ, म समर्थन गर्न चाहन्छु ।
- आर्थिक अवस्थालाई लयमा ल्याउन सबैले साझा संकल्प गरौं ।
- संघीयताको सवलीकरणलाई प्राथमिकता दिदै समाजवादी प्रणाली स्थापनातर्फ बजेटको सिद्धान्त तथा प्राथमिकता केन्द्रित हुनुपर्ने।
- युवाहरुलाई देशमा नै बस्ने वातावरणको सिर्जना गरौं ।
- समाजवादी प्रणालीमा अगाडी जान वहसको आवश्यकता छ ।
- बजेट सिलिङ्ग नघटाउनतिर जोड दिन चाहन्छु, वैदेशिक अनुदान ल्याउने, करको दायरा बढाउने, बेरुजु नियमन गर्ने, भ्रष्टाचारलाई न्यूनीकरण गर्नेतर्फ गयौं भने १ खर्ब ठूलो कुरो होइन ।
- सम्भावना खोजौं र अघि बढौं ।
- नागरिकले प्रत्याभूत गर्ने गरी शिक्षा, स्वास्थ्य, रोजगारी, कृषि, पर्यटन, विद्युतजस्ता विषयहरुमा केही नयाँ कामको सुरुवात गरौं।
- संघीयताको सवलीकरणलाई प्राथमिकता दिदै समाजवादी प्रणाली स्थापनातर्फ बजेटको सिद्धान्त तथा प्राथमकितामा केन्द्रित हुन पर्ने।

**<u>माननीय श्री रवि लामिछाने</u>**

- अर्थमन्त्रीज्यूले विगतका वर्षहरुमा जस्तै "गरिनेछ" ले भरिएको तात्विक रुपमा विगतका वर्षहरु भन्दा फरक नरहेको विनियोजन विधेयक, २०८० का प्राथमिकता र सिद्धान्तहरु प्रस्तुत गर्नुभएको छ ।

- अर्थतन्त्र असाधारण अवस्थामा छ जुन ३ दशक यता कम आर्थिक वृद्धिदरमा छ।
- ८ प्रतिशत आर्थिक वृद्धिदर हुन्छ भनेकोमा २ प्रतिशत पनि नहुने देखिएको छ ।
- देशको अर्थतन्त्र कता जान्छ भनेर प्रक्षेपण गर्ने हाम्रो क्षमतासमेत कमजोर देखिएको छ ।
- सधै एउटै कुरा गर्ने, नतिजा चाँही अलग अपेक्षा गर्ने हाम्रो बानी हो कि जनतालाई झुक्याउने खेल ?
- अर्थतन्त्रको समस्या हाम्रो आफ्नै आन्तरिक कारण जस्तो कर छली, तस्करी आदी हुन्।

विनियोजन विधेयकको सिद्धान्त र प्राथमिकताका सम्बन्धमा केही सुझावहरु राख्न चाहन्छुः

- स्रोतको सिमितताका कारण असाधारण रुपमा साधारण खर्च कटौती गरौं।
- बजेटमा गर्छौं भनेको कुरा गरेरै छाड्ने यदि हुन सकेन भने कसका कारण हुन सकेन? सबैलाई जवाफदेही बनाऔं।
- क्रियाकलाप होइन नतिजाको आधारमा कार्य सम्पादन मूल्यांकन गरौं।
- सार्वजनिक सेवा प्रवाहमा सूचना प्रविधिको व्यापक प्रयोग गरौं।
- e-governance लाई राष्ट्रिय प्राथमिकताको योजना बनाई अगाडी बढाऔं।
- वैदेशिक लगानीको क्षेत्रमा सुदृढीकरण गर्नुपर्छ।
- आगामी आर्थिक वर्षको पहिलो त्रैमासमा सरकारले जरुरी ऐन निर्माण गर्नुपर्छ।

**<u>माननीय श्री धवल शम्मशेर जबरा</u>**

- दुई ठूला शक्तिशाली र economic powerhouse देशहरुको आवश्यकतालाई ध्यान दिएर उद्योगधन्दा अगाडी बढाऔं ।
- one window policy लागू गरौं ।
- एउटा मलको फ्याक्ट्री स्थापना गर्नुपर्ने ।
- मुद्दाहरुको छिनोफानो गरेर राष्ट्रिय गौरवको आयोजनाहरु अगाडी बढाउनुपर्छ ।
- यो बजेटमा सात वटै प्रदेशमा veterinary facility नभएको आधुनिक गौशाला बनाउने कुरा राखिनुपर्छ ।
- जनताको खेतबारी, घर नदीले कटान गरेकोमा बजेटले सम्बोधन गर्नुपर्ने।
- युवा र खेलप्रेमिको मनोबल बढाउनका लागि हरेक पालिकामा सानो खेलमैदान भए पनि बनाउनुपर्छ ।

<u>माननीय श्री प्रदिप यादव</u>

- अर्थतन्त्रमा मन्दीको संकेत केही महिना अगाडी देखि नै परिसकेको छ ।
- राजस्व कम उठेको छ, कसरी खर्च धान्ने ?
- अर्थतन्त्रले धान्न नसक्ने वितरणमुखी बजेट नल्याइयोस्।
- साधारण खर्च भन्दा राजस्व कम भइसकेको अवस्था छ।
- राजस्व चुहावटलाई रोक्नुपर्दछ।
- सरकारी खर्च कटौती गर्नुपर्छ।
- वैदेशिक ऋणको उपयोग प्रतिफलमुखि कार्यमा मात्र लगाउनुपर्दछ।
- पूर्वाधार विकासको नाममा सडक निर्माणको कार्य मात्र नभई शिक्षा, स्वास्थ्य र पर्यटन क्षेत्रमा समेत बजेटको सन्तुलन मिलाउनुपर्दछ।
- औचित्यहिन र निष्प्रभावी अनुदानका बजेटहरु हटाउनुपर्छ।
- सबै तहमा बजेटको प्रयोग ऐन बमोजिम गराइनुपर्दछ।
- वितरणमुखी बजेटको स्रोत कहाँबाट जुट्ने हो ? जानी जानी अर्थतन्त्रलाई मन्दीमा सरकारले किन लगेको?
- नराम्रो गर्नेलाई दण्ड सजायको व्यवस्था तत्काल गर्ने।
- बजेटको आकार ठुलोहुँदा बाह्य क्षेत्रमा संकुचन आउने हुनाले त्यसो गर्न नहुने।

<u>माननीय श्री मेटमणि चौधरी</u>

- नेपाली अर्थतन्त्र दिनानुदिन संकटग्रस्त अवस्थामा पुगिरहेको छ, यसले हाम्रो क्षमतामा प्रश्नचिन्ह उठाएको छ।
- Fixed Deposit को ब्याज घटाउनुपर्छ।
- बन्द उद्योग सञ्चालन गर्न उद्योगीहरुलाई प्रोत्साहन गर्नुपर्दछ।
- पुनकर्जाको व्यवस्थापन गर्नुपर्दछ।
- रेमिट्यान्समा सहुलियत हुनुपर्दछ जसले GDP मा २५% भूमिका खेलेको छ।
- अर्थतन्त्रमा जतिसक्दो बढी खर्च गर्न पर्ने।
- निर्माण व्यवसायीलाई खर्च गर्ने पैसा दिनपर्ने।

<u>माननीय श्री अब्दुल खाँन</u>

- नेपालको अर्थतन्त्र तरलता र मन्दी अवस्थामा रहेको।

- विनियोजन विधेयकमा नेपालको अर्थतन्त्रको मेरुदण्ड के कुरालाई बनाउने उल्लेख गरिएको छैन तर नेपालले कुन कुरालाई महत्वको साथ हेरेको छ, त्यो यसमा हुनैपर्छ।
- नेपालको कृषि क्षेत्रभित्र पनि २-३ वटा कुरालाई महत्वका साथ हेर्ने हो भने विभिन्न किसिमका बालिनालिको लागि अत्यावश्यक मल, सिँचाईको व्यवस्था, फलफूलजन्य तरकारीजन्य र मासुजन्य पदार्थ देशमै उत्पादन गर्न सक्यौ भने हामीले त्यसबाट धेरै value add गर्न सक्छौ र अर्थतन्त्रलाई बलियो बनाउन सक्छौ।
- अन्तराष्ट्रिय स्तरको एयरपोर्ट बनाउने र पर्यटकहरु गन्तव्यसम्म जाने connectivity road को राम्रो व्यवस्था गर्न सक्यौ भने tourism लाई promote गर्न सकिन्छ।
- हामीले गर्न सक्ने योजनाहरु specify हुनैपर्छ।

<u>**माननीय श्री राम प्रकाश चौधरी**</u>

- जलविद्युत क्षेत्रमा लगानी गर्नेतर्फ बढी प्राथमिकता दिनुपर्छ।
- विभिन्न सुविधाहरु, प्याकेजहरु ल्याएर बढी भन्दा बढी पर्यटक भित्राउनुपर्छ।
- चुनढुङ्गा लगायतका खनिजपर्दाथहरु निर्यात गर्ने व्यवस्था मिलाउनुपर्छ।
- कृषिमा आत्मनिर्भर हुनुपर्छ, कृषकहरुलाई बीउ मल अनुदान सिँचाई सुविधा उपलब्ध गराउनुपर्छ।

<u>**माननीय श्री गंगाराम चौधरी**</u>

- किसान कार्डको व्यवस्था लागू गरिनुपर्छ।
- सिकलसेल एनिमियाको नियन्त्रण र व्यवस्थापनका लागि बजेटको व्यवस्था गर्नुपर्दछ।
- बाढि पीडितहरुलाई उचित बासस्थानको व्यवस्थासहित पीडित किसानहरुलाई शतप्रतिशत अनुदानमा वैकल्पिक खेतिको लागि बजेट विनियोजन गर्ने योजना तर्जुमा होस्
- नदी नियन्त्रणको व्यवस्था गरिनुपर्दछ ।
- नेपालमा समेत Climate change ले बाढी पहिरोको अवस्था सृजना गरेको।
- सिँचाइको उचित प्रवन्ध गरिनुपर्ने।

<u>**माननीय श्री चित्र बहादुर के.सी.**</u>

- नेपालजस्तो कृषिप्रधान देशमा एउटा मल कारखाना बनाउनुपर्दछ।
- आफ्ना देशका खेतबारी सब बाँझा छन् तर हामी बाहिरबाट आयात गर्छौं।

- खर्चले धान्नै नसक्ने संघीय प्रणालीमा विचार गरौं जुन संघीयताले देश विकासको बजेट धेरै मात्रामा खर्च गर्ने।
- हामीले मान्छे मात्रै निर्यात गर्न सकेका छौं, दिनको १५००-२००० मान्छे निर्यात गरेर तिनले पठाएको रेमिट्यान्सले देश धान्न सकिन्छ ? खर्च धान्न सकिन्छ?
- संसदको क्रियाकलाप उत्साहजनक नभएको, लोकतन्त्रमा खतराका संकेत देखापरेका छन्।

## माननीय श्री बद्रीप्रसाद पाण्डे

- बजेटका सिद्धान्त र प्राथमिकता , नीति र कार्यक्रमलाई पनि कानूनी प्रबन्धमा बाधौ त्यसले जेठ १५ मा हुने बजेट वक्तव्यलाई सबल बनाउँछ।
- मौद्रिक नीति र आर्थिक नीति बिच तादम्यता नभएको।
- उत्पादनका माध्यमबाट निर्यात बढोत्तरी गरेर व्यापार घाटा न्यूनीकरण गर्ने दिशामा लाग्नुपर्छ।
- नागरिकको आंकाक्षा र देशको अर्थतन्त्र बिच ठुलो खाडल रहेकोले सबैले जिम्मेवारी बहन गर्नपर्ने।
- गैरआवसिय नेपाली तथा विदेशी लगानीकर्तालाई पनि लगानीमैत्री वातावरण सिर्जना गर्नुपर्दछ।
- जनसाङ्ख्कि लाभको भरपूर उपयोग गर्नुपर्छ।
- युवाजनशक्तिलाई प्रयोग गर्नपर्ने।

## माननीय श्री रघुजी पन्त

- ३१ बुँदाको यो विनियोजन विधेयक २०८० का सिद्धान्त र प्राथमिकतामा ६ बुँदा, ६-११ नम्बरसम्म त्यसका सिद्धान्तहरु र १५ वटा बुँदा १२-२३ बुदाँसम्म त्यसका प्राथमिकताहरु गरी प्रस्तुत गरिएको,
- सरकारको आगामी बजेट, नीति कार्यक्रम कहाँ पेश हुन्छ भन्ने कुरामा यो विनियोजन विधेयकको आधारमा अनुमान गर्न गाह्रो छ।
- सरकारको प्राथमिकता एउटै बुँदामा समेत विरोधावास रहेको छ।
- व्यापार घाटा घटाउने हो भने हालको नेपालको १२/१४ खर्बको व्यापार घाटा घटाउन प्राथमिकताको क्षेत्र तोक्नुपर्ने,
- प्राथमिकताको क्षेत्रको मुख्य ठाँउ कृषि, अर्को औद्योगिकिकरण हो।
- औद्योगिकिकरणलाई प्रोत्साहन गर्ने मूल आधार विजुली हो, विद्युत हो।

- किसानलाई नगद अनुदान दिनुपर्ने, दुई बाली- खाद्यान बाली लगाउने।
- किसानलाई प्रति रोपनी, प्रति विगाहा अथवा प्रति कठ्ठा निश्चित रकम प्रत्याभूत गर्नुपर्ने र कृषिबाटै उसको सम्पूर्ण खर्च धान्ने खालको नीति लिनुपर्ने।
- रासायनिक मल अहिले सिधै हटाउन नसकेपनि रैथाने बाली र प्राङगारिक खेतीलाई हामीले प्रोत्साहित गर्नुपर्ने।
- नगद, अनुदान अरु खेतीको तुलनामा प्राङ्गारिक खेती गर्नेलाई नगद अनुदान बढाएर दिने नीति लिनुपर्ने।
- यो बजेट कृषि, औद्योगिकीकरण, जलस्रोत, पर्यटन, शिक्षा, स्वास्थ्य, पूर्वाधार निर्माण र जलवायु परिवर्तनका असरहरुलाई कम गर्ने कुरामा केन्द्रित हुनुपर्ने।
- बजेट निर्माण नीतिगत भष्ट्राचारलाई रोक्ने खालको हुनुपर्ने।
- अर्थतन्त्रको आकार बढेको, राजस्व घटेर चालु खर्च समेत नधान्ने अवस्था भएको।

<u>माननीय श्री लेखनाथ दाहाल</u>

- संविधानको मातहत रही संविधानको सफल कार्यान्वयन गर्ने सैद्धान्तिक प्रतिवद्धता सहित नेपाल सरकारको तर्फबाट माननीय अर्थमन्त्रीज्यूले विनियोजन विधेयक २०८० का सिद्धान्त र प्राथमिकता सदनमा पेश गर्नुभएको।
- सरकारले लिएको सामूहिक सङ्कल्प- भ्रष्टाचार नियन्त्रण गर्ने, सुशासन प्रदान गर्ने, पारदर्शी नेतृत्व प्रदान गर्ने, सामाजिक न्यायको विकास गर्ने सङ्कल्पको जगमै टेकेर यो सिद्धान्त र प्राथमकिता ल्याउन सफल हुनुभएकोमा माननीय अर्थमन्त्रीज्यूलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु।
- सिद्धान्त र प्राथमिकताको जगमा नीति र कार्यक्रम तयार गर्नुपर्छ, नीति र कार्यक्रमको जगमा बजेट निर्माण गर्नुपर्ने।
- उत्पादन गर्न सकिने वस्तुको आयातमा प्रतिबन्ध लगाई निर्यात बढाउनुपर्छ।
- पँहुचमा आधारित बजेट निर्माण गर्नेभन्दा पनि प्रणालीमा आधारित बजेट निर्माण गरी आवश्यकता र उपयोगिताको जगमा रहेर बजेट निर्माण गर्नुपर्ने।
- अनुत्पादक क्षेत्रमा अनावश्यक र अनुपयोगी क्षेत्रमा फसेकालाई निकाल्नुपर्ने। आवश्यक, उपयोगी, उत्पादन र रोजगारी सिर्जना गर्ने र पूँजी निर्माण गर्ने योजना बजेट केन्द्रित गर्नुपर्छ।
- सम्भावनालाई यथार्थमा बदल्ने उद्देश्य सहित सिद्धान्त र प्राथमकिता आएको।

**<u>माननीय श्री स्वर्णिम वाग्ले</u>**

- विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकतामा धेरै पर्नुपर्ने विषयहरु परेका छन् र केहि छुटाउन नहुने मुद्दाहरु छुटेका छैनन्। भन्दिनुपर्ने, सुनाइदिनुपर्ने कुराहरुपनि ल्याइएकोनै छ।
- अर्थमन्त्रीज्यू भन्नुहुन्छ आर्थिक वृद्धि गराइदिन्छु, सुशासन दिन्छु, जलवायू परिवर्तनको असर न्यूनीकरण गरिदिन्छु, संघीयताको सबलीकरण गर्छु, सामाजिक न्याय दिन्छु, निजी क्षेत्रको मनोबल उकास्छु। तैपनि किन आज खल्लो छ माहोल, किन हामी एउटा उत्साहहिन कर्मकाण्डमा सामेल भइरहेको जस्तो अनुभूति भइरहेको छ। मलाई लाग्छ यो यथास्थितिवादि निबन्धले सम्पूर्ण नीति, योजना बजेट निर्माण र साशकीय प्रकृयानै अविश्यवसनीय भइरहदाँ सच्चिने, सुधार्ने, सपार्ने गुन्जायस हामीले भेटिरहेका छैनौ कि। त्यो Sense of urgency मैले यहाँ देखि रहेको छैन।
- आज मुलुक भित्र र बाहिर ठुला ठुला संरचात्मक फड्कोका साक्षी हामी छौं। जनसांख्यिक बनोटले हाम्रा सारा आर्थिक उन्नयनका सम्भावनाहरुमा ठुलो दबाब पारेको छ। दशौंलाखको हाराहारीमा विदेश पलायन भएक छन् । ३२/३५ जिल्लामा अभूतपूर्ण निर्जनीकरण भइरहेको छ। बसाईसराइ र शहरीकरणका मुद्दाहरुले दिगो विकास र विकासका मुद्दाहरुलाई असाध्यै पेचिलो बनाइरहेको छ। छोटो समयमा ठुला ठुला प्रगति गर्नुछ।
- प्रविधिमा यत्रो छलाङ्ग छ। डिजिटल Economy को कुरा गरिएको छ तर नेपालमा अझैपनि बुझाइ, एउटा Website मा भएको फारमलाई Download गर्ने कुरालाई नै हामीले IT friendly भनेर परिभाषित गरिरहेका छौं। यत्रो Artificial Intelligence, Automation, चौथो औद्योगिक क्रान्तिका कुराहरुले समाज र हाम्रो अर्थतन्त्रमा उथलपुथल भइरहेको छ।
- जलवायु परिवर्तनका कुराहरु छन् तर त्यो सँगसँगै हिमालय हिन्दुकोषक्षेत्रमा त्यो भन्दा पनि थप पेचिलो विषय छ। इलोभेषन डिपेन्डेन्ट वार्मिङ्ग बाँकी दुनिँया २ डिग्री सेन्टिग्रेटले तात्यो भनेपनि हाम्रा हिमालहरुमा थप ०.६ डिग्री अरु बढोतरी हुने जोखिम हामीकहा छ।
- विश्वका उत्पादन मोडेलहरु आपुर्ती श्रृङ्खलाहरु गलोबल भ्यालुचेनमा यी मोडेलहरुले लगानी, व्यापार, विनिमय रोजगारका स्वरुपहरुमा भारी परिवर्तनहरु ल्याइरहेको छ। भारत, चीन, पूर्वी एशियाको पुनर्उदयले अवसर र चुनौति सँगसँगै ल्याएको छ।
- विकासका लागि वित्त Development Finance को ल्याण्डस्केप तलमाथि परिसकेको छ। उथलपुथल भएको छ। अनुदानहरु सुकिरहेका छन्। सहुलियतपूर्ण ऋृण अब कसिलो र सशर्त हुदैं गएका छन्। छोटो समयमा नै ठुलो छलाङ्ग मार्ने अभूतपुर्ण पुँजी निर्माण गर्ने अवसरहरु साँगुरिदै गएको हुन्। यस्तो बेलामा यस्तो खालको प्राथमिकिकरण र Sense

of urgency मलाई लाग्छ सरकारले आफ्नो सिद्धान्त र प्राथमिकतामा पार्नुपर्छ । अझैपनि समय छ नीति  तथा कार्यक्रममा यी कुराहरु झल्किउन भन्ने मेरो आग्रह माननीय अर्थमन्त्रीज्यूलाई छ।

- ६ वटा जुन प्राथमिकता सैद्धान्तिक कुराहरु ल्याइएका छन्। त्यसमा पनि मेरो केहि टिप्पणीहरु छन्।आर्थिक वृद्धि र स्थायित्वका कुराहरु जाहेरनै हुन् तर यस्तो समयमा आर्थिक वृद्धि र  स्थिरताका कुरा गरिरहेका छौं  जतिबेला अर्थतन्त्रले लय गुमाएको छ। ८ % को आर्थिक  वृद्धिको प्रक्षेपण भएको देशमा २% भन्दा कममा रुमलिरहेका छौं।

- कर्जा लगानी र आर्थिक वृद्धि बिचको अर्थतन्त्रको गति र वृद्धिदरसँग सामान्यजस्यता हामी देखिराखेको छैनै। कहाँ चुहिरहेको छ त्यत्रो हाम्रो दुर्लभ पूँजि। वस्तु सेवाको आयात र निर्यात खाडल जग जाहेर नै छ। उपभोग र उत्पादनको खाडल जग जाहेर नै छ। यी यावत कुराहरुमा हामी फरक ढंगले censer of  urgency protestations मा अलिकति पुनःमूल्यांकन गर्नुहोस् भन्ने मेरो आग्रह छ।

- दोश्रो सामाजिक न्यायका, शिक्षा, स्वास्थ्य र खानेपानीका कुराहरु छन्। यसमा पनि विगत ३०।३२ वर्षमा पनि ठुलो परिवर्तन आइसकेको छ। हामी परिणात्मक विकासबाट अब गुणात्मक विकासमा गएका छौं। ५० को दशकमा हामी स्कुल भवन माग गर्यौं, खानेपानी माग गऱ्यौं , धुलामे बाटो नै सहि माग गऱ्यौं तर अहिले स्कुल छन् विद्यार्थीहरु स्कुल पनि जान्छन् थोरै संख्यामा भएपनि तर त्यहाँ पढाई हुँदैन, त्यहाँ सिकाई छैन। आजको चुनौति भनेको स्कुल निर्माण गर्ने होइन। त्यहाँ सिकाईको संकटलाई कसरी सम्बोधन गर्ने भने हो। स्वास्थ्य चौकी छ दक्ष सेवा छैन।
- अहिले कुपोषणको महामारी नै छ यो देशमा, सिंगो पुस्ताको एक तिहाई जनतालाई अहिले पड्ताडित गरेको छ। त्यसैले यो first generation development challenge बाट अब हामी second generation development challenge मा गएका छौं। यो कुरो एकदमै Convince तरिकाले प्रतिविम्बित हुनुपर्छ। त्यो मैले यो दस्तावेजमा मैले पाईन्न।
- दिगो विकास र जलवायु परिवर्तनका कुराहरु आएका छन्।  मोनिटरी उपकरणहरुबाट हामी अगाडि जान्छौ भने त्यो गलत हो। फिजिकल स्पेस खोज्न सक्ने हो भने सृजनशिल हुन सक्ने हो भने व्यापक स्पेस अझै पनि छ र यसको लागि यही जलवायु परिवर्तनको मुद्दा यही दोगो विकासकै मुद्दाबाट पनि अगाडि बढ्न सक्नुहुन्छ।

- वार्षिक औषत २० खर्ब लाग्ने २०१८ मा बजेका SDG को रोडम्याप सम्पूर्ण रुपमा डिरेल भएको छ। लिगबाट बाहिर गएको हाम्रो SDG का रोडम्यापलाई लिगमा फर्काउने योजना नीति तथा कार्यक्रममा हामी मिहिन ढङ्गले अनुगमन गर्दै उत्तरदायी बनाउनेछौं।
- ५०% भन्दा बढी उजुरीहरु स्थानीय तहमा भष्ट्राचारसँग सम्बन्धित छन्। वित्तीय समानिकरण अनुदान, विशेष अनुदान, संचितकोषको रकम हस्तान्तरण गरिरहदा त्यसमा Systematic Tightening गर्नुपर्ने ।
- निजी क्षेत्रको मनोबलको कुरा स्वागतयोग्य छ। नीजिक्षेत्रले लामो समयदेखि उठाँउदै आएको विषयमा न्याय गरिदिनुपर्ने, यो हैरानी र द्वन्दको दृष्यबाट नेपाली अर्थतन्त्रलाई बाहिर ल्याउनुपर्ने।
- सुशासनको कुराहरुमा धेरै कुराहरु भनिरहन नपर्ने। सेवाप्रवाहसँग जोडेर यसलाई अलिकति न्यूनीकरण गर्न खोजिएको छ। भष्ट्राचार र आर्थिक सुशासनको विषय असाध्यै महत्पूर्ण छ। हाई क्राइस र ग्राण्डलाईनिङ्गको कुरा सम्बोधन होस्।
- सर्जरी नै खोजिरहेको अर्थतन्त्रको झारफुर गरेर हामी उम्कनसक्ने अवस्था छैन तैपनि आधार छ। नीति तथा कार्यक्रम र बजेटको चरणसम्म आइपुग्दा थप प्रगति देखाउन सक्नुहुनेछ भन्ने कुराको शुभकामना छ।

<u>माननीय श्री घुत्र बहादुर प्रधान</u>

- विनियोजन विधेयक २०८० का सिद्धान्त र प्राथमिकताको बारेमा केहि यथार्थपरक कुराहरु जनतासँग जोडिएको विषय छलफल हुदैंछ।
- बजेट बनिसक्यो। तथापि केहि कुरा विशेष रुपमा उल्लेख गर्न चाहेको छु। जुन हाम्रो जनजीवनसँग जोडिएको छ, जनसरोकारको विषय रहेको छ। त्यो मूलतः उठिरहेको कुरा किसानसँग जोडिएको छ। मलखाद तत्काल आवश्य परिसकेको अवस्थामा हामीले सार्वजनिक खरिद ऐन संशोधनका लागि विगतमा प्राथमिकता दिए सिण्डिकेट सिष्टमलाई तोड्ने कुरा गरिरहेकोमा सिष्टमलाई तोड्ने कुरा गरिरहेकोमा सम्भव भएन र अगाडी नल्याइएको हो। त्यो नल्याइएको कारण व्यवसायीहरुले ल्याइरहको र ल्याउन सक्ने खाद्यहरुलाई अवरोध गरेर त्यसलाई ल्याउन नदिएर चोरिको माध्यमबाट पैठारी गर्नेभएको कारण कृषक परिचयपत्रका आधारमा भन्सार सहुलियत गरेर भएपनि छुट दिन सके राहत पुग्न सक्ने।

- अर्को, औद्योगिकिकरणको कुरा रहेको छ। यिनले धेरै कुरा  अप्ठ्यारा अवस्था सिर्जना गरेका छन्। खानेपानीका समस्याका कुरा छन्। जहाँ ठुल्ठुला Industry हरु बनेका छन्। बाढिको  डुबानको समस्या , Industry हरुले विगौं विगाहामा पर्खाल लगाइदिदाँ त्यहाँ Water lock भएको अवस्था पनि रहेको छ भने डिप वोरिङ्ग गरिएका गाँउघरमा गाडिएको स्थलमा ट्युवेलमा पानी आउन छाडेको छ। पिउने पानी नेपालमा दुर्लब अवस्था भएको भन्दा अप्ठ्यारो लाग्छ । यथापी थुप्रै पानीका ठुला ठुला ट्याङ्कहरु खडा भएका देखिएका तर पनि त्यसबाट सप्लाई भइरहेको छैन। सवसियल पाइपहरुलाई नियमित  गर्न सकिएको छैन। त्यसबाट आउने जतिपनि चलाउने विद्युतको आपुर्ति नहुँदा जेनेरेटरहरु धेरै ठाँउमा विग्रेका कारणले कमसेकम खाने पानीलाई बजेट विनियोजन गरेर यो सुचारु गर्न निवेदन गर्न चाहन्छु।
- सरहदको वोर्डरको कुराको कुरा गर्न चाहन्छू। त्यसको नियमनकारी कार्य नभएको कारणले गर्दा बजेटमा जुन कुरो देखाथ्यो आय घटेको राजश्व कम उठेको देखाथ्यो, त्यो नियमनकारी प्रभावकारी नभएको कुरा उल्लेख गर्न चाहन्छु।
- पर्यटनको सन्दर्भमा केहि लगानी नगरी पर्यटक आफै आउन सक्ने अवस्था रहदैंन। धार्मिक पर्यटनको सन्दर्भमा वुद्धको मावली गाँउ र वुद्धको अस्ति घातु रहेको ठाँउको विकास गर्न सकियो भने वुद्धिष्टहरुलाई वुद्धिष्टलाई रामग्राम र पण्डितप जस्ता ठाउँका विकास गर्न सकिन्छ। जहाँसम्म अन्य टुरिजमको विकसित गर्ने कुरामा भवन मात्रै छन् उदाहरणका लागि रानीमहल। रानीमहल छ त्यसभित्र सुत्ने खाट, पकाउने भाँडाकुडा, पुराना कुराहरु राखेर त्यसलाई आकर्षक बनाउन सकियो भने पर्यटक अझ बढी आकर्षित गर्न सकिन्छ।
- सुशासनका लागि गरिएका प्रयासहरु त्यसको लागि उल्लेख गरियो तर यसको प्रभावकारिकताको लागि अनुगमनकारीलाई जबसम्म दण्डित गर्ने व्यवस्था गरिदैन तबसम्म यो प्रभावकारी हुन सक्दैन। हाम्रो  सबै विकासको वाधक समेत हुन जान्छ। सिद्धान्त र प्राथमिकताको कुरा धेरै हदसम्म सकारात्मक रहेको छ।

**<u>माननीय श्री विरेन्द्र प्रसाद महतो</u>**

- नेपाल सरकारको विनियोजन विधेयक २०८०मा धेरै सकारात्मक कुरा आएको छ। अहिलेका अवस्थामा आर्थिक स्थिति धारासाहि अवस्थामा पुगिसकेको बेलामा त्यसलाई कसरी उकास्ने, लयमा ल्याउने भन्ने कुरा प्राथमिकतामा रहेको छ र यो चुनौतिपुर्ण रहेको छ। हुनत नेपालको अर्थतन्त्र मात्र होइन विश्वभरी कोभिड पछि थलिएको अवस्था छ।

- विगत ५५ वर्षको इतिहासम नेपालमा आर्थिक वृद्धिदर ऋणात्मक वा ज्यादै सुस्त रहेको छ।
- चालु आर्थिक वर्षमा न्यून आर्थिक वृद्धि रहँदा रहँदै, राजस्व संकलन भने गत वर्षका तुलनामा ऋणात्मक बनेको छ।
- सरकारको मात्र होइन यो पुरा सिंगो सदनको प्राथमिकता सरकार बनाउने र गिराउने खेल होइन। आर्थिकमन्दिको कारण दिनदिनै बढ्दै गएको आत्मदाहको घटनाहरु रोक्ने प्रयास गर्नुपर्छ। आम नागरिकको संविधानले प्रदान गरेको जिवन जिउने अधिकार स्थापित गर्नुपर्छ।
- मानवजीवनमा जनशक्ति निर्यात गर्ने र अनुत्पादक चिजबिज, विलासिताका सामानको आयात गर्ने होइन। आत्मनिर्भर अर्थतन्त्रको निर्माण सहित रोजगार यहि निर्माण गर्नुपर्छ।
- आहिलेको अस्तव्यस्त अर्थतन्त्र तथा आर्थिक मन्दीले थलिएको विजनेस, व्यवसायलाई सहि ट्याकमा ल्याएर आम जनजीवनलाई सामान्य अवस्थामा ल्याउनु अहिलेको सिद्धान्त र प्राथमिकतामा हुनुपर्छ।
- सरकारका हरेक सेवा सुविधाहरु सूचना प्रविधिमार्फत छिटो, छरितो ढङ्गबाट गेर्ने व्यवस्था हुनुपर्ने।
- देशबाट पलायन भइरहेका जनशक्तिलाई देशमानै सदुपयोग गर्नु अहिलेको आवश्यकता हो।
- साना तथा मझ्यौला उद्योगलाई अझ बढि प्राथमिकतामा राखेर काम गर्नुपर्दछ।
- कृषि, पर्यटनक्षेत्र अहिलेको आत्मनिर्भर अर्थतन्त्र निर्माणको एउटा अपरिहार्य क्षेत्र भएको हुँदा कृषि क्षेत्रको औद्योगिकिकरणमा लगानी बढाउनुपर्ने देखिन्छ।
- सरकारले आम जनताको स्वास्थ्यलाई पहिलो प्राथमिकतामा राखुपर्ने हुन्छ ।

**<u>माननीय श्री शेर बहादुर कुँवर</u>**

- विग्रिएको अर्थतन्त्र र अर्थतन्त्रको क्षेत्रमा भएको नैराश्यतालाई आशामा परिणत गर्नका लागि अहिले हाम्रा अगाडि धेरै चुनौतिहरु छन्। यो चुनौतिको सामना गर्ने गरी हामीले आगामी वर्षमा आर्थिक गतिविधि अगाडि बढाउनुपर्नेछ।
- मुख्यत हाम्रो आर्थिक मेरुदण्डको रुपमा रहेको जल, जमिन र जडिबुटी र पर्यटन क्षेत्रलाई कसरी सुदृढ गर्ने, त्यो क्षेत्रमा लगानी कसरी भित्र्याउने र भएको लगानीलाई कसरी परिचालन गर्ने र पूँजी निर्माण कसरी गर्ने भन्ने कुरामा हामीले जोड दिनुपर्ने।

- बजेट दिगो, फराकिलो, समावेशी, आर्थिक वृद्धि हासिल गर्ने, रोजगारीका अवसर बढाउने, सुशासनको प्रवर्द्धन गर्ने जस्ता विषय यो प्राथमिकता र सिद्धान्तमा समेटिनु सकरात्मक पक्ष हो।
- आर्थिक वर्षको अन्त्यमा हुने टालटुले विकासबाट मुक्त हुनेगरी बजेट ल्याउनुपर्ने।
- हाम्रा उत्पादनका साधन सक्रिय बनाउदै हाम्रा गतिविधिलाई अगाडि बढाउन गम्भिर हुनुपर्ने।
- स्वदेशी तथा विदेशी लगानी परिचालन गर्नको लागि उचित वातावरण तयार गर्न ध्यान दिनुपर्ने।
- संघीयता सबलीकरण गर्नका लागि तीनै तहको सरकारबीच समन्वय र सहकार्य गर्ने विषय उठाइएको छ तर सुशासन र अनुगमन, नियमनका विषयमा मौन हुन नहुने। स्थानीय तह प्रदेश तह सबै ठाँउमा सुशासनलाई प्राथमिकता दिनुपर्ने, भएका गतिविधिलाई अनुगमन र नियमन गर्ने।
- कृषिक्षेत्रलाई प्राथमिकिकरणमा राखिएको छ तर मल बिउको अभाव छ। कृषिकाक्षेत्रमा मल बिउको अभावमात्र भन्नु भन्दा पनि मल बिउको उत्पादन हाम्रै देशमा गर्नुपर्ने कुरालाई प्राथमिकतामा राख्नुपर्ने।

**<u>माननीय श्री उदय शमशेर ज.ब.रा.</u>**

- हाम्रो नेपालको अर्थतन्त्रमा वितरणमुखी कार्यक्रमहरु धेरै छ। फजुल खर्च धेरै छ। हाम्रो अर्थतन्त्रको झण्डै ४% वितरणमुखी कार्यक्रममा खर्च छ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम, प्रधानमन्त्री कृषि योजना, युवा स्वरोजगार कोषहरुमा रिभिजिट गर्नुपर्ने छ।
- प्रक्रिया नपुर्‍याई आएको योजनालाई कटौती गर्नुपर्छ। अरु प्रक्रिया पुर्‍याएर आएको आयोजना कटौति गर्नुहुदैन।
- नेपाल सरकारले बनाएको सडक योजना जुन नेपाल सरकारकै पैसामा बन्ने वाला छन्। जुन योजना नियमित रुपमा अगाडि बढिरहेको छ त्यसको सिलिङ्ग घट्न नहुने।
- सरकारको आम्दानी र खर्च बिच अत्यन्तै ठुलो gap भएपनि फजुल खर्च घटाउन वा Soft loan लिन समेत हिच्किच्याउन नहुने।
- पूँजीगत खर्च बढाउन ध्यान दिनुपर्ने।
- भन्सार टाइट गर्नुपर्ने, बोर्डर पनि टाइट गर्नुपर्ने जसले अहिले न्यून रुपमा उठिरहेको राजस्व बढ्न जाने हुन्छ। Illegal च्यानलबाट भारतबाट सामान भित्रिने क्रम रोक्नुपर्ने।

- Monetary policy अलिकति लुज गर्नुपर्ने।
- स्वदेशी लगानी र विदेशी लगानीमा रहेका समस्या समाधान गर्न भन्सार, कर र राजस्व उठाउन Target दिएझै उद्योग मन्त्रालयमा पनि Target दिँदा विदेशी लगानी बढाउन सकिन्छ भन्ने कुरा सोच्नुपर्ने।

<u>माननीय श्री गोकुल प्रसाद बाँस्कोटा</u>

- विनियोजन विधेयक २०८० को सिद्धान्त र प्राथमिकताको फेहरिस्तमा समाजवाद भन्ने शब्द कहि कतै नदेखिएको Policy Departure भएको।
- सुरक्षित आवासको योजना राखेको राम्रो हो।
- सरकारी क्षेत्रलाई नियमन गरेर मात्र नहुने। साँवा नतिर्ने र ब्याज नतिर्ने अवस्थाका कारण खोजिनुपर्ने।
- आर्थिक क्षेत्रमा देखिएको अराजकताको अन्त्य गर्ने, पूँजी निर्माण र पूँजीको परिचालनमा सहकारीको भूमिका बढाउनुपर्ने।
- अर्थतन्त्रलाई चलायमान बनाउन अर्थमन्त्रालय, उद्योग मन्त्रालयको भूमिका बढाएर सरकार अघि बढ्नुपर्ने देखिन्छ।
- सुशासनको सम्बन्धमा डिजिटल Economy को कुरा गरिएको तर यो सरकार चलेको २२/२४ महिनामा पनि डिजिटल हस्ताक्षर गर्ने सम्बन्धी कानून पास नभएको सरकारी निकायमा समेत कार्यान्वयनमा आउन नसकेको अवस्था छ।
- सिद्धान्त र प्राथमिकतामा विशिष्ट केहि नभएको, प्राथमिकता नभएको जनरलाइज मात्र गरिएको।
- भुक्तानी सन्तुलन गर्ने कुरा उल्लेख नगरिएको।
- कृषि क्षेत्रमा उत्पादनको आधारमा अनुदानको व्यवस्था गर्नुपर्ने।
- जसले जति उत्पादन गर्छ त्यसको आधारमा दोब्बर अनुदान दिने व्यवस्था गर्नुपर्ने।
- सिँचाइको निम्ति मझ्यौला ठुला साना सिँचाइको आयोजनाको लागि व्यवस्था गर्नुपर्ने।
- जलवायुजन्य जोखिममा सरकारले राहतका लागि बाली बिमाको व्यवस्था गर्नुपर्ने।
- औद्योगिकीकरणका लागि जमिन र पूर्वाधारको व्यवस्था सरकारबाट हुनुपर्ने।

**<u>माननीय श्री रणेन्द्र बराली</u>**

- विनियोजन विधेयक २०८० को सिद्धान्त र प्राथमिकताको विषयमा छलफल गर्न उभिरहँदा दलित समूदायको र उत्पीडनको अन्त्य गर्ने सम्बन्धी राष्ट्रिय सभाबाट पारित सङ्कल्प प्रस्ताव नेपाल सरकारलाई कार्यान्वयका लागि निर्देशनको रूपमा गैसकेको १९ बुँदालाई मध्य नजर गरी बजेट विनियोजन गरियोस्।
- जनसंख्या र मानव विकासको सूचकांको आधारमा नेपालका दलित समूदायलाई सिंगो बजेटको निश्चित प्रतिशत किटानिका साथ गर्नुपर्ने।
- दलित समुदायको अत्थानको लागि निश्चित बजेटको तर्जुमा होस्।
- शिक्षण संस्थामा उनीहरूलाई अवसर दिई वैज्ञानिक र आधुनिक रूपले सीप सम्पन्न गराउन उपयुक्त नीतिको व्यवस्था गरिनुपर्ने।
- सिर्जनात्मक, रचनात्मक खालका कामकारवाहीमा बजेट विनियोजन हुनुपर्ने।

**<u>माननीय श्री शिशिर खनाल</u>**

- विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सामान्य अवस्थामा आए जस्तो देखिन्छ। चालू आ.व मा लक्ष्य गरेको कुनै पनि लक्ष्य हाँसिल हुन सक्ने नदेखिएको, नेपाल सरकारको आम्दानी भन्दा खर्च ३०० अर्ब भन्दा बढी रहेको, कर्मचारीहरुले तलब नपाएको गुनासो रहेको, पेन्सन नपुगेको चालु आ.व.मा नै मन्त्रालयको खर्च २०% कटौती गरेको अवस्थामा आगामी बजेटले कुन सिद्धान्त लिन खोजेको स्पष्ट हुन नसकेको।
- विस्तारकारी बजेटका बाटोमा जाने हो भने आधार स्पष्ट नभएको र संकुचनकारी बजेटको बाटोमा जाने हो भने सरकार।
- गुणस्तरीय शिक्षा प्रवर्द्धन गर्ने खालको आगामी नीति तथा कार्यक्रम र बजेटको व्यवस्था गर्ने सिद्धान्त, प्राथमिकता हुनुपर्ने।

**<u>माननीय श्री रोसन कार्की</u>**

- शिक्षा, न्यायको क्षेत्र विभिन्न क्षेत्रमा हस्तक्षेप राजनीतिक दलहरूलाई भर्ति केन्द्र बनाएर विज्ञहरूलाई ल्यायो भने समस्याको समाधान हुने, भ्रष्टाचार न्यूनीकरण हुने।
- सिद्धान्त र कार्यान्वयनको तालमेल मिल्नुपर्ने।
- कृषिलाई प्राथमिकता दिन खोजिएको जस्तो छ। विषादीयुक्त उत्पादन बाहिरबाट ल्याउँ छौं, हामी नेपाली कृषकका उत्पादन बाटो, सडकमा फाल्न बाध्य हुनुपर्ने अवस्थमा छ। मल,

विउ कृषकलाई छैन। मल लुकेर, चोरेर ल्याउनुपर्ने बाध्यता छ। देशभित्रै उत्पादित कृषि उत्पादनको खपत हुने व्यवस्था गर्नुपर्ने।

- विद्युत उत्पादन स्वदेशमै गरी ग्यासमा बाहिर जाने पैसा रोकौं।
- शिक्षा र श्रम बेच्न जाने खालका दुवैलाई रोक्न विश्वविद्यालयहरूमा हस्तक्षेप रोकी विज्ञहरूलाई राखी गुणस्तरीय शिक्षाको प्रबन्ध गरौं।
- द्वन्द्वकालमा यौन हिंसामा परेका लगायतका महिलाकका लागि बजेटको व्यवस्था गर्नुपर्ने।

<u>माननीय श्री राजेन्द्र कुमार के.सी.</u>

- आर्थिक वर्ष २०८०/८१ को लागि बजेटका सिद्धान्त र प्राथमिकता स्वभाविक रूपले मुलुकको आर्थिक विकास र जनताको सुख शान्तिको लागि नै हुनुपर्छ र त्यो प्राप्त गर्न मुलुकको स्रोत, साधन कसरी परिचालन गर्न सकिन्छ भन्ने कुरा प्राथमिकतामा पर्नुपर्ने, बजेट मुलुकले नहार्ने, पपुलिष्ट खालको र वितरणकारी बजेट हुन नहुने।
- रोजगारी सिर्जना गर्ने खालको Home stay, Hiking जस्ता पर्यटकलाई आकर्षिक गर्ने खालको पूर्वाधार निर्माण गरी पर्यटकलाई आकर्षण गर्नुपर्ने।
- मुलुकको साधन स्रोतको वास्तविक रूपमा पहिचान गर्न सकेमा मुलुक गरीब रहनुपर्ने अवस्था रहँदैन।
- हाम्रो रिसोर्स परिचान हुनुपर्छ सोही रिसोर्सको अधिकतम परिचालन गर्ने तर्फ ध्यान दिनुपर्ने।

<u>माननीय श्री सूर्य बहादुर थापा क्षेत्री</u>

- विनियोजन विधेयक २०८० को माननीय अर्थमन्त्रीले राख्नु भएको सिद्धान्त र प्राथमिकता पहिल्यै समितिमा छलफल हुने होला भन्ने लागेकोमा सो हुन नसकेको,
- सिद्धान्त र व्यवहार, नीति र कार्यक्रमबीच तादात्म्यता नभएको।
- प्राथमिकताको क्रम बढता पनि सनातन भजन जस्तो भएको अर्थव्यवस्था Target based हुनुपर्ने। खेतीयोग्य जमिन भएनि मलखाद, सिंचाई छैन। उत्पादन गर्ने जनशक्ति छैन भने अर्थतन्त्रमा प्रगति ल्याउन नसकिने।
- उपभोग्य वस्तुको आयातमा निरन्तर र डरलाग्दो वृद्धि छ त्यसलाई रोक्ने, नियन्त्रण गर्ने, मार्गदर्शन गर्ने नीति, राजस्व बढाउने, सरकारी खर्च घटाउने। ठोस मार्गदर्शन नभएको रोजगारी बढाउने संकल्प नभएको, गरिवी घटाउने नीति, सिद्धान्त, निवारण गर्ने उपाय नभएको, व्यापार घटाउने Target based नभएको अवस्था देखिएको।

- साँचो अर्थमा हुने सुशासनबाट मात्र आर्थिक अवस्था सुदृढ हुने।

**<u>माननीय श्री उर्मिला माझी</u>**

- नीति र कार्यान्वयन बीच तदात्म्यता कायम हुनुपर्ने।
- आर्थिक चुनौती सामना गर्दै समाजमा सुशासन कायम गर्ने, दिगो विकासका निम्ती काम गर्नुपर्ने। दिगो विकास र सुशासन कायम हुननसक्नुको कारण भ्रष्टाचार रहेको।
- साधारण खर्च र प्रशासनिक खर्च घटाएर विकास सुशासनमा लगाउनुपर्ने।
- बजेट कनिका छरेझै नगरी रणनीतिक महत्वका योजनामा केन्द्रित गरिनुपर्ने।
- अनियमति र अनियन्त्रित मूल्यवद्धि घटाउनुपर्ने।
- विदेशी आयातलाई निरूत्साहित गरी स्वदेशी उत्पादनलाई प्रोत्साहित गर्ने।
- कर प्रणालीलाई पुन विचार गर्ने।
- बनेका कच्ची सडक पिच गर्ने।
- डोजरे विकासका मोडेल परिवर्तन गरी स्वरोजगारमूलक व्यवसायलाई राज्यबाट सहयोग र प्रोत्साहन गर्ने।
- गुणस्तरीय शिक्षा र स्वास्थ्यमा लगानी गरी निशुल्क गर्ने।

**<u>माननीय श्री सुमना श्रेष्ठ</u>**

- बजेटको सफलताको मूल्याङ्कन लगानी भएको आधारमा नभई खर्चका उपयोगिता उत्पादनमुखी र परिणाममुखी भए नभएको आधारमा हुनुपर्ने।
- बजेटको सिद्धान्तमा institutional memory को अभाव रहेको देखिएको पहिलेको कार्यक्रम किन हटाउने र नयाँ कार्यक्रम प्राथमिकता राख्ने हो भने किन राख्ने भन्ने कुरा स्पष्ट हुनुपर्ने।
- तीन तहको सरकार बीच समन्वय हुने नगरेको संघीय मन्त्रालय बीच समयमा समन्वय हुने नगरेको।
- सामाजिक सुरक्षाका कार्यक्रम एकीकृत गरिनुपर्ने।
- प्रविधिको उपयोग गर्ने जनशक्तिको व्यवस्था गरेर मात्र प्रविधिलाई अवलम्बनका लागि संरचनामा लगानी गर्नुपर्ने।

**<u>माननीय श्री प्रदिप पौडेल</u>**

- कानुनको स्रोत बजेट भएको बजेटको प्रभावकारी कार्यान्वयन भयो भने मात्र कानुनी राज्य भएको महसस हुन सक्छ। बजेटमा सबै समावेश गर्ने कुरामा भूमिका खेल्नुपर्ने।
- सिद्धान्त र प्राथमिकता पुनसंरचना हुनुपर्नेमा सो बमोजिम हनु नसकेको।
- उच्च आयातले मुलुक थिलथिलो भएको विगत वर्षदेखि नै दिगो फराकिलो एवम् समावेशी आर्थिक वृद्धि हासिल गर्ने भनिएपनि सो बमोजिम हुन नसकेको, निर्यात बढाउने तथा आयात प्रतिस्थापन गर्ने भने पनि आयात झन्-झन् बढदै गएको , व्यापार क्षेत्रको असन्तुलनले झन् जोखिम बढाएकोले आत्म निर्भर अर्थतन्त्र निर्माण गर्न तर्फ आगामी बजेट निर्माण गर्नेतर्फ परिलक्षित हुनुपर्ने।
- सामाजिक सुरक्षाको कार्यक्रमलाई औपचारिक क्षेत्रमा कार्यरत श्रमिकसम्म विस्तार गरिनुपर्ने।
- सामाजिक सुरक्षा र आर्थिक सहायता गर्नुपर्ने।
- निजी क्षेत्रको मनोवल अभिवृद्धि गर्ने उचित व्यवस्था हुनुपर्ने।
- विदेशी लगानी आकर्षित हुने अवस्था र स्थिति सिर्जना गर्नुपर्ने।
- सिद्धान्त र प्राथमिकताको १२ नम्बरमा रहेको कृषिको सन्दर्भमा आगामी आर्थिक वर्षमा आधारभूत कृषि उत्पादनमा आत्मनिर्भर हुने।
- आगामी ५ आर्थिक वर्षमा कृषिमा पूर्ण आत्मनिर्भर भइ निर्यात गर्न सकिने अवस्थामा पुग्ने गरी कृषिलाई पुनसंरचित गर्नुपर्ने।
- आत्मनिर्भर हुन चाहने कृषि उपजमा उत्पादनमा आधारित अनुदान प्रणाली लगू गर्नुपर्ने।
- हाम्रा कृषि उत्पादनका patent right गुमाउन गइरहेको सन्दर्भमा यसको संरक्षणमा थप प्रयास हुनु पर्ने।
- रासायनिक मलको देशमै उत्पादन गर्ने व्यवस्था गर्नुपर्ने यसो नभएमा G to G प्रणालीबाट आयातमा सहजता ल्याउनुपर्ने कृषि उत्पादनलाई उद्योग सरह मान्यता दिनुपर्ने।
- Agro Tourism को व्यवस्था हुनुपर्ने।
- उद्योग दर्ता लगायत प्रकृयामा रहेको झन्झट हटाई सेवाप्रदायक र सेवाग्राहीको पहिचान Digital प्रविधिको प्रयोगबाट हुने व्यवस्था गरी निजी क्षेत्र उद्योग प्रशासनमा सुधार गरिनु पर्ने।
- युवालाई उद्यम तथा व्यवसायमा लाग्न सबै business incubation center को व्यवस्था गर्नुपर्ने।

- विश्वविद्यालयमा हुने राजनीतिक नियुक्ति अन्त्य गरी स्वचालित र प्रतिष्पर्धात्मक ढङ्गबाट पदाधिकारी नियुक्त गरिने बाध्यकारी व्यवस्था गरिनुपर्ने।
- वैज्ञानिक अनुसन्धन तथा आविश्कार लगानी बढाउनुपर्ने।
- देशमा नै सुविधासम्पन्न विशिष्टिकृत अस्पताहरू स्थापन गरी विदेश उपचारका लागि जानुपर्ने वाध्यात्मक अवस्थाको अन्त्य गर्नुपर्ने।
- विपन्नलाई निःशुल्क स्वास्थ्य बीमाको व्यवस्था गर्नुपर्छ।
- युटिलिटी करिडोर निर्माण गर्ने कानुन बनाउनुपर्ने।
- Hybrid NUT, ham उपयोगमा ल्याई ठुला पूर्वाधारमा निजी क्षेत्रको संलग्नतालाई वृद्धि गरिनुपर्ने।
- जलविद्युतको खपत बढाउने नीति ल्याउनुपर्ने।
- देशमा जङ्गल बढेको, निजी जमिनमा जङ्गल हुर्केको अवस्थामा काठको आयात विदेशबाट हुने व्यवस्थाको अन्त्य गरिनुपर्ने।
- Start Up Business लाई प्रवर्द्धन गर्ने नीति लिनुपर्ने।
- नेपाललाई भारत र चीनको व्यापारिक साझेदार, सहजकर्ता र ट्रान्जिटको रूपमा विकास गर्नका लागि सम्बन्ध विस्तार तथा पूर्वाधारको विकास गर्नुपर्ने।
- देशलाई Land Line को रूपमा लिई उदयमान अर्थतन्त्रको लाभ लिन अधिकतम तयारी गर्नुपर्ने।
- सीमाको नियमित निगरानी गर्न सकिने गरी सीमा व्यवस्थापन गर्ने स्थिती निर्माण गर्ने।
- वैदेशिक रोजगारीमा जानेलाई सीप, तालीमको व्यवस्था गर्ने।
- सहकारी क्षेत्रको लगानी उत्पादनमूलक क्षेत्रमा हुर्ने व्यवस्था गर्नुपर्ने।
- वित्तीय संघीयतालाई वैज्ञानिक ढंगले लागू गर्ने व्यवस्था गर्ने।
- सार्वजनिक यातायातको क्षेत्रमा विशेष कानूनी व्यवस्था गर्नुपर्ने।
- पुँजीगत खर्च बढाएर शतप्रतिशत खर्च हुने स्थिति निर्माणको लागि कानुन निर्माण गरिनुपर्ने।

**माननीय श्री भगवती चौधरी**

- नेपालको अर्थतन्त्र आयातमुखी छ, निर्यात मुखी नभएको।
- थोरै मात्रामा छुटयाइएको पुँजीगत खर्च समेत वास्तविक रूपमा सहि तरिकाले खर्च गर्ने स्थिति नभएको।

- स्वरोजगारी सिर्जना गर्ने हो भने province wise target लिनुपर्ने।
- अर्थतन्त्रलाई चलायमान गराउन आवश्यक व्यवस्था गर्नुपर्ने।
- गरिब विपन्नमुखीको लागि कुनै व्यवस्था नभएको।
- व्यवहारिक रूपमा कार्यान्वयन योग्य कार्यक्रम ल्याउनुपर्ने।
- भ्रष्टाचार न्यूनीकरणका लागि यसबाट Bech marking गर्ने व्यवस्था हुनुपर्ने।
- रणनीतिक सडकहरू योजनाहरू रोकिनु नहुने।
- पर्यटक धेरै भित्र्याउने नीति लिनुपर्ने।

**<u>माननीय श्री हितबहादुर तामाङ्ग</u>**

- विनियोजन विधेयकको सिद्धान्त र प्राथमिकताबाट आगामी नीति कार्यक्रमका बारेमा दिशा तय गर्ने।
- प्राथमिकता र सिद्धान्त नेपालको संविधान, संयुक्त सरकारको प्राथमिकता तथा त्यसको न्यूनतम साझा नीति कार्यक्रमका प्रावधान बमोजिम आएको।
- कृषिलाई अर्थतन्त्रको मेरूदण्डको रूपमा राखिएको। यसलाई सवलीकरण मार्फत रोजगारी सिर्जना गर्ने हो भने यसलाई विचौलिया मुक्त बजारको सुनिश्चितता गर्नुपर्ने।
- शिक्षामा बालबालिकाको पहुँच बढाउने।
- स्वास्थ्यमा नागरिकहरूको पहुँच बढाउने भनिएपनि सो बमोजिम गर्ने ति क्षेत्रका व्यापारीकरण रोक्नुपर्ने।
- संघीयतालाई सवलीकरण गरिनुपर्ने।

**<u>माननीय श्री डा. आरजु राणा</u>**

पहिलो सुझाव

Revenue पनि Increase हुने, सुशासनको लागि बजेट खर्च हुने मन्त्रालय जस्तै गृह, रक्षा, शहरी विकास, खानेपानीका vendors थाहा पाउनुपर्‍यो।

- Supply कसले र के %(percentage) मा गरिरहेको छ।
- Open Transparency होस् र Profit Motive ले संचालन भएकोले nobody does business to make a loss
- Tax नेपालमै तिर्ने व्यवस्था होस्।
- Good governance लाई increase गर्न transparency मा जान अनुरोध,

दोस्रो सुझाव

- भौतिक पूर्वाधार निर्माण सम्बन्धमा ठेकेदारले Bank बाट सिधै १-२% Loan को व्यवस्था होस् र margin पनि Bank बाट नै लियोस्।

तेस्रो सुझाव

- जलवायु परिवर्तनको Funding सम्बन्धमा एउटा Mechanism बनाउन पर्दछ।
- CSR(Corporate Social Responsibility) अन्तर्गत जम्मा भएको पैसा, startup र रोजगारी को प्राथमिकता अनुसार यो पैसा बाडोस् र Board मा पैसा तिर्ने कम्पनी, बैंक र सम्बन्धित मन्त्रालयको प्रतिनिधिहरुको Board of Directors होस्।
- Liberal Economy को आधारमा Asset Monetization गर्यौं। 600 billion rupees public sector मा हालेका छौं र यसबाट Revenue जम्मा ३% आएको छ।
- Revenue बढाउने उपाय गर्नुपर्ने,
- महिलामैत्री बजेटको सिद्धान्त अनुरुप महिलाहरुको स्वास्थ्य sector ध्यान दिनुपर्ने
- Electricity, induction चुलो, Digital Economy को साथै cyber security पनि हुनुपर्ने।

<u>माननीय श्री सुनीता बराल</u>

- सैद्धान्तिक पक्षहरुमा धेरै विषय समेट्न खोजिएको छ।
- विशिष्टकृत गरेको पाइदैन।
- सार्वजनिक सेवा प्रशासनको पुनर्संरचना गरी आर्थिक भार कम गर्ने तर्फ ध्यान जान जरुरी,
- पूँजीगत खर्च श्रोत अनुदान र बाह्य ऋणमा जस्तो अनिश्चित श्रोतमा आश्रित भएर खर्च गर्न कति सम्भव होला।
- तथ्यमा आधारित भएर नीति कार्यक्रम बनाउन अनुरोध।
- कृषिक्षेत्रलाई प्रमुख प्राथमिकताको क्षेत्रमा राखी परनिर्भर नबनाउ, कृषिलाई आवश्यक मलखाद उत्पादन गर्ने उद्योग देशमानै स्थापित गर्ने भनिरहदा प्राङगारिक मलको बारेमा पनि विचार गर्नु आवश्यक छ जसले दिर्घकालीन समस्या समाधानको बाटो अवलम्वन गर्न सक्छ
- भूमि आयोगको कामको बारेमा ध्यानाकर्षण गर्ने।
- एकिकृत वस्ती बनाई वस्तीलाई व्यवस्थापन गर्ने र उत्पादनमूखी जमीनलाई उत्पादनसँग जोडेर गयौं भने थप व्यवस्थित गर्न सक्छौं।

- शिक्षा क्षेत्र  देशको मेरुदण्डको रुपमा रहेकोले शिक्षक पेशालाई सबैभन्दा सम्मानित र सबैभन्दा आकर्षक पेशाको रुपमा बनाउन जरुरी छ।
- प्राविधिक शिक्षालाई प्रवर्द्धन गर्ने नीति लिँदापनि ति प्राविधिक शिक्षालयहरु बन्द भएका छन् र त्यससँग सम्बन्धित शिक्षा र रोजगारका ढोका पनि बन्द हुँदा आगमी नीति कार्यक्रममा यसलाई विशेष महत्वका साथ विशिष्टिकृत रुपमा मैले ध्यानाकर्षण गराउन चाहन्छु।
- व्यापारघाटा कम गर्न निर्यातका वस्तुको प्राथमिकिकरण जरुरी छ, नेपाली मौलिक उत्पादन र कृषिजन्य उत्पादनलाई अनुदान र निर्यात गर्ने कुरामा विशेष प्राथमिकताका साथ अगाडि बढाइयोस्।
- नीतिगत समन्वय कायम गरी एकै प्रकृतिका कार्य जस्तै कर्मचारी संचय कोषको, नागरिक लगानी कोषको, सामाजिक सुरक्षा कोषको एकीकरण गर्ने, एकैखालका सेवालाई एकीकृत गरी बजेटलाई व्यवस्थित गर्ने योजना बनाइयोस्।

**<u>माननीय श्री सञ्जय कुमार गौतम</u>**

- आर्थिक संकटको परिस्थितिलाई हामी सबै मिलि नयाँ ढङ्गले लैजानुपर्दछ।
- ठुलो कुरा नगरी, हामीहरुले सुशासनको प्रत्याभूति दिन सक्नुपर्दछ।
- खर्च कटौती प्रति हामी गम्भीर रुपले सोचिरहेका छैनौं।
- मुलुकले संघीयताको खर्च बेहोर्न सक्दैन ।
- देशको विकासको मोडेल तयार गर्नुपर्ने।
- Agriculture र Tourism  को ठोस कार्यक्रम आउनुपर्ने।
- राष्ट्रिय गौरव आयोजनको ceiling काट्न पाइदैंन।
- कृषि अनुदानमा भएको दुरुपयोग डर लाग्दो छ त्यसकारण उत्पादनमा अनुदान दिने नीति लिएर आऊ।
- पर्यटन हाम्रो आधार स्तम्भ हो आर्थिक समृद्धिको। धार्मिक पर्यटनका लागि हाम्रो लागि हाम्रो भाषा, संस्कृति र धर्मको संरक्षण गर्नुपर्दछ र बजेटको संशोधन हुनुपर्दछ।
- Connectivity मा सरकारले बनाउँदा अन्य संरचना Private sector ले गर्ने।
- Wild Life Tourism मा ध्यान दिनुपर्दछ।
- उर्जा क्षेत्रमा विशेष ध्यान दिनुपर्दछ।

**माननीय श्री विजुला रायमाझी**

- कृषिजन्य वस्तुको उत्पादन, संरक्षण र भण्डारणमा पर्याप्त बजेट विनियोजन गर्नु आवश्यक छ।
- स्वास्थका लागि अस्पतालमात्र नभई विषादी रहित खाद्यान्न उपज उपलब्ध गराउन कृषि ऐन जरुरी छ।
- नेपाली कृषि उत्पादनका बजार व्यवस्थापन र मूल्य नपाएर, आयातित विषादी युक्त उत्पादनले ल्याउने स्वास्थ्य समस्या समाधानका लागि ठोस योजनासहित  बजेट विनियोजन गर्न विशेष ध्यानाकर्षण।
- पृष्ठ ६ को १२ मा उल्लेख भएको योजना कार्यान्वयन होस्, कार्यकर्तामुखि बजेट नबनोस्।
- दिगो विकासको बजेट विनियोजन गर्दा प्राथमिकताका आधारमा योजना वर्गिकरण गरी बजेटको व्यवस्थापन गरियोस्।
- सरकार परिवर्तनले जनताको शान्ति सुरक्षा, शिक्षा, स्वास्थ्य, रोजगारमा प्रत्यक्ष प्रभाव रोकियोस्।
- कृषि ऐन, शिक्षा ऐन र स्वास्थ्य ऐन बनाएर सरकार अगाडि बढोस्।
- आर्थिक मन्दीलाई कारण बनाएर समूह केन्द्रित बजेट नबनोस्।
- ७७ वटै जिल्लालाई व्यवहारिक र न्यायिक हिसाबले सम्वोधन हुने गरी बजेट आउने अपेक्षा
- पृष्ठ १०, २१ नं आर्थिक एंव सामाजिक विकासमा महिलाको योगदानको सम्मान गर्ने महिला उद्यमशिलता र रोजगारी प्रवर्द्धनम एकल महिलाहरुलाई पनि आयआर्जन र सीपमूलक कार्यक्रमको ठोस योजना सहित बजेटमा प्रस्तुत गर्ने जोडदार माग।
- नेपालमा बसेर केहि गर्छौं भन्ने युवाहरूका लागि ठोस योजना ल्याउनुपर्ने।

**माननीय श्री रामकृष्ण यादव**

- देशमा देखिएका तत्कालिन, आल्पकालीन र दिर्घकालीन समस्या समाधानको नीति अपनाउन आवश्यक छ।
- देशको आर्थिक अवस्था कमजोर छ भनी पन्छिने सुविधा हामीलाई छैन।
- धनी  र गरीबबीचको खाडल घटाउन आवश्यक छ।
- एक परिवार र एक रोजगारको आवश्यकता छ।

- नेपालीको आर्थिक उन्नती र हरेक नेपालीलाई सुखी बनाउनका निम्ति पढाउने, औषधी उपचार, लुगा लगाउने र खाने व्यवस्था अनिवार्यरुपमा वर्तमान बजेटमा व्यवस्था गर्न आवश्यक छ।
- मधेश प्रदेश कृषिमानै आधारित भएको हुँदा तराईं मधेशमा एउटा कृषि विश्वविद्यालय स्थापना गरियोस्।
- राजस्व र भ्रष्टाचारलाई कडाईकासाथ नियन्त्रण गर्न आवश्यक छ।
- पूँजीगत खर्चको बजेट पूर्ण रुपमा खर्च हुन नसकेको।
- हाम्रो अर्थतन्त्रनै आयातमुखी भएकोले यसमा परिवर्तन नगरी व्यापार घाटा तत्कालै घटाउन कठिन छ।
- कृषि क्षेत्रको कार्यक्रमलाई पुनर्संरचना गर्न आवश्यक छ। रासायनिक मलको व्यवस्था गर्न तत्काल आवश्यक छ। कृषिको आधुनिकीकरण र व्यवसायीकरण गरी कृषि उत्पानलाई केन्द्रमा राखेर मल, विऊ, सिँचाई, पूँजी र भूमिसँग सम्बन्धित विषय समेटि एकीकृत र समन्वयात्मक कार्यक्रम संचालन गर्न आवश्यक छ।
- रासायनिक मलको कारखाना संचालन गर्न अत्यन्त आवश्यक छ।
- कृषिमा संलग्न युवालाई देशभित्रै रोजगारीका उचित अवसर सृजना गर्न बजेटमा व्यवस्था गर्न आवश्यक छ।
- जनसंख्याको आधारमा शिक्षकको व्यवस्था गर्नुपर्दछ।
- शिक्षा, स्वास्थ्य, खानेपानी नागरिकका लागि अति आवश्यक कुरा हो त्यसकारण सो को व्यवस्थापनको आग्रह।
- २०८० को बजेटमा सबै प्रकारको विभेद, असमानता, कुरीति, शोषण र अन्यायको अन्त्य गर्ने किसिमको व्यवस्था हुनुपर्यो।
- कमला नदीको दुवै किनारामा पक्कि बाँधको व्यवस्था गरियोस्।

**<u>माननीय श्री ऋषिकेश पोखरेल</u>**

- हाम्रो मौलिकता र आवश्यकता थाहा पाई त्यसलाई नै प्राथमिकतामा राख्नुपर्यो।
- कार्यान्वयनको जवाफदेहिता र दण्ड सहितको कार्यक्रम ल्याउनुपर्दछ।
- सार्वजनिक खरिद ऐनलाई संशोधन गर्नुपर्दछ भन्ने यहाँ नबोल्दा कसरी कार्ययोजना अगाडि बढाउने? त्यसकारण त्यो विषय अगाडि बढोस्।

- आयातमा प्रतिस्थापन गर्ने वित्तिकै, वस्तुको उत्पादन र रोजगारीको वृद्धि अगाडि आउँछ। नेपाली चुल्होले ३ अर्ब आयात गरेछ, चुल्होमा चाहिने चिज ६ महिना पछि हामी आत्मनिर्भर हुने भन्ने योजना हामी ल्याउन सक्दैनौं?
- ३ खर्ब २० करोडको पेट्रोल आयात गरिएकोमा त्यसको ५०% घटाउने र विद्युतीय चुल्होको प्रयोग गर्न हामी भन्न सक्दैनौं?
- युवाहरुलाई रोक्ने, फर्काउने वा जहाँ छन् त्यही सुरक्षाको प्रवन्धको विषयमा हामी किन बोल्न सक्दैनौं?
- प्राथमिकताको यो विषय वस्तु देखिएन , कम्तिमा सङ्केत त गरौं।
- वोर्डर सुरक्षामा ध्यान दिनुपर्ने।
- सन्तुलिन विकास - मन्त्रीका क्षेत्रमा ओखाई पोखाई बाँकी क्षेत्रमा यसपाली हुने कि नाईं।
- नीजि क्षेत्रको बारेमा पनि यसले केहि भन्दैन।

<u>माननीय श्री राजु थापा</u>

- प्रतिकुल अवस्थामा पनि महत्वपूर्ण कुराहरु प्राथमिकतामा राख्नुभएको छ। यसलाई हामीले सफल कार्यान्वयन गर्न सकेनौं भने अहिले खसेको अर्थतन्त्रलाई माथि उठाउन सक्ने विश्वास लिन सकिंदैन।
- ५५ वर्षको इतिहासमा अहिले सबैभन्दा खराब अर्थतन्त्र देखिएको।
- नीति कार्यक्रम र बजेट बनाँउदा गाउँको किसान र देशको जनतालाई सम्झेर बनाउनुपर्ने
- नेपालको जल, जमीन, जवानी, जडिबुटी यी ४ ज को भरपुर सदुपयोग गरेर मात्र नेपालको अर्थतन्लाई माथि उठाउन सक्छौं।
- तिनै तहको सरकारले अनुत्पादक ठाँउमा बढी लगानी गरेका छौं। यसलाई विचार गर्नुपर्ने छ।
- बजेट अत्यन्तै महत्वकांक्षी ल्याउने तर सफल कार्यान्वयन गर्न नसक्ने कुरा विचारणीय छ।
- यथार्थ बजेट ल्याउनु भएको छ।
- राष्ट्रिय गौरव योजनाका बजेट नकाटियोस् जसले राष्ट्रिय पूँजीको निर्माण गर्दछ।
- कृषिमा आत्मनिर्भरताको सम्भावना छ-एक स्थानीय एक उत्पादनमा जोड दिऊँ।
- कृषिलाई आधुनिकिकरणसँग सँगै रोजगार सँग जोड्न सक्छौं र युवाशक्तिलाई स्वदेशमा ल्याउने वातावरण बनोस्।

**<u>माननीय श्री महेश बस्नेत</u>**

- यसले संकटापन्न देशको संकटापत्र अर्थतन्त्रलाई निकास दिने नयाँ नीति र क्षेत्रलाई प्रस्तुत गर्न सकेको छैन।
- कर्मचारी संयन्त्रलाई जिम्मेवार, खरिद ऐन सुधार र निर्माण व्यवसायीलाई बढी उत्तरदायी बनाउनुपर्ने अहिलेको आवश्यकता छ।
- पूँजीगत लगानी वृद्धि गर्न गैरआवसीय नेपालीहरुको सिप, पूँजी र प्रविधिका साथै विदेशमा गएका नेपालीबाट प्राप्त विप्रेषणलाई पूँजीमा परिणत गर्न नीति, विधि बन्नुपर्छ।
- सुशासन र सेवा प्रवाहमा सुधार गर्ने र अन्योलमा रहेको निजामती कर्मचारीलाई सहि ढङ्गबाट परिचालन गर्न संघीय निजामति ऐन बन्नु जरुरी छ।
- कृषिजन्य वस्तु जस्तै चिया, कफी, तरकारीलाई निर्यात गर्न निर्यात प्रवर्द्धन नीति, कार्यक्रम समावेश गर्नुपर्दछ।
- पशुपालन क्षेत्रमा नस्ल सुधारमा जोड दिई किसानलाई क्षतिपूर्ति र राहत दिने नीति कार्यक्रममा समावेश गर्नुपर्दछ।
- Hydrogen gas उत्पादन, प्रयोग र निर्यात बारे अध्ययन र अनुसन्धान गर्ने नीति कार्यक्रम बन्नुपर्छ।
- शिक्षालाई समयानुकुल, प्रतिस्पर्धी र व्यवसायिक बनाउने तर्फ काम गर्नुपर्छ।
- ठुला र रणनीतिक महत्वका भौतिक योजनामा मध्य पहाडी मदन भण्डारी र हुलाकी लोक राजमार्ग किन छुटेको हो? समावेश हुनुपर्ने।
- जनसंख्या र बसोबाससम्बन्धी नीति बन्नुपर्ने र जनसंख्याको असन्तुलित बसोबासलाई सन्तुलित गर्नुपर्ने।
- वन विकासको बाधक बन्नु हुँदैन। जनताहरु बाँदर, बदेल, हात्ति, मृगबाट पीडित भएका छन्। यसबाट बचाउने नीति बन्नुपर्यो।
- नेपालमा खेलिने सबै खेल र सम्बद्ध क्षेत्रलाई सन्तुलित ढङ्गबाट प्रोत्साहन र विकास गर्ने नीति बन्नुपर्यो।
- वित्तिय क्षेत्रलाई अनुशासित र प्रभावकारी बनाउन नियमन निकायलाई प्रभावकारी बनाउनु पर्ने
- बैंक तथा वित्तिय संस्थाहरुको ब्याज दर वाञ्छित सीमाभित्र राख्न हस्तक्षेप गर्न नीति अवलम्बन गर्नुपर्छ भन्ने सुझाव राख्न चाहन्छु।
- निर्वाचन क्षेत्र विकास कार्यक्रमलाई निरन्तरता दिन अर्थमन्त्रीज्यूलाई हार्दिक अनुरोध।

## मिति २०८० साल बैशाख २६ गते

**<u>माननीय श्री राजेन्द्र बजगाई</u>**

- पर्यटन उद्योगलाई प्राथमिकतामा राख्नुपर्छ।
- उर्जा क्षेत्रको विकास गर्नुपर्छ।
- Road comes first or education comes first? road comes first, बाटो भएमा मात्र विद्यार्थीहरु स्कूल जान सक्छन् ।

**<u>माननीय श्री प्रेम बहादुर मर्हजन</u>**

- कृषिलाई व्यवसायीकरण गर्ने, रासायनिक मलको सहज उपलब्धता गर्ने, भरपर्दो सिँचाई सुविधा वास्तविक किसानलाई कृषि अनुदान दिई कृषि उपजको भण्डारण गर्ने, cold store निर्माण गर्ने, बजारीकरणको व्यवस्था गर्न सके मात्र किसानको जीवनस्तर उकास्न सकिन्छ ।
- कृषि उत्पादनमा जोड दिने।
- काठमाडौं उपत्यकाका छिमेकी जिल्लाहरुबाट उत्पादन हुने तरकारी, फलफूललाई केन्द्रमा ल्याउन उपत्यका जोड्ने सडकलाई स्तरोन्नती गर्नुपर्छ ।
- रैथाने बाली, प्राङ्गारिक तथा प्राकृतिक प्रविधिमा आधारित खेतिलाई प्रोत्साहन गर्ने।
- काठमाडौं तराई जोड्ने फास्ट ट्र्याकको तीव्र रुपमा निर्माण सम्पन्न गर्नुपर्छ।
- काठमाडौ, भक्तपुर र ललितपुरका होमस्टेहरुलाई व्यवस्थित बनाई पर्यटन प्रबर्द्धन गर्न सकिन्छ ।

**<u>माननीय श्री बासुदेव घिमिरे</u>**

- वैज्ञानिक, वास्तविक र यर्थाथपरक ढङ्गले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट आउनुपर्दछ ।
- उपलब्ध प्राकृतिक स्रोतसाधनको भरपूर उपयोग गर्नुपर्दछ।
- चट्टानी श्रृंखलाको उत्खनन् गरी निर्यात गरी व्यापार घाटा कम गर्नुपर्छ।
- विदेशी मदिरा आयातमा रोक लगाई स्थानीय मदिराको ब्रान्डिङ्ग गरी विश्वबजारमा नेपाली मदिरालाई पुऱ्याउनुपर्दछ।
- गाँजा खेतिलाई बैधानिकता दिने कामको सुरुवात गर्नुपर्छ।
- अनुत्पादक चालु खर्च घटाउनुपर्छ।

- पर्यटन प्रबर्द्धनका लागि लुम्बिनी विशेष समृद्धि कार्यक्रम लागू गर्नुपर्छ।
- निशुल्क शिक्षाको संवैधानिक हकको सुनिश्चितता गर्नुपर्छ।
- बैंक तथा वित्तीय संस्थाले लिने ब्याजदर एकल अंकमा ल्याउन आग्रह गर्छु।
- आगामी आर्थिक वर्षबाट राष्ट्रिय आत्मनिर्भर कार्यक्रम सञ्चालन गर्नुपर्छ ।

**<u>माननीय श्री सूर्यप्रसाद ढकाल</u>**

- विनियोजन विधेयक, २०८० सामन्तवादी, खुला उदारवादी वा समाजवादी सिद्धान्तमध्ये कुन सिद्धान्तको जगमा ल्याउन खोजिएको हो?
- कर्मचारीको २० प्रतिशत र शिक्षकको ५० प्रतिशत तलब वृद्धि गर्नुपर्छ।
- मध्यवर्ती क्षेत्रलाई खारेज गरी जिल्ला वन कार्यालयको मातहतमा ल्याउने काम गर्नुपर्छ।
- ग्याँसमा ६० प्रतिशत कटौती र विद्युतको प्रयोग ६० प्रतिशत गर्ने नीतिगत व्यवस्था गर्नुपर्छ।
- विदेशबाट तरकारी, फलफूल, माछामासु आयात गर्ने काम रोक्नुपर्छ।
- बाँझा जमिनहरुलाई उर्बर भूमिमा रुपान्तरण गर्ने योजना बनाउनुपर्छ।
- राष्ट्रिय गौरवका आयोजना र अन्य योजनामा हुने सेटिङ्ग र भ्रष्टाचार रोक्नुपर्छ।
- राष्ट्रिय गौरवका आयोजना सिक्टा र बबईलाई यसै आर्थिक वर्षभित्र सम्पन्न गर्नुपर्छ ।

**<u>माननीय श्री सम्झना थपलिया</u>**

- कृषि ज्ञान केन्द्रमा अनावश्यक र असम्बन्धित मानिस आएजस्तो व्यवहार गरिन्छ।
- सरकारले दिने सहुलियत अनुदान सहितको कृषि ऋण गैरकिसानको हातमा पर्छ।
- कृषि ऋण झिकेर मिटरब्याजमा लगानी गरेका छन्, ध्यानाकर्षण होस।
- वास्तविक किसान साहू महाजनको ऋणमा डुबेका छन्।
- कृषि र कृषकको उपेक्षाले देश आर्थिक रुपमा रोगी बनेको छ ।

**<u>माननीय श्री हर्कमाया वि.क.</u>**

- दलितहरुको विषयमा एउटा पनि कार्यक्रमलाई समावेश गरिएको छैन।
- समतामूलक समाज निर्माण भएमा मात्र विकासले सार्थकता पाउँछ ।

**<u>माननीय श्री प्रभु साह</u>**

- देश आर्थिक संकटको संघारमा पुगेको छ।
- सरकारले निर्धारण गरेको लक्ष्य पूरा हुन सकेको छैन, यो स्थितिको सही पहिचान गर्नुपर्छ।

- हामीले अपनाई रहेको शासन प्रणालीमा विचार गरौं।
- विदेश पलायन हुने अवस्था किन सिर्जना भइरहेको छ?
- जब हामी नागरिकहरुलाई मेरो देश भन्ने भावना जगाउन सक्दैनौं भने के आर्थिक वृद्धि सम्भव छ?

**<u>माननीय श्री विश्वप्रकाश शर्मा</u>**

- संसदको स्थिरताको जगमा मुलूकको समुन्नतीको खोजी गरौं।
- लगानीमैत्री वातावरण बनाउनुपर्छ।
- रेमिट्यान्सको १० प्रतिशत हाइड्रोमा लगाउनुपर्छ।
- निर्माण जगतको क्षेत्रमा सरकारले ८/८/८ घण्टाको काम गर्ने नीतिलाई अघि लिएर जानुपर्छ।
- मुस्कानसहितको सेवा होइन मुस्कान दिने सेवाका लगि राज्यले प्रेरित गर्नुपर्छ।
- राष्ट्र बैंकको समन्वयमा मौद्रिक नीतिमार्फत सरकारले बैंक र व्यवसायबीचको ब्याजदर केन्द्रित तनाबको सरकारले हल गर्नुपर्छ।
- आन्तरिक र बाह्य ऋणले debt trap मा पर्न नदिन मितव्ययी ढङ्गले बजेट निर्माण गर्नुपर्यो।
- लहडको भरमा कुनै पनि परियोजना अघी सारिनुहुदैन, विज्ञहरुले प्रक्षेपण, विश्लेषण र मूल्याङ्कन गरेको जगमा मात्रै बजेटमा समाहित गर्नुपर्छ ।
- बजेटको आकार घटाउने भन्दा पूँजीगत खर्च बढाएर जान सक्ने कानून, नीति र रणनीति तर्जुमा गर्नुपर्छ।
- व्यापार घाटा न्यून गर्दै जान विद्युतको उत्पादन, उपभोग र व्यापारको वृहत्तर योजना तयार पार्ने।
- कृषिमा युवापुस्तालाई आर्कषण गर्ने योजना र कार्यक्रम बनाउनुपर्छ।
- भ्रष्टाचार नियन्त्रणमा कठोरता राख्नुपर्छ।
- उपादेयता नदेखिएका विभाग र सार्वजनिक संस्थानहरु खारेज गर्नुपर्छ ।

**<u>माननीय श्री गोकर्ण विष्ट</u>**

- स्थिर पूँजी घटिरहेको छ, ऋण बढी रहेको छ ।
- लगानी लगातार अनुत्पादक क्षेत्रमा वृद्धि भइरहेको अवस्था छ ।
- राजस्वले साधारण खर्चसमेत धान्न सकेको छैन ।
- आर्थिक शिथिलता र मूल्य वृद्धिको चर्को प्रभाव विपन्न वर्गमाथि परिरहेको छ।
- वैदेशिक उत्पादनलाई खपत गर्ने बजारको रुपमा नेपाल परिणत भइरहेको छ ।

- जनसाङ्ख्यिक लाभको उपयोग गर्ने विश्वसनीय आधार देखिएको छैन।
- सार्वजनिक क्षेत्रमा हुने अनावश्यक खर्चलाई कटौती गर्नुपर्छ।
- वैदेशिक सहायताद्वारा सञ्चालित हुने आयोजनामा शोधभर्ना लिने कार्यमा तदारुकता देखाउनुपर्दछ।
- राजस्व मिनाहालाई रोक्नुपर्दछ।
- वैदेशिक सहायता प्राप्त गर्न सहजीकरण गर्नुपर्छ।
- कृषि मल, बिउबिजन, कृषि औजार सिँचाई उत्पादनमा आधारित अनुदान र प्रविधिको सरकारले पर्याप्त व्यवस्था गर्नुपर्छ।
- हाइड्रोजन, जलविद्युतको एकीकृत ढङ्गले विकास गर्नुपर्छ।
- पर्यटनमा जोड दिई पुनरावृत्ति गर्नुपर्दछ।
- start up लाई zero equity मा निश्चित सीमासम्म ऋण प्रदान गराउन सके लाखौं युवाहरु स्वदेशमै रोजगार पाउँछन्।
- एउटा परिवारलाई कम्तीमा तीन लाख बराबरको स्वास्थ्य बीमा प्रदान गर्नुपर्छ ।

<u>माननीय श्री महेन्द्र बहादुर शाही</u>

- यो विधेयक पूर्ण छैन, यसमा व्यापक छलफलसहित प्रभावकारी बनाउन जरुरी छ।
- उत्पदनशील क्षेत्रमा लगानी केन्द्रित गर्नुपर्छ।
- एकीकृत बस्ती विकास गरी नागरिकलाई सुरक्षित बासस्थानको व्यस्था गर्नुपर्ने आवश्यकता छ।
- भूमिहिन नागरिकहरुलाई भूमिको व्यवस्था गर्नुपर्छ।
- अबको युद्ध पानीको युद्ध हो, जलस्रोतको भरपूर उपयोग गर्नुपर्छ।
- सुनखानी लगायतका खानीहरुको उत्खनन् गरौं।
- कृषि, जडिबुटीजस्ता लगानीका क्षेत्रहरुको पहिचान गरेर लगानी गर्न सके देशको आर्थिक समृद्धि सम्भव छ।
- सन्तुलित विकासमा ध्यान दिनुपर्छ।
- सरकारको फजुल खर्चलाई नियन्त्रण गरौं ।

<u>माननीय श्री विराजभक्त श्रेष्ठ</u>

- आवश्यकता र चाहानाको भिन्नता छुटयाउन सक्नुपर्छ, विलाशिताको लागि समय छैन ।
- छिटो होइन दिगो प्रतिफल भनेर प्रतिस्थापन गर्नुपर्छ।

- प्राकृतिक न्यायको सिद्धान्त नेपालको माटोको सुगन्ध आउने र सुहाउने चाहिन्छ।
- यो विधेयकले हालको संकटग्रस्त आर्थिक स्थितिलाई छुन सकेन।
- अमूर्त समाजवाद मात्र भनेर हुदैन अब मापन गर्नुपर्छ।
- दोहनकारी राज्यव्यवस्थाको अन्त्य हुनुपर्छ।
- समृद्धिको नारा होइन अब समवृद्धि चाहिन्छ।
- नेपालको तुलनात्मक लाभको क्षेत्रहरु छुट्याउन सक्नुपर्छ, तुलनात्मक लाभका क्षेत्रहरुमाः-
    - नेपालको प्राकृतिक स्रोत सम्पदा र जैविक विविधता
    - नेपालको सांस्कृतिक सम्पदाहरु र सामाजिक विविधता
    - प्रविधि र सूचना प्रविधि
    - आध्यात्मिकता

**<u>माननीय श्री राजेन्द्र प्रसाद लिङ्देन</u>**

- भ्रष्टचारीमाथि कुनै पनि छुट हुनुहुँदैन ।
- बैंकको ब्याजदर घटाउने कुरा प्राथमिकतामा किन परेन ?
- वैदेशिक लगानी भित्राउने होइन स्वदेशी लगानीलाई प्रोत्साहन प्राथमिकता दिनुपर्छ ।
- विद्युतमा विदेशी लगानीलाई जोड दिनुहुदैन।
- विद्युतीय सवारीसाधनमा जोड दिने, विद्युतीय चुल्होलाई प्रोत्साहित गर्ने, green hydrogen मा जाने, मल कारखाना खोल्ने कार्यहरु प्राथमिकतामा राख्नुपर्छ।
- बजेट कर्मकाण्डी मात्रै होइन भने नयाँ ढङ्गले जाऔं।
- उत्पादनमूलक, रोजगारमूलक र निर्यातमूलक उद्योग स्थापना गर्नेलाई संसारकै सस्तो मूल्यमा विद्युत उपलब्ध गराउने भनेर घोषणा गर्ने हो भने वैदेशिक लगानी आउँछ, उद्योगधन्दाहरु खुल्छन् र रोजगारी पनि अभिवृद्धि हुन्छ।
- सतह सिँचाईको सुविधा नभएको ठाउँमा विद्युत पुऱ्याउने र खेतियोग्य जमिन बाँझो राख्न नपाउने व्यवस्था गर्न सकिन्छ।
- अनुत्पादक क्षेत्रको खर्च कटौती गर्ने भनेका छौं, अनुत्पादक क्षेत्र कुन कुन हो ?
- जनप्रतिनिधिहरुको सङ्ख्या कटौती नगरीकन, प्रदेशहरु खारेज नगरेसम्म अर्थतन्त्र ठीक ठाउँमा आँउदैन ।

**<u>माननीय श्री उपेन्द्र यादव</u>**

- अर्थराजनीतिको वृहत विषयबस्तु समावेश भएको, वित्तीय संघीयताको प्रभावकारी कार्यान्वयन, digital economy को प्रवर्द्धन यसका सबल पक्ष हुन्।

- कोभिड-१९ को महामारी र रुस-युक्रेन युद्धजस्ता विश्व अर्थ-राजनीति घटनाक्रमबाट मुलुकमा उत्पन्न मुद्रास्फिति, क्रयशक्तिमा ह्रास, खाद्य सुरक्षाको सम्भावित संकट, न्यून आर्थिक वृद्धिदर, ब्याजदरमा अप्राकृतिक वृद्धिजस्ता तत्कालीन समस्या समाधानका लागि यसमा यथार्थ मार्गचित्र प्रस्तुत गरिएको छैन।
- तत्कालीन, मध्यकालीन र दीर्घकालीन प्राथमिकता निर्धारण गरिएको छैन।
- असारे विकासलाई अन्त्य गर्नुपर्छ।
- मुलुकको अर्थतन्त्र विकासका लागि संगठित भ्रष्टाचार र कमिसनतन्त्र ठूलो चुनौतीको रुपमा रहेको छ।
- कुल बजेटको अधिक हिस्सा आन्तरिक उत्पादनको लागि विनियोजन गर्नुपर्छ।
- संघीयतालाई उपेक्षा गरेर विकास अगाडि बढ्दैन।
- अहिले देखिएको आर्थिक वृद्धिलाई परिपूर्ति गर्न कृषिको उत्पादनमा वृद्धि, कृषिमा लगानी, उद्योगहरुको सबलीकरण गर्नुपर्दछ।
- रुग्ण अवस्थामा रहेका उद्योग, कलकारखानाहरुलाई पुनःसञ्चालन गर्नुपर्छ।
- पर्यटन क्षेत्रको प्रवर्द्धन गर्न सार्वजनिक निजी साझेदारी ढाँचालाई आत्मसात् गरी हिमाली क्षेत्रका धार्मिक तथा पर्यटकीय स्थलहरुमा सुविधासम्पन्न योग ध्यान व्यायाम केन्द्रहरु स्थापना गर्ने ।
- खाद्य संकट समाधानका लागि मधेशका जिल्लाहरुमा हरित क्रान्ति लागू गर्नुपर्छ।
- पश्चिम तराईका जिल्लाहरुलाई महाकाली र पूर्वी तराईका जिल्लाहरुलाई कोशी नदीद्वारा सिँचाई सुविधा उपलब्ध गराउने गरी अघि सारिएको वृहत सिँचाई सञ्जाललाई कार्यान्वयनमा ल्याउनुपर्छ।
- मेडीकल भिसाको सम्भावनालाई अध्ययन गरी कार्यान्वयनमा ल्याउने।
- जनस्वास्थ्य ऐन कार्यान्वयन हुनुपर्छ, राजधानीको कुनै सुविधासम्पन्न अस्पतालमा परीक्षण गरी आवश्यकताको आधारमा मात्र उपचारको लागि विदेश जाने व्यवस्था गर्नुपर्दछ।
- आर्थिक वर्षको अन्त्यमा हुने खर्चलाई अन्त्य गर्ने।
- पहिचान गरिएका तुलनात्मक लाभका वस्तु उत्पादनमा जोड दिनुपर्छ, उक्त बस्तु तथा सेवाको आयातमा कडाई गर्ने।
- कुल बजेटको दुई तिहाई स्थानीय र प्रदेश सरकारलाई उपलब्ध गराउने ।

<u>माननीय श्री अम्मरबहादुर थापा</u>

- कृषिलाई पहिलो प्राथमिकतामा राखेर बजेटको विनियोजन गर्नुपर्छ, दोस्रो प्राथमिकता जलविद्युत हुनुपर्छ।

- ९४ हजार सडकको निर्माण सम्पन्न गर्न र स्तरोन्नती गर्ने पूँजी हामीसँग छ कि छैन ? हामीले घाँटी हेरी हाड निल्नुपर्छ।
- लक्षित वर्गलाई छुट्याएको बजेट उद्योग दर्ता भ्याट दर्ता प्रपोजल पेश गरेर मात्र पाउने भएपछि गरिबले भ्याट दर्ता प्रपोजल लगाउन सक्छ कि सक्दैन ? तसर्थ गरिबको पहिचान गरेर अघि बढ्नुपर्छ।
- ऋण लिएर वितरण गरेर माटोमा मिलाउने प्रयास गरेपछि कसरी विकास हुन्छ ?
- जलस्रोतलाई सार्क राष्ट्रमा वितरण गरौं ।
- आम्दानी हुने क्षेत्र पहिचान गर्न सकेनौं।
- कर्णाली प्रदेशको स्रोतसाधनको उपयोग गर्न सकिएन।

**<u>माननीय डा. चन्द्रकान्त राउत</u>**

- हामीले दशकौंदेखि विकासको गलत मोडेल अपनाउँदै आएका छौं।
- आगामी बजेट मानवकेन्द्रित विकासको ढाँचालाई अवलम्बन गरेर बजेट आउनुपर्छ।
- कोही पनि नेपाली भोको नबसुन् भनेर प्राथमिकतामा राख्नुपर्छ।
- स्वास्थ्य सेवा, सामाजिक सुरक्षाबाट कोही पनि वञ्चित हुनु नपरोस्।
- बजेट बनाउँदा कमसेकम विदेशमा मजदुरको रुपमा काम गरिरहेका मजदुरको तस्बिर, गाउँमा रहेका किसानको तस्बिर अगाडि राख्नुहोस र प्रेम आचार्यहरुले गरेर खाने वातावरण हुने खालको बजेट बनाउनुहोस्।

**<u>माननीय श्री योगेश कुमार भट्टराई</u>**

- प्रस्तुत भएको बजेटमा ३ खर्ब जति वैदेशिक ऋण र अनुदानको आशा थियो तर आजसम्म आउँदा ६० अर्ब भन्दा बढी छैन्।
- नेपालको निजी क्षेत्र शिथिल छ।
- महालेखा परीक्षकको प्रतिवेदनमा १ खर्ब १५ अर्ब भन्दा बढी बेरूजु छ, ३० प्रतिशतभन्दा बढी पूँजीगत खर्च भएको छैन, यसको अर्थ सरकारको संयन्त्र कर्मचारीतन्त्र चलेकै छैन, लगानीकर्ताले विश्वास गरेको छैन।
- आजको विकासको वहस भनेको गुणात्मकताको वहस हो तर प्राथमिकताहरु निश्चित छैन र quality को कुरामा प्रतिबद्धता छैन ।

- जनगणनाको तथ्याङ्क हेर्ने हो भने बसाईंसराईंको तीव्रता देखिन्छ, हिमाल र पहाडबाट तराईतर्फ बसाई सर्नेको जनसङ्ख्या अधिक देखिन्छ, मुलुकको नीति बनाउँदा यस विषयमा गम्भीरताका साथ ध्यान दिनुपर्छ।
- गुणस्तरीय शिक्षा स्वास्थ्य व्यवस्था हुनुपर्छ।
- कर्णाली सुदुरपश्चिम लगायतका पिछडीएका क्षेत्रहरुलाई समावेशी र सन्तुलित विकासको अवधारणामा जानुपर्छ।
- सार्वजनिक संस्थानको सबलीकरण गर्नुपर्छ ।

**<u>माननीय श्री सर्वेन्द्र नाथ शुक्ला</u>**

- अर्थतन्त्र कठीन अवस्थामा भए पनि उक्लिनै नसक्ने अवस्थामा छैन, तसर्थ सुधारको निम्ति आवश्यक कदम चाल्नुपर्दछ।
- वित्त नीति र मौद्रिक नीतिबीच सामञ्जस्यता कायम गरेर जाने जिम्मेवारी माननीय अर्थमन्त्रीले लिनुपर्छ।
- स्वदेशी उद्योगलाई संरक्षण गर्नुपर्छ।
- निर्यात घट्ने क्रममा छ।
- सडकको निर्माणमा सिमेन्ट र छडको प्रयोग सुरु गर्नुपर्छ, यसले स्वदेशी उद्योगहरुलाई पनि टेवा दिन्छ।
- सार्वजनिक संस्थानमा ११४ वटा उद्योगहरुमा public private partnership को मोडेलमा जानुपर्छ।
- नीतिमा सुधार ल्याउन नियत सुध्रिनुपर्छ।

**<u>माननीय श्री अरुण कुमार चौधरी</u>**

- कृषकले पाउने अनुदान र ऋणको बारेमा नियामक निकायले ध्यान दिओस्।
- आर्थिक वृद्धिदर ८ प्रतिशत भनेकोमा २ प्रतिशत पनि हुन सकेको छैन।
- बैंकको ब्याज किस्ता बुझाउन नसकेर आत्महत्या गर्नुपर्ने अवस्था छ, हाम्रो अर्थतन्त्र कस्तो अवस्थामा छ ।

**<u>माननीय श्री विनोद कुमार चौधरी</u>**

- आगामी बजेट second generation को reform को गन्तव्य बन्नुपर्दछ।

- कर प्रणालीलाई स्पष्ट घोषित आधारभूत सिद्धान्तहरु अन्तराष्ट्रिय मान्यताअनुसारका व्यवस्थाहरु सक्षम बनाउन सके राजस्व संकलन बढाउने मात्र होइन चुहावट पनि रोक्न सकिन्छ।
- नेपालमा जलविद्युत उत्पादन र निर्यातका उत्कृष्ट मोडलहरु देश सामु आएका छन्, पहिलोपटक भारत र नेपालमा नेपालका सरकारी विद्युत कम्पनीहरुको संयुक्त लगानीमा अरुण-४ जलविद्युत परियोजना बन्दैछ जसबाट २१.९ प्रतिशत निशुल्क उर्जा नेपालले पाउनेछ यसरी आफ्नो स्वामित्व पनि हुने निशुल्क उर्जा पनि पाउने गरी विकास हुँदै गरेको परियोजना joint venture तथा partnership को नँया मोडलको रुपमा विकास भएको हो अन्य परियोजनाहरु पनि यसै मोडलमा अगाडी बढाउन सकिन्छ र यसका लागि विदेशी लगानीकर्ताहरु इच्छुक पनि देखिएका छन्।
- विद्युत नेपालमै खपत होस् भन्ने प्राथमिकता हुनुपर्दछ।
- क्रिप्टोमाइनिङ्ग गरेर निर्यात गर्छ भने त्यसमा प्रतिबन्ध लगाउन जरुरी छैन्।
- विमानस्थललाई व्यवस्थित रुपमा सञ्चालन गर्न अन्तराष्ट्रिय स्तरमा एयरलाइन्स व्यवस्थापनमा कुशल र ख्यातिप्राप्त संस्थाहरुलाई आमन्त्रण गर्न सक्नुपर्दछ।
- पर्यटनका अन्य पूर्वाधार विकासलाई प्रोत्साहन गर्दै आर्थिक कुटनीतिलाई प्रभावकारी बनाउन सके आगामी ५ वर्षमा ५० लाख पर्यटक भित्राउन सकिन्छ।
- औद्योगिक क्षेत्र र SEZ मा लगानीहरु आकर्षित हुन नसकेको कारण यो बजेटले खोज्न सक्नुपर्दछ।
- पूँजीगत र चालू खर्चको अनुपात ६०-४० प्रतिशत बनाउनेतर्फ ठोस प्रयास यसै बजेटबाट होस्।
- बूढीगण्डकी जलविद्युत परियोजना कसरी अगाडि बढ्नेछ भन्ने स्पष्ट छैन।
- आयोजना कार्यान्वयन चक्रमा आमूल सुधारको आवश्यकता छ।
- प्रत्येक जिल्लामा वा कमसेकम हरेक प्रदेशमा बुढानिलकण्ठ स्कूलजस्तो सिस्टमले सञ्चालन हुने गरी बजेटको व्यवस्था गरियोस भन्ने आग्रह छ।
- विश्वका प्रख्यात शैक्षिक संस्थाहरुलाई नेपालमा ल्याउने नीति बजेटमार्फत लिन सक्यौ भने शिक्षा सुधारको कोसेढुङ्गा साबित हुन्छ।
- प्रत्येक पालिकामा अस्पताल निर्माण गर्नु साटो ३-४ पालिका मिलेर एउटा सुविधासम्पन्न अस्पताल निर्माण गर्नुपर्दछ ।

**माननीय श्री माधव सापकोटा**

- समाजवादको बारेमा बहस गरौं।
- गरिबी होइन समृद्धि वितरण गरौं।
- रोजगारको क्षेत्रहरुलाई वैज्ञानिकिकरण, प्राथमिकीकरण गर्नुपर्छ।

**माननीय डा. तोसीमा कार्की**

- निशुल्क स्वास्थ्य सेवा, शिक्षा सबलीकरण र कृषिमल अनुदानका कार्यक्रममा बजेट कटौती गर्नुहुँदैन।
- बजेट Duplication रोक्न समन्वयको एउटा संयन्त्र बनाउनु आवश्यक छ।
- चालु खर्च कटौतीको लागि के सोचिएको छ?
- राष्ट्रसेवकहरुको पारिश्रमिक सुनिश्चित हुनुपर्दछ।
- स्वदेशी उत्पादन र जडिबुटी प्रवर्द्धनलाई किन प्राथमिकतामा राखिएन?
- गाउँगाउँमा डाक्टर पु¥याउने सिद्धान्त खोइ?
- राज्य संयन्त्र प्रभावकारी बनाउन जरुरी छ।
- कुल बजेटको १० प्रतिशत स्वास्थ्यमा छुट्याइनुपर्छ।
- आगामी बजेटमा भत्तामुखी खुद्रे कार्यक्रमहरु पूर्ण रुपमा हटाउनुपर्छ।

**माननीय श्री रामनाथ अधिकारी**

- निशुल्क शिक्षालाई व्यवहारिक रुपमा कार्यान्वयन गर्नुपर्छ।
- स्वास्थ्य बिमाको कार्यक्रममा भएका कमी कमजोरी सुधार गरेर अघि बढ्नुपर्छ।
- जलाशययुक्त बुढिगण्डकी जलविद्युत आयोजनाको निर्माण सुनिश्चितता हुनुपर्छ।
- आगामी वर्षमा देशको अर्थतन्त्रलाई थप मजबुत बनाउन केही न केही नयाँ कार्यक्रम ल्याउनुपर्छ।
- तीनै तहको सरकारको पूँजीगत खर्च बढाउन अध्ययनले देखाएको उपायहरू अलम्बन गर्नुपर्छ।
- नीजि क्षेत्रको गतिविधिलाई चलायमान बनाउन नीति तथा कार्यक्रम र बजेटमार्फत सम्बोधन गर्नुपर्छ।
- निर्माण क्षेत्रको गतिविधिमा आएको ह्रासको असर राष्ट्रिय अर्थतन्त्रमा परेकोले समस्या समाधान गर्नुपर्ने।

**<u>माननीय श्री भीम प्रसाद आचार्य</u>**

- प्राथमिकता अमिल्दो र सिद्धान्त स्पष्ट नभएको।
- वर्तमान राजनीतिका अवस्थाको परिवर्तन आवश्यक छ। अपाङ्गता भएको जस्तो राज्यले अर्थव्यवस्था drive गर्न सक्दैन।
- सुशासन कायम गर्नु जरुरी छ service delivery मा सुधार र परिवर्तन गर्नुपर्छ।
- सबै क्षेत्र Online digitalize हुनुपर्छ र प्राथमिकतामा आउनुपर्ने।
- कानूनहरुको परिमार्जन गर्नुपर्दछ।
- उत्पादन वृद्धि गर्नुपर्छ, बीउ उत्पादनमा जोड दिनुपर्ने।
- मल कारखाना स्थापना गर्नुपर्छ, कृषि अनुसन्धानमा जोड दिनुपर्ने।
- अनुत्पादक खर्चमा लगानी घटाउनुपर्छ।
- शिक्षा, स्वास्थ्य, रोजगार-पर्यटन जस्ता क्षेत्रहरुलाई प्राथमिकतामा राख्नुपर्छ।

**<u>माननीय श्री नारायणी शर्मा</u>**

- राष्ट्रिय पूँजीको निर्माण गर्नु जरुरी छ।
- समाजवादी अर्थतन्त्रमा जाने प्रतिवद्धतामा जोड दिने नीति तथा बजेट बन्नुपर्दछ।
- शिक्षामा बजेट पर्याप्त छुट्याउनुपर्छ।
- पर्यावरणको संरक्षण र उपयोग गर्ने विषयलाई महत्व दिनुपर्दछ।

**<u>माननीय श्री सोबिता गौतम</u>**

- युवापुस्तालाई नेपाल नै बस्न आकर्षण गर्ने विषय विनियोजन विधेयक सिद्धान्त र प्राथमिकतामा परेको छैन।
- Human capital निर्माण र युवा पुस्ताको विदेश पलायन रोक्नु।
- विश्वविद्यालयमा आमूल सुधार गर्नुपर्छ।
- आर्थिक आत्मनिर्भरता हुने खाले अर्थनीति ल्याउनुपर्छ।
- उद्यमशीलता र लगानीलाई सँगसँगै जोड्नुपर्छ।
- Capital venture Hage fund र Private equity बढाउने बातावरण बढाएर उद्यमशील्ता प्रदर्शन गर्नुपर्छ।
- स्थानीय तहलाई SDG मा जागरण गर्ने खाले अर्थनीति ल्याउनुपर्छ।

**<u>माननीय श्री दिपक खड्का</u>**

- पूँजीगत खर्च बढाउन केही कानुनहरुको संशोधनको आवश्यकता पर्छ।

- ५ हजार मेगावाट विद्युत PTA गर्ने हो भने १० खर्ब बराबरीको लगानी भित्रिन सक्छ, यस क्षेत्रलाई बढी ध्यान दिनुपर्दछ।
- पर्यटन क्षेत्रलाई अग्र प्राथमिकता दिनुपर्छ।
- २० लाख पर्यटन भित्राउन सकेमा १ जना पर्यटक बराबर ३ जनाले रोजगारी पाउने स्थिति बन्दछ।
- शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षाको क्षेत्रमा बजेट कटौती गर्नहुँदैन।
- उत्पादनशील क्षेत्रमा अनुदान वितरण गर्नुपर्छ। जसले उत्पादन बढने (उत्पादनको आधारमा अनुदान दिने व्यवस्था गर्ने)।
- ब्याजदरलाई आठ प्रतिशतमा ल्याउन सकिन्छ।

**<u>माननीय श्री लिला नाथ श्रेष्ठ</u>**

- अर्थतन्त्रलाई सुधार गर्न अनुशासनमा तत्कालीन, दीर्घकालीन र मध्यकालीन योजना बनाएर जानुपर्दछ। Task Force बनाउनुपर्ने।
- कृषिमा आत्मनिर्भर बन्नुपर्छ।
- जलस्रोतको उपयोग गर्न सकेका छैनौं।
- मल कारखाना स्थापना गर्न पूँजी हामीसँग नभए Lease मा पनि दिन सकिन्छ।
- मौसम अनुसारको खेति गर्न जोड दिनुपर्छ।
- कच्चा पदार्थमा आधारित उद्योग स्थापना गर्नुपर्छ।
- बन्द भएका कलकारखाना पुनस्थापना गर्नुपर्छ।
- निर्यातमुलक उद्योगहरुलाई प्रोत्साहन गर्नुपर्छ।
- विद्युतीय उत्पादन वृद्धि गरी आन्तरिक (ग्यास र विद्युतीय सवारी साधन) खपतमा जोड दिनुपर्छ।

**<u>माननीय श्री राम कुमार राई</u>**

- कृषि र जलविद्युतको विकासलाई प्राथमिकतामा राख्नुपर्छ।
- ऋण सहुलियत ढङ्गले उपलब्ध गराउनुपर्छ।
- युवाहरुलाई उत्पादनमा जोड्नुपर्छ।
- अनुसन्धान, नवप्रवर्द्धन गर्ने संस्थाहरुलाई प्रोत्साहन गर्नुपर्छ।
- भौगोलिक रुपमा योजनाको वितरण समान ढङ्गले हुनुपर्दछ।

**मानननीय श्री चन्दा कार्की (भण्डारी)**

- कृषकहरुलाई प्रोत्साहन गर्नुपर्छ।
- राज्यले पछाडि पारेका क्षेत्रहरुको निरीक्षण गर्नुपर्छ।
- स्वास्थ्य सेवालाई गुणस्तरीय बनाउनुपर्छ।
- १४ बुँदे सुझाव ८ कार्यान्वयन पक्ष बलियो बनाउन ४ बुँदे सुझाव लिखित रूपमा पेश गरियो।
- भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्नुपर्छ।
- यो बजेट कार्यान्वयन गर्ने जिम्मा एक पटक महिलाहरुलाई दिऔं।

**माननीय श्री हृदयराम थानी**

- राजस्वले साधारण खर्च धान्न सक्ने अवस्था छैन।
- समयमै पूँजीगत खर्च गर्न सक्नुपर्छ।
- निर्यातमा जोड दिनुपर्छ।
- करको दरभन्दा करको दायरा बढाउनुपर्छ।
- नीजि क्षेत्रलाई प्रोत्साहित गर्नुपर्छ।
- वित्तीय अनुशासनमा रहेर बजेट निर्माण गर्नुपर्छ।
- उत्पादनमूलक क्षेत्रलाई बढी जोड दिनुपर्छ।
- कर्णाली प्रदेशको मानव विकासलाई बजेटले समेट्नुपर्छ।
- कर्णाली प्रदेशको विकासलाई उपेक्षा गरिएको छ त्यसैले बजेट तर्जुमा गर्दा त्यसलाई ध्यान दिनुपर्छ।
- विकास खर्च कटौती गर्नुहुदैन।

**माननीय श्री इश्वर बहादुर रिजाल**

- स्पष्ट दृष्टिकोण र गन्तव्य सहित बजेट आउनुपर्छ।
- राजनीतिक स्थायित्वको बारेमा उल्लेख भएको छैन। यो दस्ताबेजमा बजेटको मात्रै स्थिरताको कुरा गरेर हुँदैन।
- सहकारी सार्वजनिक र निजी क्षेत्रको भूमिका र कार्य स्पष्ट हुनुपर्छ।
- सहकारी क्षेत्र ऋण लिने र दिने कुरामा बढी केन्द्रित छ।
- निजी क्षेत्र उद्यमशीलता तर्फ र सरकारी क्षेत्रले सामुहिकरण र उत्पादनतर्फ बढी जोड दिनुपर्दछ।
- अर्थतन्त्रमा भएको एकाधिकारलाई हटाउनुपर्छ।

**माननीय श्री ज्ञानु बस्नेत सुवेदी**

- संसदबाट सिद्धान्त र प्राथमिकता तय गर्नु पूर्व नै मन्त्रालयहरुले योजना तर्जुमा गरिसक्ने परिपाटीलाई सच्याउनुपर्दछ।
- नेपालको आर्थिक विकासको मेरुदण्ड कृषि नै रहेको कुरालाई प्राथमिकतामा राखिनुपर्छ।
- कृषिलाई आधुनिकीकरण र वैज्ञानिकीकरण गर्नुपर्छ।
- किसान पेन्सनको व्यवस्था गर्नुपर्छ।
- तीन खम्बे आर्थिक नीतिलाई अवलम्बन गर्नुपर्छ।
- मल कारखाना स्थापना गर्नुपर्छ।
- आयात नियन्त्रण गर्नुपर्छ।
- वैदेशिक रोजगारमा गएका युवा लक्षित कार्यक्रम बनाउनुपर्छ ।

**माननीय श्री हरि ढकाल**

- निजी क्षेत्रलाई विश्वासमा लिनुपर्छ ।
- "भ्रष्टाचारको छानविन गरी सर्वस्वहरण भएको सम्पत्ति राज्यको ढुकुटीमा ल्याइनेछ" भन्ने कुरालाई प्राथमिकतामा राख्न सके राज्यको ढुकुटीमा स्रोत जुट्छ, अख्तियार र अदालतमा भएका मुद्दाहरु पनि सुल्झन्छन् ।
- भूमि आयोगको संरचनामा भएको खर्चले भूमिहिनहरुलाई जग्गा नै किनेर दिन पुग्दछ । यस्तो संरचना के काम?
- कृषि अनुदान प्रत्यक्ष पालिकामा पठाउनुपर्छ, बिचौलियाका लागि संरचना खारेज गर्नुपर्छ।

**माननीय श्री कान्तीका सेजुवाल**

- अनुगमन र नियमनको दायरा बढाउनुपर्छ।
- कर्णाली लगायत अन्य ठाँउको जडिबुटिको संरक्षण, उत्पादन र बजारीकरणमा ध्यान दिनुपर्छ।
- सन्तुलित विकास गर्नुपर्छ।
- औद्योगिक विकास गर्नुपर्छ।
- युवा रोजगारमा जोड दिनुपर्छ।

- हिमाली जिल्लाहरुमा हिमपातका कारण समयमा भुक्तानी लगायतका काम गर्न कठिन हुन्छ। त्यसैले हिमाली जिल्लाहरुलाई मध्यनजर गरेर मंसिर मसान्तलाई आर्थिक बर्षको अन्त्य गर्दा योजनाहरु गुणस्तरीय र प्रभावकारी हुन्छ।
- सिंहदरवारदेखि स्थानीय तहसम्म महिलामैत्री र अपाङ्गमैत्री कार्यकक्षको व्यवस्था हुनुपर्छ
- सामुदायिक विद्यालयहरुलाई प्रोत्साहन गर्नुपर्छ।
- कर्णाली प्रदेशको पर्यटन विकासका लागि जुम्ला विमानस्थलको लागि जग्गा अधिग्रहण र स्तरोन्नती गर्नुपर्छ ।

## माननीय श्री ठाकुर प्रसाद गैरे

- अर्थमन्त्रीज्यूले प्रस्तुत गर्नुभएको चुनौतीमा उल्लिखित विषयबस्तु र तय गर्नुभएको प्राथमिकताबीच तालमेल देखिँदैन।
- सिद्धान्त, सिद्धान्तका आधारमा कार्यक्रम, कार्यक्रमभित्र प्राथमिकताको निर्धारण, कार्यक्रम कार्यान्वयनको ठोस योजना, योजना कार्यान्वयनको आवधिक मूल्याङ्कन र मूल्याङ्कनको आधारमा दण्ड र पुरस्कारको व्यवस्था गर्नुपर्छ।
- कृषि क्षेत्रमा उद्यमशीलताको खाँचो छ।
- शिक्षा र स्वास्थ्यलाई अन्तराष्ट्रिय मञ्चमा व्यक्त गर्नुभएको २० प्रतिशत बजेट छुटयाउन सक्नुहुन्छ ?
- समाजवादी आर्थिक प्रणालीको माध्यमबाट सुशासन, पारदर्शिता, कानूनी राज्य, विधिको शासन र राष्ट्रिय पूँजीको विकासका माध्यमबाट देशको अर्थतन्त्र विकास गर्नुपर्छ।
- कृषि क्षेत्रलाई मुख्य प्राथमिकतामा राख्नुपर्छ।
- विदेशी काठ आयातलाई बन्द गरौं ।

## माननीय श्री दुर्गा राई

- आर्थिक मन्दीले थलिएको उद्योग, कलकारखानाहरुलाई उत्पादनमूलक बनाउने दिशामा बजेट हुनुपर्छ।
- कृषि र रोजगारी बजेटको प्राथमिकतामा राख्नुपर्छ।
- वास्तविक कृषकलाई सुलभ ऋण वितरण गर्नुपर्छ।
- बाँझो जमिनहरुको उपयोग गर्नुपर्छ।
- आयातलाई नियन्त्रण गर्नुपर्छ।
- नागरिकका जनजीवनसँग प्रत्यक्ष रुपमा जोडिएका सवालहरुलाई सम्बोधन गर्नुपर्छ।

- धनी र गरिबबीचको खाडल घटाउने आधार बजेटले प्रत्यक्ष रुपमा तयार गर्नुपर्छ।
- आगामी बजेट संघीयतामुखी हुनुपर्छ ।

**<u>माननीय श्री नागिना यादव</u>**

- Micro र macro level बाट सिद्धान्त र प्राथमिकतालाई राखिएको देखिन्छ, specific रुपमा तोकिएको छैन ।
- विगत तीन दशक यताका बजेटका प्राथमिकताहरु समान छन्।
- वित्तीय संस्थाहरुले तरलताको गम्भीर संकट झेलिरहेका छन्।
- विदेशी मुद्रा सञ्चिति भएको देखिएकोले अवस्था चिन्ताजनक छैन ।
- कृषिमा लगानी गर्नुपर्छ ।
- राजनीतिक दुरदृष्टिको आवश्यक छ।
- ब्याजदरमा ध्यान दिनुपर्छ।
- Consumer based र population based मा खर्च गर्नुपर्छ।

**<u>माननीय श्री अच्युत प्रसाद मैनाली</u>**

- बजेट निर्माणको तहमा विगतका वर्षहरुमा भएका कमिकमजोरीबाट पाठ सिकेर शिक्षाको रुपमा लिएर अघि बढ्नुपर्छ ।
- छोटो समयमा आएको विनियोजन विधेयकमा समस्याको पहिचान र निराकरण गर्ने बाटोतर्फ ध्यान नपुगेको हो कि ?
- आर्थिक वृद्धि, रोजगारीको सिर्जना कसरी गर्न सक्छौं ?
- सुशासन कायम गर्न एकताबद्ध भएर अघि बढ्नुपर्छ
- संघीय सरकारले दिने अनुदान कटौती गर्‍यौं भने कसरी आर्थिक वृद्धि गर्न सकिन्छ ?
- आन्तरिक उत्पादनलाई खपत गर्दै आयातलाई प्रतिस्थापन गर्ने उद्योगहरुलाई प्राथमिकतामा राख्नुपर्छ।

**<u>माननीय श्री गंगा कार्की</u>**

- यो विधेयक समस्यासहित आएको छ, यसको विकल्प छैन ।
- यो आर्थिक संकट समाधान गर्न हामी सबै मिल्नुपर्छ।
- अर्थतन्त्रलाई लयमा फर्काउन सबैले पहल गरौं।

- यो विनियोजन विधेयकलाई सफल र परिष्कृत बनाउन सुझावद्वारा प्राथमिकता ठोस रुपमा तोकेर परिणाममुखी बनाउनुपर्छ।
- भौतिक संरचनाको स्तरोन्नती र दिगोपनालाई जोड दिनुपर्छ
- राज्य संयन्त्रको सुधार गर्न जोड दिऔं।
- राम्रो काम गर्नेलाई पुरस्कृत र नराम्रो गर्नेलाई दण्डित गरौं।
- अध्ययन र उपचार स्वदेशमै हुने व्यवस्था मिलाउनुपर्छ।
- कृषि, पर्यटन, खानी र साना उद्योगहरु सञ्चालनमा जोड दिनुपर्छ।
- अनुदान दिने कुरामा बिचौलियाको ठूलो खेल छ।
- व्यवसाय गर्नेलाई नगद होइन बैंकको ब्याज, मलखाद र कृषि औजारमा अनुदान दिने कुरामा जोड दिनुपर्छ।
- अविलम्ब ब्याज घटाएर वित्तीय संस्थाहरुलाई उत्पादनशील क्षेत्रमा लगानी गर्न प्रोत्साहित गर्नुपर्छ ।

**<u>माननीय श्री दिनेश कुमार यादव</u>**

- देश संकटमा भएको बेला जुन प्राथमिकताहरु आएका छन्, सराहनीय छ।
- कृषिको क्षेत्रमा ध्यान गएको छैन, सिँचाईको पर्याप्त व्यवस्था गर्नुपर्छ, जलस्रोतको भरपूर उपयोग गर्नुपर्दछ।
- जनचाहाना अनुसारको विकासलाई केन्द्रबिन्दुमा राखेर बजेट विनियोजन र कार्यान्वयमा ध्यान दिन आग्रह गर्दछु।
- पूराना र अधुरा सिँचाई आयोजनाहरुलाई पूर्णता दिदै नयाँ नयाँ योजना बनाउनुपर्दछ।
- तराई मधेशको उब्जाउ जमिनलाई मरुभूमिकरण हुनबाट जोगाउन नीति र कार्यक्रम मौन छ।
- पहाडी क्षेत्रमा लिफ्ट सिँचाई योजनालाई पर्याप्त मात्रामा बढाउन आवश्यक छ ।

**<u>माननीय श्री जुली कुमारी महतो(महासेठ)</u>**

- सिद्धान्त र प्राथमिकता निर्धारण गर्दा हाम्रो अर्थतन्त्रको अवस्था कहाँ छ, समस्या र चुनौतिहरु कस्ता छन् तथ्यका आधारमा आउनु पर्दथ्यो।
- चालु आ.व. का लागि ८% वृद्धिदर लिएको थियो तर २.१६% मा मात्र हामी पुगेका छौं।
- बंगलादेश र Vietnam जस्ता देशहरु आफ्नो आर्थिक व्यवस्था सबल गर्न सकेको छ, त्यस बाट हामी सिक्ने कि नसकिने?

- आफ्नो आन्तरिक स्रोतको पहिचान गरी आर्थिक अवस्था बलियो पार्ने कि नपार्ने?
- अन्तराष्ट्रिय सहयोग भारी मात्रामा कटौती भएको छ र ऋण जम्मा ५४ अर्ब मात्र प्राप्त गरेको छ।
- आम्दानीभन्दा खर्च बढी भएको छ।
- विश्वको आर्थिक मन्दीका कारण होइन, सरकारको नीति, निर्णयको कारण देश आज आर्थिक मन्दीमा आएको।
- लगानीमैत्री, ऋण व्याजमा मिनाहा र लगानीमा सहुलियतको व्यवस्था गरी उद्योग कलकारखाना बन्द हुनुबाट जोगाउनुपर्ने।
- सरकारी र निजी क्षेत्रको साझेदारी र रोजगारीको वृद्धि र उत्पादन बढाउने नीतिलाई विशेष प्राथमिकता दिनुपर्दथ्यो।
- उत्पादन र रोजगारीको कुरालाई विशेष प्राथमकिता दिई ठोस योजना दिनुपर्ने।
- रोजगारी र कृषिलाई घटाउन नमिल्ने अवस्था छ तर हालको अवस्थाले कृषिमा रोजगारीको अवस्था सृजना गर्न सक्छौं?
- कृषिमा पर्याप्त बजेट छुट्टाउनुपर्छ।
- मलखादको कारखाना अझै देशमा बनाउन पर्याप्त बजेट छुट्याउनु पर्दछ।
- कृषिमा आत्मनिर्भर, व्यवसायीकरण र आधुनिकिकरण आवश्यक छ।
- पर्यटन तिर आकर्षित गर्न पूर्वाधार विकास गर्नुपर्ने।
- सीमा समस्या समाधान गर्नुपर्ने।
- परम्परागतबाट माथि उठेर सबै क्षेत्रलाई समेटेर जनमुखी, महिलामैत्री बनाउनुपर्छ।

<u>माननीय श्री रमा कोइराला पौड्याल</u>

- जनताका आधारभूत आवश्यकता पुरा गर्नका लागि बजेट आउनुपर्दछ।
- कृषिको उत्पादकत्व बढाउन सिंचाई, मल उद्योगको स्थापना, सातवटै प्रदेशमा Cold Store स्थापना गर्नुपर्ने, फलफूल खेतीलाई प्रोत्साहन, पुष्प खेतीलाई अनुदान, खाद्यान्नको आयात रोक्न विभिन्न कार्यक्रम ल्याउनुपर्दछ।
- तोरीको तेलको उत्पादन वृद्धि गर्ने र दुग्धजन्य वस्तुको आयात रोक्न पशुपालनमा बढीभन्दा बढी बजेट छुटयाउनुपर्दछ।
- प्रत्येक वडामा एउटा पशु डाक्टर र JTA को व्यवस्था गर्नुपर्दछ।
- सरकारी शिक्षालाई गुणस्तर बनाउँदै १२ कक्षासम्म निशुल्क शिक्षाको व्यवस्था गर्नुपर्छ।

- प्राविधिक शिक्षामा जोड दिनुपर्ने।
- Skill Manpower बाहिर पठाउन सके हामीलाई आउने Remittance देश भित्र भित्रिन सक्छौं।
- स्वास्थ्य विमा योजनालाई अझ बढी प्रभावकारी ढङ्गबाट अगाडि लिएर जानुपर्दछ।
- ६० वर्ष माथिका जनताको सम्पूर्ण स्वास्थ्य उपचार निशुल्क हुनुपर्ने।
- यातायात क्षेत्रको Syndicate हटाई सरकारी र नीजि क्षेत्रबीच प्रतिस्पर्धा गर्नुपर्दछ।
- श्रम आयोगको व्यवस्था यहि बजेटबाट सुरु गर्नुपर्छ।
- विदेशी जेलमा १००३ श्रमिक रहेका छन्। तिनीहरुलाई फर्काउन बजेट विनियोजन गरियोस्।

<u>माननीय श्री बलराम अधिकारी</u>

- आगामी बजेट दिगो, फराकिलो, समावेशी, आर्थिक वृद्धि हासिल गर्ने, रोजगारीका अवसर बढाउने, सुशासन प्रवर्द्धन गर्ने र सेवा प्रवाहमा सुधार, श्रोत साधन परिचालनमा प्रभावकारिता कायम गर्ने भनिए पनि विगतको जस्तै दोहोरिएको देखिन्छ, यसकालागि ठोस आधारहरु के हुन्, त्यतातिर ध्यान नदिने, महत्वकाक्षी बजेट ल्याउने तर परिणाम नआउने।
- वास्तविक माग र आवश्यकता अनुसार हामी चल्न खोजेका छौं कि छैनौं।
- विगतमा निर्यात गर्ने वस्तु अहिले हामीले आयात गरी रहेका छौं। त्यसतर्फ ध्यान पुऱ्याई रोजगारीको अवसर सृजना गर्नुपर्ने देखिन्छ।
- नौमुरे एरावती योजना लागु गर्नुपर्ने।
- आवश्यक नियम कानुन बनाएर पहाडमा गाँजा खेतिलाई व्यवस्थापन गर्दा युवाहरुलाई रोजगार सृजना हुने र आर्थिक उन्नति हुने देखिन्छ।

<u>माननीय श्री शुसिला थिङ</u>

- बजेटको सिद्धान्त र प्राथमिकताका बुँदामा लोकप्रियता भन्दा यथार्थपरकता देखें।
- विगतलाई सम्झिदै एकअर्कालाई दोषापन गर्ने भन्दापनि नेपालको आर्थिक विकासका लागि रणनीतिक दलहरु एकठाँउमा उभिएर जनतालाई भरोसा दिलाऊ र जनताको मन जित्ने कोशिस गरौं, गल्ती स्वीकारौं र सच्चिने कोशिस गरौं।

- जलस्रोतको दोस्रो धनी देशको रुपमा रहेकोले जलविद्युतको उत्पादन गरी निर्यात गरेर मात्र व्यापार घाटा पूर्ति गर्न सकिन्छ। हाम्रो जस्तो भूपरिवेष्ठित देशले अन्य वस्तु बेचेर व्यापार घाटा पूर्ति गर्न सक्दैन।
- विद्युतीय साधन, विद्युतीय चुल्हो प्रयोगको नीति बनाई पेट्रोलियम पदार्थको आयात कम गरौं।
- विद्युतीय प्रयोगले नेपालको वातावरण प्रदुषणमुक्त देश हुने र महङ्गीपनि घट्नेछ।
- नेपालमा धार्मिक पर्यटनलाई प्रवर्द्धन गरी हरेक हिन्दु र वौद्ध धर्मावलम्बी एकपटक नेपालको पशुपति र लुम्बिनी आउने अभियान चलाउँ।
- मन्त्री तथा प्रभावशाली नेताहरुको जिल्लामा मात्र बढी बजेट विनियोजन हुने र अन्यमा कम हुने परम्पराको अन्त्य गर्दै कम विकास भएको जिल्लालाई प्राथमिकतामा राखि बजेट विनियोजन गरियोस्।
- बैंकको ब्याज Single Digit मा झार्नुपर्दछ।

**माननीय श्री विद्या भट्टराई**

- बजेटमा उल्लेखित "जनतामा राज्य प्रतिको भरोसा र भविष्यप्रतिको आशा" Vision र दृष्टिकोण विनाको लक्ष्य हामी कसरी प्राप्त गर्न सक्छौं?
- क्रियाकलाप लक्षित होइन, उद्देश्यमूलक हिसाबले नतिजा कसरी प्राप्त गर्न सकिन्छ भनी सोही आधारमा लक्ष्यप्राप्त गर्ने योजना बनाउँदा मात्र लक्ष्य हासिल गर्न सकिने देखिन्छ।
- सिचाई र वैदेशिक रोजगारका लागि दैनिक २५०० विदेशिएका युवाहरुलाई नजरअन्दाज गरिएको छ।
- अनुत्पादक खर्चमा कटौति कहाँ र कति भनी उल्लेख गरिएको छैन।
- योजना विना ल्याएको Populist कार्यले कसरी हाम्रो लक्ष्यप्राप्ति होला।
- निजी क्षेत्रको समस्यासँग सहकार्य नगरी ठाडो नीजि क्षेत्र भनेर मात्र कसरी समस्या समाधान गर्न सकिएला?
- आजको प्राथमिकता आत्मनिर्भर अर्थतन्त्र, युवा पलायन हुने अवस्थालाई रोक्नु नै हो यसप्रति ध्यान दिन जरुरी छ। नीतिगत हस्तक्षेप सहितको मौद्रिक नीतिको व्यवस्थापनले मात्रै हामीले आजको संकटलाई उन्मुक्ति दिन सक्छौं।

- अर्थशास्त्रको विश्लेषण समाजशासत्रमा आधारित हुनुपर्दछ। हालसम्म ६ वटा महानगरपालिका हुँदा पनि संघीय सरकारसँग शहरको अवधारणा छैन, त्यसकारण शहर र समाजको अवधारणा विकास गर्दै आर्थिक समुन्नति पहिल्याउनु पर्ने।
- कुल आयातको २३% कृषिजन्य वस्तु आयात हुनु गम्भिर विषय हो। कृषि, पूर्वाधार, मलको सुनिश्चितता, प्रभावकारी वितरण प्रणाली अध्ययन अनुसन्धानमा आधारित उत्पादन प्रणाली जस्ता महत्वपूर्ण विषयमा लगानी गर्नु आजको आवश्यकता हो।
- उत्पादनमा आधारित अनुदानको व्यवस्था गरौं।
- श्रम निर्यात माथिको अत्यधिक निर्भरता क्रमिक रुपले घटाउने सेवा निर्यात मुलुकका रुपमा स्थापित हुने रणनीति आजको लागि आवश्यक छ।

<u>माननीय श्री सरस्वती बजिमय</u>

- जुन उद्देश्यका साथ विनियोजन विधेयक आएको छ यो स्वागत योग्य छ।
- ६० वर्षको इतिहासमा हाम्रो वृद्धिदर ३.८ मात्र रह्यो जुन विकासशील राष्ट्रका न्यून हो।
- सबै मिलि यो देशको आर्थिक उन्नति गर्न आवश्यक छ।
- कोख देखि शोक सम्म महिलाहरुको सुनिश्चितता यो अहिलेको विधेयकमा राख्नुपर्छ।
- जलस्रोतको विकास गरी आर्थिक वृद्धिदर बढायौं भने व्यापार घाटा कम हुन्छ।
- दुधकोशी जलाशययुक्त ६३५ मेगावाटको आयोजना खोटाङ, सोलुखुम्बु, ओखलढुङ्गा जिल्ला अन्तर्गत सबैभन्दा सस्तो यो आयोजनालाई P1 मा राखेर अगाडि बढाउन अनुरोध गर्दछु।
- कृषिप्रधान देश भएकोले कृषिलाई अगाडि बढाएर आर्थिक वृद्धि गर्न सक्छौं।
- नेपाललाई पर्यटकिय गन्तव्यको रुपमा विकास गरी पर्यटक भित्राउँदै हाम्रो देश सवल हुन्छ।

<u>माननीय श्री दामोदर भण्डारी</u>

- अर्थमन्त्रालयले पहिलेनै मन्त्रालयहरुलाई ceiling दिई सक्नुभएको छ र मन्त्रालयले पनि सो अनुसार Budget बनाई प्रस्तुत गरी सक्नु भएको छ। यहाँ म सभामूखमार्फत मन्त्रीज्यूलाई प्रश्न गर्न चाहन्छु के त्यो ceiling मा हेरफेर हुन्छ?
- हामी परम्परागत रुपले हुने छलफलमा माग लिई रहेका छौं यसको सान्दर्भिकता र महत्वमाथि प्रश्न उठेको छ।

- कुन सिद्धान्तको जगमा आज हामी यो budget र कार्यक्रम बनाई रहेका छौं?
- प्रधानमन्त्रीज्यूले प्रतिवद्धता जनाएका विषयहरु यहाँ हासिल भए जस्तो मलाई लाग्दैन।
- शिक्षा, स्वास्थ्य, रोजगारीजस्ता महत्वपूर्ण क्षेत्रहरु मुलुकको अगाडि चुनौतिका रुपमा खडा भएका छन्। त्यसको सामना गर्न र राष्ट्रिय संरक्षणमा बस्नका लागि सरकार संग दृढ इच्छा शक्ति देखिएन।
- यसले राष्ट्रिय अभिभारा पूरा गर्न सक्दैन, राष्ट्रिय संकटको साधन गर्न सक्दैन।

__माननीय श्री मैना कार्की__

- मुलुक र सरकारप्रति आम नागरिकको भरोसामा कमी आएको देखिन्छ।
- उर्जाशील युवाहरुलाई देश भित्र अवसरको सृजना गरी समृद्ध देश बन्छ भन्ने भरोसा जगाउने गरी आगामी वर्षको नीति तथा कार्यक्रममा ठोस भरोसा दिन जरुरी देखिन्छ।
- दिगो शान्ति स्थापना गर्न र पिडितको आयआर्जन र भविष्यको सुनिश्चितताका लागि प्राथमिकिकरणमा राख्न अनुरोध गर्दछौं।
- महिलामुखी बजेट र सामाजिक सुरक्षा  भत्तामा ध्यान दिदैं पछाडि परेका कर्णाली प्रदेशलाई विशेष ध्यानमा राखी बजेट विनियोजनमा माननीय मन्त्री र सरकारको ध्यानाकर्षण होस्।

__माननीय श्री प्रतिक्षा तिवारी__

- सबै विषय र क्षेत्र समेटिएको भएतापनि जिम्मेवारी र जवाफदेहिता कस्ले लिने, मुलुकको समस्या र चुनौति समाधान गर्ने ठोस रुपमा आएको छैन।
- परम्परावादी र कर्मकाण्डी त बन्ने होइन? प्रश्न चिन्ह खडा गरेको छ।
- देश र जनताले महसुस गर्ने गरी बजेट कार्यक्रम बनाउनु पर्दछ।
- देशको आर्थिक अवस्था बलियो बनाउन र सरकारले दिएको लक्ष्य अनुसारको राजस्व संकल्प गर्न ठोस नीति बनाउनुपर्छ।
- राजस्व संकलन गरेवापत जनताले पाउने सेवा पनि सहज हुनुपर्दछ।
- देशलाई आत्मनिर्भर बनाउन देशको पूँजी वृद्धि गर्न समाजवाद उन्मुख अर्थतन्त्रको विकास गर्न समृद्ध नेपाल सुखी नेपाली बनाउन सुरुवात कायम गर्नुपर्छ।
- नीतिगत र संस्थागत भ्रष्टाचारको अन्त्य गर्नुपर्दछ।
- आयातित वस्तु कम गरी निर्यातित वस्तुलाई प्राथमिकता राख्नुपर्छ।
- कृषि बिमाको व्यवस्था  गरी जोखिम न्यूनीकरण गर्नपर्दछ।

- खाद्यान्न र फलफूलको लागि पकेटक्षेत्र निर्धारण गरी आत्मनिर्भर बनी आयातीत वस्तु कम गरौं।
- कृषि र पशुपालनलाई सम्मानित पेशा र व्यावसायीक बनाउन प्राथमिकता दिनुपर्दछ।
- पाँच ज जल, जमिन, जडिबुटी, जङ्गल र जनशक्तिलाई केन्द्रमा राखी उच्चतम सदुपयोग गरी आर्थिक विकासको बाटोमा जानका लागि पूर्वाधार तयार गर्न र उत्पादकत्व वृद्धि गर्दै समन्यायीक वितरणमा आधारित आर्थिक नीति अवलम्बन गरौं।
- शिक्षा, स्वास्थ्यजस्ता आधारभुत सेवालाई जनताको पहुँच पुऱ्याउने, स्वास्थ्य विमाको पहुँचलाई विस्तार गर्ने।

<u>माननीय श्री मुक्ता कुमारी यादव</u>

- मुलुक र जनताको हितमा आएको विधेयक होला भन्ने लागेको छ।
- यो विधेयकले सबै क्षेत्रहरु समावेश गरिएको छ।
- कृषिमा लगानी गरी उत्पादकत्व बढाई, निर्यात बढाउन र आयात घटाउन पर्दछ।
- मधेशका किसानलाई सिंचाईका लागि कमला डाइभर्सन बनाउनुपर्छ समयमा र मलखाद उपलब्ध होस्।
- जबसम्म शिक्षामा विकास हुँदैन तबसम्म अरुमा विकास भएको मानिदैन। शिक्षामा गुणस्तर सीपमुलक, रोजगामूलक शिक्षाप्रदान गर्न विशेष ध्यान दिनुपर्छ।

<u>माननीय श्री सरिता भुसाल</u>

- आएका सुझावमा माननीय मन्त्रीज्यूको ध्यानाकर्षण होस्।
- क्षमतासँग प्रत्यक्ष सरकार राख्ने शिक्षा, स्वास्थ्य, कृषिजस्ता कुराहरुमा बजेटको ceiling हटाउने कुरा कसैले पनि नसोचौं।
- पृष्ठ ६, बुँदा १४ शिक्षा सम्बन्धमा दृष्टिविहिन Autism, वौद्धिक अपाङ्गता, सुस्त श्रवण वा शारिरिक अपाङ्गता बालबालिका र पहिचान विहिनबाट बालिकाको बारेमा विधेयक बनेको देखिदैंन।
- दक्षिण एसियाली मुलुकमध्ये हाम्रो देशमा शिक्षा र स्वास्थ्यमा ज्यादै कम बजेट % छुट्टाएको हुनाले विकास हुन सकिरहेको छैन, तसर्थ गुणस्तरीय शिक्षाका लागि सार्वजनिक विद्यालय सुधार अभियान ल्याउनुपर्दछ।
- संविधानको प्रस्तावना अनुसारको भावनालाई यो विधेयकले पछ्याएको छ त?

- मौलिक हकमा उल्लेख विषयहरुलाई सरकारले बजेट मार्फत सम्बोधन गर्नुपर्दछ।
- अब आउने बजेट जममुखी, युवापुस्तालाई स्वदेशमै बस्ने जनमुखी, युवापुस्तालाई स्वदेशमै बस्ने अवस्था सृजना गर्ने, भुइँ मान्छेका न्यूनतम आवश्यकतालाई बजेटले समावेश गर्न सकोस्।
- कृषि, उद्योग, पर्यटनलाई प्राथमिकतामा राखि रोजगार उन्मुख बजेट आओस्।

<u>माननीय श्री जिवन परियार</u>

- अहिलेको संकटापन्न अवस्थामा जे जस्तो गरी यो विनियोजन विधेयक आएको छ र जुन विषय समावेश भएका छन् त्यसकालागि धन्यवाद दिन चाहन्छु।
- ६० वर्ष अघिको भन्दा हाल स्वदेशमा रहेका युवा र विदेशिन लागेका युवाहरुको तस्वीर राखेर योजना निर्माणका लागि म मन्त्रीमा ध्यानाकर्षण गर्न चाहन्छु।
- राष्ट्रिय समस्याको समाधान खोज्न राष्ट्रिय राजनीतिक युवाहरु एक ढिक्का भएर अगाडि बढ्न जरुरी छ।
- नेपालमा उत्पादित वस्तुहरुलाई पहिलो प्राथमिकता दिन जरुरी छ।
- चालु आर्थिक खर्चलाई घटाउँदै फजुल र उत्पादन खर्चलाई घटाउनु पर्ने
- आयात प्रतिस्थापन गर्ने, व्यापारघाटा कम गर्न पूँजीगत खर्च बढाउन, आन्तरिक र बाह्य लगानी बढाउन र आर्थिक सुशासन कायम गर्न निर्ममताका साथ वर्तमान कानून र नीतिमा सुधार गर्न यहि बजेट मार्फत समयावधि तोकि घोषणा गर्न जरुरी छ।
- राजस्वको लक्ष्य तोके जसरीनै लगानीको पनि लक्ष्य तोक्ने परम्परा बनाउने।
- स्थानीय उपभोक्ताबाट बाटो भवन तथा भौतिक निर्माण बन्द गरौं यसबारेमा भ्रष्टाचार बढेको छ।
- स्वदेशी लगानीकर्तालाई लगानीको वातावरण बनाऊ।
- गैर आवासीय नेपालीको हक अधिकारको सुरक्षा गर्दै आर्थिक लगानीको वातावरण बनाउन जरुरी छ।
- विदेशी र अन्तर्राष्ट्रिय लगानीकर्तालाई लगानीको वातावरण बनाउने नीति बनाउन जरुरी छ।
- वैदेशिक रोजगारमा गएका व्यक्ति तथा परिवार लक्षित सामाजिक सुरक्षाकोष मार्फत विशेष package को नीति ल्याउन जरुरी छ।
- दलित समुदायलाई सम्बोधन गर्ने बजेट रुपान्तणकारी हुन जरुरी छ।

**<u>माननीय श्री  अमृतलाल राजवंशी</u>**

- आर्थिक मापदण्डको आधारमा देखिएको आय र व्ययको खाडललाई कसरी पुरा गर्ने?
- आय आर्जन वृद्धि नगरी कसरी अगाडि बढ्ने?
- Tourism, Agriculture, Hydro project sector लाई राम्ररी २१ औं शताब्दीको अनुसार अगाडि बढाई २१ औं शताब्दी अनुसार अगाडि बढाई राष्ट्रिय पुँजी निर्माण गर्न सक्छौं।
- Unskilled Manpower ले पठाएको Remittance मा देश चलिरहेको छ त्यसलाई Skill गरेर पठायौं भने अझ बढी आय आर्जन गर्न सक्छ।
- नीजि क्षेत्र  अगाडि बढे मात्र रोजगारी बढ्न सक्छ।
- विधेयकलाई राम्ररी Operation गर्यौं भने मात्र हामी अगाडी बढ्न सक्छौं।

**<u>माननीय श्री मन बहादुर गुरुङ्ग</u>**

- प्राकृतिक रुपले भरिपूर्ण हुँदा पनि हामी किन गरिब छौं? किन त हामी गलत छौं? कि त हाम्रो सिद्धान्त र प्राथमिकतानै गलत छ वा दुवै नै गलत छ।
- देशमा व्याप्त समस्यालाई सम्बोधननै नगरी कसरी दिगो, फराकिलो र समावेशी आर्थिक विकास हुन्छ?
- गरिब र धनीको विद्यालय, स्वास्थ्य संस्था, बजार र सहकारी र नीजि क्षेत्रबाट  गरिने व्यवहार फरक छन्। यस्तो अवस्थामा कसरी सामाजिक क्षेत्रको विकास र सामाजिक न्याय हुन्छ?
- देश भित्रको वन पैदावार र ढुङ्गा गिट्टी प्रयोग नगरी विदेशबाट काठ ल्याइएको छ।
- पर्यटन क्षेत्रको वहुआयामित क्षेत्रलाई प्रवर्द्धन गर्नलाई यो सिद्धान्त र प्राथमिकता मौन छ।
- मुलुक आर्थिक रुपमा कमजोर, मानवीय श्रोतको पलायन, सांस्कृतिक विचलनमा रहेको बेला यो विधेयक सिद्धान्त र प्राथमिकता परम्परागत ढंगबाट आउनु र गन्तव्यविहिन, लक्ष्य विहिन भएर आउन त्यति राम्रो होइन। यसलाई सच्चाउँदा राम्रो हुनेछ।

# मिति २०८० साल बैशाख २७ गते

**<u>माननीय श्री गगन कुमार थापा</u>**

- कात्तिकमा स्रोत समितिको बैठक राखौं, मंसिरमा विनियोजन विधेयकको सिद्धान्त संसदमा प्रस्तुत गरौं, १ महिना संसदमा छलफल गरौं, पुसमा पारित भएको सिद्धान्तको आधारमा मन्त्रालयलाई सम्बन्धित सिलिङ्ग र मार्गदर्शन पाओस। यसको आधारमा माघबाट मन्त्रालयबाट प्राप्त कार्यक्रम संसदमा आओस। चैत-बैशाखमा नीति कार्यक्रम र बजेटमात्र पारित नगरी यसका लागि चाहिने ऐन नियम पनि पारित गरौ । थुप्रै देशहरुमा यस्तै असल अभ्यास हुन्छ ।
- कृषिमा आधारित उद्योगलाई प्राथमिकता दिनुपर्छ।
- start-up fund को कार्यान्वयन गर्नुपर्छ।
- निजी क्षेत्रलाई विश्वास दिलाउनुपर्छ।
- बजेटले तल्लो तहलाई उत्प्रेरित पनि गर्नुपर्छ र कतिपय ठाँउमा रोक्नु पनि पर्छ।

**<u>माननीय श्री पृथ्वी सुब्बा गुरुङ्ग</u>**

- नीतिगत, संरचनागत, संस्थागत, सैद्धान्तिक हिसाबले ठोस किसिमको प्राथमिकता छैन।
- प्रशासन सुधार आयोगहरुको प्रतिवेदन अनुसार संघ र प्रदेशका मन्त्रालय, विभागहरु र अन्य कार्यालय तथा निकायहरुको सङ्ख्या घटाउनुपर्छ, यसबाट फजुल खर्च घटेर जान्छ।
- भ्रष्टाचार नियन्त्रण गर्नुपर्छ।
- पूँजीगत खर्च अभिवृद्धि गर्न ऐन, कानून , नियमावलीमा संशोधन गरेर अघि बढ्नुपर्छ।
- औद्यगिक क्षेत्रहरुको पूर्वाधार निर्माणमा बजेट छुट्याउनुपर्छ।
- फराकिलो आर्थिक वृद्धि र रोजगारी वृद्धिको लागि आवश्यक क्षेत्रगत प्राथमिकता तोकिएको छैन ।
- उर्जाको उत्पादन गरेर पेट्रोलको आयातलाई प्रतिस्थापन गरौं
- सडक पूर्वाधार निर्माणमा नँया योजना किन ल्याउने? भइरहेको अधुरा आयोजनाहरुलाई सम्पन्न गर्ने गरी प्राथमिकता निर्धारण गर्नुपर्छ
- चक्लाबन्दीको कार्यक्रमलाई अगाडी बढाउनुपर्छ
- कमसेकम पालिका तहमा आधारभूत तहका अस्पताल बनाउनुपर्छ
- संघीयताको सबलीकरणको लागि संघीय प्रहरी ऐन, संघीय निजामती सेवा ऐन जारी गरौं
- बजेटको अनुगमन गरौ ।

**माननीय श्री जनार्दन शर्मा**

- आगामी वर्षको बजेट नियन्त्रित र विस्तारकारी बनाउनु उपयुक्त हुन्छ।
- आर्थिक स्रोत जुटाउन निजी क्षेत्रलाई चलायमान बनाउनुपर्छ।
- कम्तीमा १० प्रतिशत चालू खर्च कटौती गर्नुपर्छ।
- बजेटलाई आवश्यक पर्न कानून बजेटसँगसँगै विधेयकहरु पारित गर्नु आवश्यक छ।
- दलित एवं गरिबहरुलाई उत्पादनका लागि तालिम , सरकारी तथा बाँझो जमिनको उपयोग गर्ने अधिकार , बिउपूँजी, बजारको सुनिश्चितताका साथै सहुलियतपूर्ण कर्जामार्फत छोटो समयमा गरिबी अन्त्य गर्ने कार्यक्रम अगाडी बढाउनुपर्छ।
- नँया प्रविधिमा आधारित रसायनरहित मल कारखाना आवश्यक छ।
- उद्योगमैत्री नीति र वातावरणमैत्री नीति आवश्यक छ।
- वैदेशिक लगानीमा सरलीकरण गर्नुपर्छ।
- ग्रीन उर्जा निर्यात गर्न नेपाल प्रतिस्पर्धी छ, यसतर्फ योजना बन्नुपर्छ।
- पूर्वाधार निर्माणको ढाँचालाई पुनःसंरचना  गर्नुपर्छ।
- अनुगमन र मूल्यांकन प्रणाली विकास गर्नुपर्छ।
- पालिकाहरुलाई उत्पादनमा केन्द्रित गरी स्रोतहरुको व्यवस्था र बजारीकरणको लागि आवश्यक संयन्त्र बनाइदिनुपर्छ।
- शिक्षा क्षेत्रमा पठनपाठनको परम्परागत तरिकालाई बदल्नुपर्छ।
- कमाउँदै पढ्दै गर्ने कार्यलाई थप विस्तार गर्नु आवश्यक छ।
- स्वास्थ्य क्षेत्रमा प्राविधि र जनशक्तिको व्यवस्थापन गरेर जानुपर्दछ।
- घाटामा रहेका संस्थानहरुलाई नाफामा ल्याउन व्यवस्थापकीय सुधार र सुशासनतर्फ ध्यान दिन जरुरी छ।

**माननीय श्री डोलप्रसाद अर्याल**

- सबैबाट लिइएका सुझावहरु बजेट र नीति तथा कार्यक्रममा ल्याइयोस।
- बजेटमा सतही कुराहरुमात्र समावेश छन्।
- अरबमा दुख गरिरहेका युवापुस्ताका लागि बजेटमा के छ सरकार?

**माननीय श्री ज्ञान बहादुर शाही**

- निजी क्षेत्रले विश्वास गर्ने कुनै आधार छैन।
- भ्याटदेखि भन्सारसम्म डिजिटल कर प्रणाली लागू गर्नुपर्छ।

- नागरिकले कर तिरेवापत के सुविधा पाउने ?

**मानननीय श्री रेखा यादव**

- कर कार्यालय, राजस्व विभाग, मालपोत कार्यालय, जिल्ला प्रशासन कार्यालय यति सम्म विडम्वनाको कुरा वडा कार्यालयमा एउटा निवेदन लेख्नको लागि त्यहाँ घुस दिनुपर्छ भनेर कसरी अर्थतन्त्र व्यवस्था समृद्ध हुन्छ?
- भ्रष्टाचार यहाँ जरो गाडोको छ कि नेपालमा कहाँ भ्रष्टाचार छैन भन्न सक्ने अवस्था छैनः- हरेक निकाय, हरेक ठाउँमा भ्रष्टाचार भइरहेको छ।
- अर्थ नीति बनाउँदा राष्ट्रिय अर्थतन्त्र मजबुद बनाउँन सरकारले कडा भन्दा कडा कानुन ल्याउनुपर्छ।
- कृषिलाई साँचिकै टेवा पुऱ्याउने हो भने रसायनीक मलखाद, कारखाना तत्काल संघीय सरकारको पहलबाट, प्रादेशिक सरकारको सक्रियतामा निर्माण गरिनुपर्छ जसकारण वैदेशिक निर्माता कम हुँदै अन्त्य पनि हुन्छ।
- तराई मधेशलाई कृषि प्रधान घोषणा गरी त्यहाँनिर कृषि आयोजनाहरु लानुपर्छ।
- यदि हामीले अर्थ बढाउने हो भन्ने हिमालका जडिबुट्टी, फलफूलहरुलाई प्रोत्साहन गरि मात्र नेपालमा होइन विदेशमा पनि लैजानुपर्छ र त्यहाँको बजार व्यवस्थापन गर्न सक्नुपर्दछ।
- औद्योगिक क्षेत्रमा उत्पादन, उत्पादकत्व वृद्धिको लागि विश्व बजारमा व्यवस्थापनदेखि आन्तरिक लगानीको लागि विशेष पहल गर्न जरुरी छ। हरेक विदेशी लगानीमा स्वदेशी लगानीको प्रतिशत पनि जोडिनु आवश्यक छ।
- आर्थिक विकासका लागि युवा उद्दमशिलता बढाउन र व्यवसायी र प्राविधिक शिक्षालाई कक्षा ८ देखि पाठ्यक्रममा राखिनुपर्दछ र क्षेत्र विकासको जोड दिनुपर्छ।

**माननीय श्री कृष्ण कुमार श्रेष्ठ**

- विनियोजन विधेयक २०८० को सिद्धान्त र प्राथमिकतामा अहिले विमती जनाउनुपर्ने अवस्था, आवश्यकता नरहेको।
- ठूला पूर्वाधार निर्माण देखि उत्पादन बृद्धि र निजी क्षेत्रको मनोबल बढाउने तर्फ मा. अर्थमन्त्रीज्यूले जोड दिनु भएको।

- नेपालको अर्थतन्त्र चुनौतीपूर्ण अवस्थाबाट गुज्रिरहेको र विश्वव्यापी रुपमा देखा परेको आर्थिक समस्याहरुबाट नेपालको अर्थतन्त्र प्रभावमुक्त नभएको तथा आर्थिक संकटलाई कसरी पार लगाउने भन्नेमा सबैको चासो र चिन्ता रहेको अवस्था भएको ।
- बजेटले लोकप्रियतालाई नभई वास्तविक आवश्यकतालाई ध्यानमा राखेर प्राथमिकीकरण गर्नुपर्ने र फजुल खर्च कटौती गर्दै मितव्ययी र आर्थिक अनुशासनमा आधारित बजेट आउनुपर्ने अपेक्षा रहेको।
- राजश्व संकलनमा भएको कमी कमजोरी, मूल्यबृद्धि र उपभोग्य बस्तुको बढ्दो आयातले थलिएको अर्थतन्त्र सबल बनाउन यथार्थपरक बजेट आवश्यक रहेको।
- अर्थतन्त्रको लय स्वभाविक गतिमा फर्कने गरी मा. अर्थमन्त्रीले उपयुक्त रणनीति अवलम्बन गर्नुहुने र बजेट प्रस्तुत हुने अपेक्षा लिएको।
- कृषियुक्त उर्वर भुमी नेपालमा रहेको कृषक/किसानको अनगिन्ती समस्या समाधान र कृषिक्षेत्रको विकासका लागि आवश्यक भौतिक पूर्वाधार, सिचाईं, सडक, कृषिबजार,शीतभण्डार, गोदामघर, चिस्यान केन्द्र, संकलन केन्द्र, सूचना केन्द्र, विजुली आदिको व्यवस्था गर्ने तर्फ बजेटले ध्यान दिनुपर्ने।
- वर्षेनी कृषकहरुले मलबीउ नपाउने अवस्थाको अन्त्य गर्नुपर्ने।
- मधेशमा विद्युतीय सिचाईलाई प्राथमिकताकामा राख्नुपर्ने।
- मधेश प्रदेशमा ठूलो समस्याको रुपमा रहेको मिटरव्याजी तथा ठगी विरुद्ध किसान मजदुरहरुले उठाएको माग सम्बोधन गरेकोमा सरकारलाई धन्यवाद।
- मिटरव्याजी विरुद्ध कडा कानून कार्यान्वयन गरी पीडितलाई न्याय दिलाउन सरकार अग्रसर हुनुपर्ने।
- बाराको पथलैया लगायत मधेशका विभिन्न स्थानमा रहेको अव्यवस्थित बसोबास तथा भूमीहीन सुकुम्बासीको समस्या समाधान गर्न त्यस्ता हरुवाचरुवा, हलिया, भूमीहीन, सुकुम्बासी पहिचान गरी बसोबास तथा जिविकोपार्जनको लागि बजेट व्यवस्था हुनुपर्ने।
- नागरिकता नपाउने र नागरिकता नभएकै कारण राज्यबाट प्रदान हुने सामाजिक सुरक्षाको अवसरबाट बञ्चित रहने समास्या समाधान गर्नुपर्ने।
- तत्कालीन सम्माननीय राष्ट्रपतिबाट प्रमाणीकरण नहुदा उत्पन्न नागरिकता समस्या समाधानका लागि पूर्व पारित भएको विधेयक वर्तमान राष्ट्रपतिले यथाशीघ्र पारित गर्नुपर्ने।
- मधेश र मधेशी जनताप्रतिको दृष्टिकोण राज्यसत्ताले परिवर्तन गर्नुपर्ने।
- प्रमुख औद्योगिक क्षेत्र रहेको पथलैया देखि बीरगंजसम्मको औद्योगिक करिडोर व्यवस्थित गरेर स्थानीय जनताले ४० प्रतिशत रोजगारीको सुनिश्चितता हुनुपर्ने।
- प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम केन्द्र अन्तर्गत प्रसौनी प्राविधिक शिक्षालयमा भौतिक पूर्वाधार लगायतका समस्या समाधान हुनुपर्ने।

- बारा चुरे फेदको अमलेखगंज बस्तीमा खानेपानी र जंगली जनावरको समस्या समाधान हुनुपर्ने।
- श्रम अस्पताल खोल्ने पूर्ववर्ती निर्णय कार्यान्वयनको व्यवस्था हुनुपर्ने।
- मन्त्रीहरुको क्षेत्रमा मात्र बजेट विनियोजन गरिएमा त्यसको कडा विरोध गर्ने र गर्नुपर्ने।

**<u>माननीय श्री अनिता देवी</u>**

- Road first नभई People first भन्ने पार्टी अध्यक्ष सी के राउत को अवधारणालाई समर्थन रहेको।
- उत्पादित तरकारी तथा दूध फाल्नुपर्ने, घरेलु उत्पादन फालिने, उद्योग बन्द हुने र घरेलु उत्पादनमा बढि कर लिई आयातलाई प्रोत्साहन गर्ने नीतिगत समस्या सुधार गर्नुपर्ने।
- मलखाद माग गर्दा हस्तक्षेप हुने, गोली चल्ने र किसानको समस्या बुझ्ने ज्ञापनपत्र लिन समेत अस्वीकार हुन्छ भने कृषिक्रान्ति हुन नसक्ने।
- कुल बजेटको मलखाद खरिद बाहेकको १.५ प्रतिशत बजेटले कृषिक्रान्ति नहुने भएकोले कृषि क्षेत्रमा लगानी बढाउनुपर्ने, उद्यम गर्न प्रेरित गर्ने वातावरण बनाउनुपर्ने।
- सामुदायिक समाजवाद अन्तर्गत चक्लाबन्दी गरी सामुदायिक खेती गर्ने गराउने परिकल्पनालाई सकार गर्न सरकारले कार्यान्वयन गर्न ध्यान दिनुपर्ने।
- नागरिकता विहिन नागरिकलाई नागरिकता प्रदान गर्न नागरिकता विधेयकलाई फास्ट ट्र्याक वा सदनबाट पारित गरि छिटोभन्दा छिटो नागरिकता दिनुपर्ने अन्यथा २७५ माननीयको नै अपमान र प्रश्नचिन्ह खडा हुने।

**<u>माननीय श्री लालबिर चौधरी</u>**

- बुदाँ १२, १४, र १९ लाई लिएर छलफलमा उपस्थित भएको।
- विनियोजन विधेयक २०८० सिद्धान्त र प्राथमिकतामा सैद्धान्तिक विषयमा कुनै कुरा बाकीँ नभएको तर व्यवहारमा वास्तविक चित्रण गरेर बजेट छुटयाएको नदेखिएको।
- कृषिप्रधान देश नेपालमा ७५-८० प्रतिशत किसान/कृषकहरु नै गुजरबसर (आफ्नो लागिमात्र विभिन्न खाद्यान्न थोरै थोरै गुजाराका लागि उत्पादन गर्ने) मा सीमित रहेको।
- कृषकहरुको बर्गिकरण गर्नुपर्ने:-
    - साना किसान
    - मध्यम किसान
    - ठूला किसान
- ठूलो किसानलाई चक्लाबन्दीको रुपमा कुनै निश्चित भू-भाग (५०, १००, २०० वा ५०० विगाह) खेती गर्न दिने अवधारणा ल्याउनुपर्ने।

- मध्यम किसानलाई उद्यमीको रुपमा पशुपालन, खेतीपाती, कृषि उत्पादनमा प्रोत्साहन गर्न बजेट विनियोजन हुनुपर्ने।
- किसानका समस्या सम्बोधन वा किसानी गर्नेलाई राज्यद्धारा उचित प्रबन्ध/व्यवस्था नभएसम्म अर्थतन्त्र विकास नहुने।
- तराई बेल्टको सिचाईं नहर सशक्त रुपमा सञ्चालन नभएको र सञ्चालन गर्न पूर्वाधार र पानीको समान रूपमा वितरणको व्यवस्था गर्नको लागि अर्थ व्यवस्था हुनुपर्ने।
- विषेशत: थारु समुदायमा देखिएको सिक्कल सेल एनिमियाका विरामी समस्या समाधान गर्न निम्नानुसार व्यवस्था हुनुपर्ने:-
    - नि: शुल्क औषधी उपलब्ध गराउनुपर्ने।
    - नि: शुल्क बिमाको व्यवस्था हुनुपर्ने।
    - मासि फेर्न (नव रक्त संचार) रकम/बजेट व्यवस्था हुनुपर्ने।
    - अंचल अस्पतालमा सिक्कल सेल बिरामीको छुट्टै उपचार वार्ड वा यूनिट हुनुपर्ने।
    - अनिवार्य रगत जाँचको व्यवस्था गर्नुपर्ने।
    - सिक्कल सेल बारे जानकारी गराउन विद्यालयमा पठनपाठनको विधि अपनाउनुपर्ने।
    - स्थानीय निकायमा सिक्कल सेलको विरामीको उपचारको लागि बजेट छुट्याउनुपर्ने।
    - सिक्कल सेलका विरामीलाई फरक क्षमता भएका व्यक्तिमा समावेश गराउनुपर्ने।

<u>माननीय श्री प्रेम सुवाल</u>

- नेपालको संविधानको धारा-४ मा उल्लेख भएको समाजवाद उन्मुख राज्य नै बजेटको सिद्धान्त रहेको र राज्यको स्वामित्वमा लगानी, उत्पादन र वितरण गर्नु समाजवाद हो जसले भनी र गरिबको खाडल घटाउने।
- बजेटको प्राथमिकता कृषि नै हुनुपर्ने र जोत्नेलाई जमिन वितरण हुनुपर्ने।
- भारतीय आयातित खाद्यान्न नेपालीलाई कहिले सम्म खुवाउने ?
- रासायनिक मल कारखाना खोल्नुपर्ने।
- माध्यामिक शिक्षा नि: शुल्क र अनिवार्य तथा विश्व विद्यालय शिषा नि:शुल्क हुनुपर्ने।
- ख्वप विश्व विद्यालयको विधेयक पारित नगर्नेहरुबाट ज्ञानमा आधारित अर्थतन्त्र तयार नहुने।
- सूचनाको हक र प्रेस स्वतन्त्रताको प्रत्याभूति हुनु जरुरी रहेको।
- अनुशासन र स्वास्थ्यको लागि १८ वर्ष युवालाई अनिवार्य सैनिक तालिम दिनुपर्ने।
- स्वार्थ बाझिने गरि हुने राजनीतिक नियुक्तिले नवप्रवर्तन हुन नसक्ने।
- निजी बैङ्क र स्रोत नखुलेको सम्पत्ति राज्यको स्वामित्वमा ल्याउनुपर्ने। नल्याएसम्म नेपालीको सम्पत्तिको सीमा र विदेशमा सम्पत्ति राख्न नपाउन कानुन नबानाए सम्म सरकार बलियो नहुने।

- काठमाडौं उपत्यकामा बढ्दो सडक जाम र वायुप्रदुषणका कारण यहाँका बासिन्दाको आयु र पर्यटक घटेको।
- जनसंख्याको समानुपातिक वितरण हुने व्यवस्था हुनुपर्ने। १६५ निर्वाचन क्षेत्रमा शहर बनाई मन्त्री, सांसदलाई आफ्नै क्षेत्रमा बसोबास गराउने र सन्तुलित विकास गराउनुपर्ने। केन्द्रिय राजधानी दाङ्गमा सार्नुपर्ने।
- विश्वसम्पदा सूचीको भक्तपुर दरबारसँगै जोडिएको भक्तपुर औद्योगिक क्षेत्रको प्रदुषणले अविलम्व स्थानान्तरण गर्नुपर्ने।
- स्थानीय तहको क्षेत्रफलका आधारमा नभई जनसंख्या, शिक्षामा योगदान र प्राचीनतालाई ध्यानमा राखी वित्त आयोगले श्रोत बाँडफाड गर्नुपर्ने।
- असंलग्नता र पञ्चशीलको पक्षपोषक नेपालले UN मा अमेरिकी पक्षमा मत दिनु गलत भएको र वर्तमान र भविष्यको अमेरिकी नीति र कानून पालन गर्नुपर्ने MCC सम्झौता र अमेरिकी सेनाले नेपालको व्यारेक कब्जा गर्ने SPP साझेदारी खारेज गर्नुपर्ने।
- मानवतस्कर र भ्रष्टाचारीलाई कारबाही हुनुपर्ने र कानुन सबैको लागि समान रुपले कार्यान्वयन हुनुपर्ने।
- उद्योगी व्यापारी र कर्मचारीलाई शासकहरुले कार्यकर्ता बनाएको हुदा चालू खर्च नपुग्ने राजश्व उठेको।
- नेपाली भूमी कालापानीबाट भारतीय सेना हटाउने र लिम्पियाधुरामा जनगणना गर्ने विषय प्रथमिकतामा राख्नुपर्ने।
- सार्वजनिक संस्थानहरु बेच्नु र युवालाई बैदेशिक रोजगारीमा पठाउनु देशद्रोही काम रहेको।
- नेपालीको लगानी जलविद्युत उत्पादन गरेर खाना पकाउन, कृषि, यातायात, उद्योग, र व्यापारको लागि सस्तोमा विजुली उपलब्ध गराई व्यापार घाटा कम गर्नुपर्ने।
- अर्बौं रुपैयाको ऋण लिनेलाई औद्योगिक क्षेत्रको जग्गा, भवन, विजुली सस्तो र करमा सहुलियत नदिइ साना ऋणीलाई व्याज र करमा सहुलियत दिनुपर्ने।
- ६३ साल यता जन्मको आधारमा विदेशीले लिएको नागरिकता खारेज गर्नुपर्ने र निनका सन्तानलाई वंशजको आधारमा नागरिकता दिन नहुने।

**<u>माननीय डा. अमरेश कुमार सिंह</u>**

- विनियोजन विधेयक २०८० को सिद्धान्त र प्राथमिकतामा Economic recovery, Economic development, Economic growth कुरै नगरिएको ।विगत १० वर्षदेखि उस्तै प्रकृतिको Policy programming मात्र भएको।

- यस बजेटको सिद्धान्तबाट नेपाली जनताको खल्तिमा पैसा नआउने र जिविकोपार्जन गर्न समेत कठिन रहेको ।
- Effective revenue collection नभएको र नहुनुका कारणहरु: -
    - भन्सार घाटा भएको।
    - आन्तरिक राजश्व नउठेको।
    - Smuggling भइराखेको र पुँजी पलायन भएको।
- विचौलियाले बजेट बनाउने र अर्थमन्त्रीले पढ्ने मात्र गरेको। पछिल्लो सरकारको अर्थनीति केही घरानाबाट प्रभावित हुने गरेको ।
- लाइसेन्स वितरणमै नियमन गर्नुपर्ने । Regulatory bodies are more bureaucratic than autonomous. We need less bureaucracy, more autonomy.

**<u>माननीय श्री शंशाक कोइराला</u>**

- कृषिप्रधान देशमा कृषि निर्भरतामा बाँच्नुपरेको अवस्था रहेको।
- कृषिमा बजेट अत्यन्त कम (१-२%) हुनेगरेकोले बजेट विनियोजन गर्दा कृषिमा Focus गर्नुपर्ने।
- कृषिमा आधारित अर्थतन्त्र निर्माण गर्न आजैबाट कृषिक्रान्ति सुर गर्नुपर्ने।
- कृषिमा कम्तिमा २० प्रतिशत बजेट विनियोजन हुनुपर्ने।
- ४० वर्ष सम्मका युवा समूहलाई वैदेशिक रोजगारीको भन्दा बढी आय हुने वातावरण श्रृजना गर्नुपर्ने।
- हामीसँग रहेको जल, जमिन, जंगल, जडिबुटीको सदुपयोगमा ध्यान पुर्याउनुपर्ने।
- कृषिलाई प्राथमिकता नदिनु दुर्भाग्यपूर्ण भएको।
- भ्रष्टाचारमा शून्य सहनशीलता हुनुपर्ने।
- आफूबाट भ्रष्ट्राचार कम गर्नुपर्ने।
- यो एउटा रोग भएको र भ्रष्टाचार निर्मूल गर्न नसकिएपनि भ्रष्टाचार न्यूनीकरणको प्रयत्न गर्नुपर्ने।

**<u>माननीय श्री छविलाल विश्वकर्मा</u>**

- आगामी बजेट निक्र्यौल गर्ने आधार स्पष्ट र मजबुत र जीवन उपयोगी बनाउनुपर्ने अन्यथा विनियोजन विधेयकको सिद्धान्त र प्राथमिकता परम्पराको निरन्तरतामा सीमित हुने।
- वैदेशिक रोजगारीमा गएका, वित्तीय संस्थामा व्यावसायिक ऋण भएका, सुकुम्बासी, अव्यवस्थित बसोबासी, गरिब जनता आदिलाई मध्यनजर गरी बजेट बनाउनुपर्ने।

- छरिएर रहेका साना साना पुँजी संकलन गरि राज्यकोष सबल बनाउनुपर्ने र पुँजीको दायरा फराकिलो पार्नुपर्ने तथा त्यसको स्वामित्वलाई प्रोत्साहित गर्नुपर्ने नीति अवलम्बन गर्नुपर्ने।
- उद्योग संचालनको लागि अनुदान र ऋणमा सहुलियत दिनुपर्ने र उद्यमशीलताको विकास गराउने र व्यवसायको विस्तार एवं प्रवर्द्धन गराउनुपर्ने।
- कुटीर तथा घरेलु उद्योग र परम्परागत उद्योगलाई आधुनिकीकरण गर्ने गराउनेतर्फ बजेट केन्द्रित गर्ने सोच राख्नुपर्ने।
- विकास पूर्वाधारसँग सम्बन्धित रहेका कामहरु बजेटको प्राथमिकतामा गरिब र जनतामा केन्द्रित गर्नुपर्ने।

**<u>माननीय श्री रुपा सो.सी. चौधरी</u>**

- अर्थतन्त्र अप्ठेरोमा रहेको र हामी व्यापार घाटाम रहेको।
- किसानहरु रोदन क्रन्दनबाट गुज्रिराखेकोले उत्पादित वस्तु बजारमा नगई खेर गएको अवस्थाको स्थिति रोकथाम गर्ने र निम्न सुझाव लागु भएमा हाम्रो देशमा स्वाधीन अर्थतन्त्रको सुरुवात हुने:-
    - वैदेशिक उत्पादन सामाग्रीको आयात न्यूनिकरण।
    - विकसित छिमेकी मुलुकको वीचमा विकासोन्मुख देशको रुपमा रहेको हामीले स्वभाविक रुपमा बढ्दो लागत मूल्यलाई कसरी समायोजन गर्ने र किसानलाई राहत दिने भन्ने बजेटमा प्राथमिकता दिनुपर्ने।
    - भन्सार विन्दुमा Under billing, Under Quantity verification गर्ने कुरालाई नियन्त्रण गर्नुपर्ने।
    - सरकारका भन्सार सम्बद्ध निकायलाई सक्रिय बनाउनुपर्ने तथा प्रभावकारी र कडाइपूर्वक क्वारेन्टाइन गरी भन्सार छली रोक्नुपर्ने र स्वदेशी उत्पादनले बजार पाएमा अर्थतन्त्रको मेरुदण्डको रुपमा रहेको कृषिले स्वाधीन अर्थतन्त्रको निर्माण प्रक्रियामा गति लिने।
    - हाइड्रोपावरमा लगानी बृद्धि गरी पेट्रोलियम पदार्थलाई विस्थापित गर्न सकेमा देशको अर्थतन्त्र उस्कने ।

**<u>माननीय श्री सन्तोष परियार</u>**

- समाज विज्ञानको विधामा सबैभन्दा सैद्धान्तिक हिसावमा फराकिलो र अध्ययन पद्धतिको हिसावमा बलियो अर्थशास्त्र रहेको तर प्रस्तुत भएको अर्थशास्त्रमा आधारित सिद्धान्त यति फितलो, यति अस्पष्ट र यति अमूर्त आउदा राम्रो नलागेको।

- २०४७ साल यता अर्थतन्त्र र विकासको कुरा भएपनि विकासलाई मानवसँग र अर्थतन्त्रलाई जनताको जीवनसँग रुपान्तरण गर्ने गरी जोड्यौ कि जोडेनौ विचार गर्नुपर्ने
- यो विधेयकका सिद्धान्त र प्राथमिकता वा आउने आ.व.को बजेट नेपाल सरकार वा नेपाली जनता कसको हो अर्थात मा. अर्थमन्त्रीले आउदो बजेट पुँजीवादी वा समाजवादी हुने हो त्यसको जवाफ दिनुपर्ने।
- आयोजना कर्यान्वयन कमजोर हुँदा पूँजीगत खर्च र प्रभावकारिता बढ्न नसक्नुको मूल कारण यस्तै प्रकृतिको सिद्धान्त विहीन आलटाले विनियोजन हुनु रहेको।
- विधेयकमा प्रस्तुत सिद्धान्त र सिद्धान्तको आधारमा निर्धारण गरिएको प्राथमिकताले थप अनियमितता र अन्यौल सिर्जना हुने।
- सरकारले ल्याएको यो सिद्धान्त र प्राथमिकता पुरानो ढर्राको आलटाले मात्र भएको ।
- कृषि गर्नेको जमिन नहुने र कृषि नगर्नेले जमिनमा आधिपत्य जमाएको अवस्था रहेको तर सिद्धान्त र प्राथमिकतामा यी कुरा नआएको।
- अर्थतन्त्र, आर्थिक दृष्टि, आर्थिक नीति हामीले बनाउने हो वा अर्थनीतिले हामीलाई बनाउने भन्ने सिद्धान्तमा छुट्टिनुपर्ने र प्राथमिकतामा पर्नुपर्ने।
- लोकतन्त्रको उच्चतम विधिका रुपमा संघीयता र संघीयताको सबलीकरण गर्न आवश्यक इमानदार नेतृत्व र क्षमतावान प्रशासनको विषय प्रस्तुत सिद्धान्त र प्राथमिकतामा नपरेको।
- विकासको विविध आयामिक अवधारणाहरु समेट्नुपर्ने र भौतिक विकास सँगै मानवीय विकासलाई केन्द्रमा राख्नुपर्ने।
- जानसांख्यिक लाभांशको लाभको उपयोग गर्नुपर्ने।
- विप्रेषणमा आधारित अर्थतन्त्र संचालन हुदा कमजोर परिवार र क्षतविक्षत भएको समाज कायम राखी बलियो राष्ट्रको कल्पना गर्न नसकिने।
- भौतिक विकासको कुरा गर्दा तथ्याङ्कभन्दा बढी मिथ्याङ्कको कुराले हामीले चाहेको समाज निर्माण गर्न नसकिने।
- भौतिक विकास र मानव विकास सँगसँगै मानवीय चेतनाको पनि विकास र समाजको पनि विकास गर्नुपर्ने राज्यको दायित्व भएको।
- यस विनियोजन विधेयकको सिद्धान्तमा भौतिक विकासभन्दा मान्छेको जीवनोपयोगी शिक्षा र स्वास्थ्यका कार्यक्रम हुनुपर्ने।
- आर्थिक बजेट भनेको जनता र सरकारबीचको आर्थिक करार भएकोले जनताको उन्नती, विकास र न्याय हुँदैन भने त्यस्तो करार आवश्यक नरहेको।
- अब निर्माण हुने बजेट भौतिक विकाससँगै मानवीय, हिंसारहित र मानव र मौलिक अधिकारको रक्षा गर्ने नेपाली जनताको हितमा हुनुपर्ने।

**<u>माननीय श्री दिपक बहादुर सिंह</u>**

- विनियोजन विधेयकको छलफलमा उठेका विषय आगामी नीति तथा कार्यक्रम तथा बजेटमा प्रतिविम्वित हुने व्यवस्था हुनुपर्ने।
- निहित स्वार्थमा लागेर सीमित व्यापारिलाई फाइदा हुने गरी नीति परिवर्तन गरिरहनु नहुने।
- स्वदेशी खानीजन्य वस्तु उत्पादन गरी रोजगारी सिर्जना गर्न सकिने।
- अरबौ अरब रकम विदेसिने अवस्थाको अन्त्य गर्नुपर्ने।
- आवश्यकतामा आधारित विकास प्रक्रिया अँगाल्नुपर्ने।

**<u>माननीय श्री रन्जु कुमारी झा</u>**

- विनियोजन विधेयकको सिद्धान्त, २०८० को सिद्धान्त र प्रथामिकतामा छलफल भइरहेको नेपाल सरकारका मन्त्रालयहरुबीच समन्वय हुनुपर्ने।
- सिद्धान्त र प्राथमिकतामा शिक्षा, स्वास्थ्य, युवा उर्जा, कृषि, खेलकुद, पर्यटनलाई गम्भिरतापूर्व लिनुपर्ने।
- शिक्षाको कुरा गर्दा पूर्वाधार भन्दा पनि सेवाको गुणस्तरीय बढाउनेतिर ध्यान दिनुपर्ने।
- स्वास्थ्यको क्षेत्रमा विशिष्टकृत स्वास्थ्य उपचार सुलभ स्वास्थ्य उपचार गुणस्तरीय सेवा दिनमा मानव शक्ति उत्पादनमा ध्यान पुऱ्याउनुपर्ने।
- शिक्षा, स्वास्थ्यको क्षेत्रमा पूर्वाधार निर्माणमा भन्दा पनि मानवीय जनशक्ति निर्माणमा लाग्नुपर्ने।
- रोजगारको क्षेत्रमा औद्योगिकीकरण गर्नमा जोड दिनुपर्ने।
- कृषिमा आद्युनिकीकरण गर्न रासायनिक मल कारखानाको व्यवस्था गर्नुपर्ने, मल ल्याउन G to G को सम्झौताबाट पछि हटनुपर्ने, गुणस्तरीय मल भित्र्याउनमा ध्यान पुऱ्याउनु पर्ने।
- खेलकुदका क्षेत्रमा लागेका खेलाडीको मनोबल उकास्न बजेटको व्यवस्था गर्नुपर्ने।
- पर्यटनको क्षेत्रमा विशेष योजना विज्ञहरुको सल्लाहमा ल्याउनुपर्ने।
- वैदेशिक लगानी कर्ताको लागि शुलभ नीति र कानून निर्माण गर्नुपर्ने।
- ग्यास चुलालाई हटाउन ईनडेक्सको निशुल्क वितरण गरी आफ्नो देशमा उत्पादित जलविधुतको उपयोगमा जोड दिनुपर्ने।
- जल, जमिन र जङ्गललाई बढिभन्दा बढि उपयोग सहि तरिकाले उपयोग हुने व्यवस्था गर्नुपर्ने।

## माननीय श्री अर्जुन नरसिंह के.सी.

- दिगो, फराकिलो समावेशी आर्थिक वृद्धि, रोजगारीसगै सुशासन प्रबर्द्धनको विषय विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकतामा रहनु अन्य राम्रो र सकारात्मक छ।
- IMF ले यथास्थिति रुपमा रहने हो भने आगामी वर्ष १.४ देखि १.५ भन्दा बढि आर्थिक वृद्धि रहने भनी प्रक्षेपण गरेको सन्दर्भमा नीतिगत सतर्कता अपनाउन जरुरी छ।
- लक्ष्य र उद्धेश्य कबुल गरिएका कुरा सकारात्मक भएपनि अमूर्त, अस्पष्टता रहेको विषयले सहयोग गर्न नसकेको।
- प्रियतावादी र वितरणमुखी बजेटलाई बन्द गरियोस, विगतका योजना, कार्यक्रमलाई निरन्तरता बाहेक अन्य कुरा थप नगरियोस्।
- संस्थागत क्षमता, क्षमता विकासका क्षेत्रमा लगानी गर्नुपर्ने।
- अनुत्पादक खर्च निर्ममतापूर्वक रुपमा घटाउनुपर्ने।
- भ्रष्टाचार घटाउनमा परंपरावादी सोच हटाउनुपर्ने।
- लगानीलाई रोजगारीसँग जोड्ने र उत्पादनसँग जोड्नमा दृष्टापूर्वक लाग्नुपर्ने।
- नेपालको विकासको मूल आधार कृषिको लागि मलको अभाव रोकी समयमा अभाव नहुने गरी व्यवस्था गर्नुपर्ने।
- उद्योग, पर्यटन, जलस्रोतमा भएको नैरास्यताको अन्त्य गर्ने स्थिति बन्नुपर्ने।
- लुटेका, भ्रष्टाचार गरेको रकम श्रोत १०० र ५०० को नोटबन्दी गर्नुपर्ने।

## माननीय श्री रघुवीर महासेठ

- विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकतामा राखिएका कुरा अपर्याप्त रहेको।
- तत्काल आर्थिक वृद्धिका लागि नयाँ नयाँ कार्यक्रमहरु ल्याउनुपर्ने।
- Digital Economy लाई प्रवर्द्धन गर्न ठोस कार्यक्रम घोषणा हुन नसकेको, कानुनी तथा संस्थागत सयन्त्रको आभाव देखिएको।
- सामाजिक क्षेत्रको विकासको लागि गुणस्तरीय शिक्षा, राज्यको लगानी, ठोस नीतिको अभाव देखिएको।
- नेपाल सरकारको लगानीमा स्थापित शैक्षिक संस्थाबाट प्रदान गरिने सेवा प्राप्त हुने शिक्षामा जनविश्वास सिर्जना गर्ने वातावरण तयार गर्नुपर्ने, निजी र सरकारी विचको शिक्षामा हुने विभेदको अन्त्य हुनुपर्ने।

- वित्तिय संघीयताको राम्रो अभ्यास हुने सकेका स्थिति नरहेको, प्रदेश सरकारको खर्च नियमन हुने व्यवस्था हुनुपर्ने।
- तुलनात्मक लाभका क्षेत्रहरुको पहिचान गरी वैदेशिक लगानीका कार्यक्रम लागू गर्नुपर्ने, जल विद्युतका क्षेत्रमा मात्र होइन।
- कृषि अनुदान बीमाको सही कार्यक्रम हुने स्थिति सिर्जना गर्नुपर्ने, निम्न र मध्यम वर्गीय किसानलाई मात्र कृषि अनुदान प्रवाह हुने नीतिगत व्यवस्था गर्नुपर्ने।
- चालु ठूला योजनामा बजेटको निरन्तरता हुनुपर्ने, बजेट कटौती गर्नु नहुने।

<u>माननीय श्री विमला सुवेदी</u>

- विनियोजन विधेयक,२०८० को सिद्धान्त र प्राथमिकता अन्तर्गत बजेट देशको आर्थिक स्थितिमा सुधार, आत्मनिर्भरतामा विकास गर्दै समाजवाद उन्मुख अर्थतन्त्रलाई केन्द्रविन्दु बनाएर प्राथमिकता क्रममा कृषि, उर्जा, पर्यटन, औद्योगिकरण विकासलाई राख्नु आवश्यक रहेको।
- कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गरेर आत्मनिर्भरता बढाउन महत्वपूर्ण क्षेत्र रहेको, रसायनिक मल कारखाना देशमै बनाउने नीति लिइनुपर्ने।
- भू-उपयोग नीतिलाई कार्यान्वयनमा आउने गरी व्यवस्था गर्नुपर्ने।
- बजेटमा शिक्षा, स्वास्थ्य, खद्यान्न, रोजगारी जस्ता संविधानले मौलिक हकको रुपमा व्यवस्था गरिएका क्षेत्रमा बजेटको व्यवस्था गरिनुपर्ने।
- बुढिगण्डकी जलाश्ययुक्त आयोजना, मध्यपहाडी लोकमार्ग जस्ता राष्ट्रिय, गौरवका आयोजनामा ध्यान केन्द्रित गर्नुपर्ने।
- संघीयताको कार्यान्वयन र सबलीकरणको लागि वित्तीय समानीकरण बजेटको वृद्धि गर्नुपर्ने, सेवा प्रवाहमा सुधार हुनुपर्ने छ।

<u>माननीय श्री दिपक गिरी</u>

- प्रि-बजेटको छलफल अन्तर्गत ल्याएको बजेट कार्यान्वय योग्य हुनुपर्ने।
- जग्गाको विशिष्टकृत रुपमा वर्गीकरण गरी त्यसको सहि व्यवस्थापन गर्नुपर्ने।
- बजेट सन्तुलित रुपमा पश्चिमी, तराई, पहाड र हिमाल सबै क्षेत्रमा हुने गरी विनियोजन गरिनुपर्ने।

**<u>माननीय श्री ज्वाला कुमारी साह</u>**

- विनियोजन विधेयक अन्तर्गत सिद्धान्त र प्राथमिकताको क्षेत्रमा पुरानै कुरा लिइनेछ, गरिनेछ जस्ता कुराले आमजनताको समस्या समाधान गर्न सक्ने कुरामा शंकास्पद रहेको।
- भ्रष्टाचारीलाई कडा भन्दा कडा कारवाही हुने व्यवस्था गरिनुपर्ने।
- रसायनिक मल आयात गर्न कृषि मन्त्रालय अन्तर्गत रसायनिक मल आयात गर्न कृषि सामाग्री संस्थानलाई नदिएर साल्ट ट्रेडिङ्ग कयौं संस्थानबाट गरिनु शंकास्पद रहेको।
- भौगोलिक रुपमा भिसन एग्रीकल्चरको व्यवस्था मार्फत १५ वर्षसम्म निरन्तरता दिनुपर्ने।
- वास्तविक किसान, युवा, महिला लगायतको व्यवस्थित अभिलेखीकरण गर्नुपर्ने।

**<u>माननीय श्री छिरिङ्ग डम्डुल लामा (भोटे)</u>**

- विनियोजन विधेयकको सिद्धान्त र प्राथमिकतामा मूल....सहमति जनाउदै सिद्धान्त र प्राथमिकतामा संघीय लोकतान्त्रिक र गणतन्त्रात्मक शासन व्यवस्थाको मूल मर्म समेटिएको हैन।
- समाजवाद, उन्मुख अर्थतन्त्र  हुने भनी नेपालको संविधानको प्रस्थापना भएको विषय अन्तर्गत आगामी बजेटले यस कुरामा ध्यान दिनुपर्ने।
- सार्वजनिक खरिद ऐनको संशोधन गरिनुपर्छ।
- हिमाल क्षेत्रमा बजेटमा प्राथमिकता दिनुपर्ने।
- समाजवादी अर्थ व्यवस्था कार्यान्वयन गर्नुपर्ने  अतिरिक्त मूल्यको सिद्धान्त र मर्मलाई ध्यान दिनुपर्ने।
- शुलभ शिक्षा र स्वास्थ्यको व्यवस्था गर्नुपर्ने।
- कृषिलाई औद्योगिकीकरण गर्ने र मलको लागि देशमै कारखाना स्थापना गर्नुपर्ने।
- पर्यटनलाई श्रोत दिनुपर्ने।

**<u>माननीय श्री दिलेन्द्र प्रसाद बडू</u>**

- विनियोजन विधेयकको सिद्धान्त र प्राथमिकतामा छलफलमा उठेका विषयलाई सम्बोधन हुने व्यवस्था हुनुपर्ने।
- सीमा क्षेत्र र सिमान्त क्षेत्रको विकासमा ध्यान दिन सके सन्तुलित विकास र सीमा क्षेत्रमा राष्ट्रियता र स्वाभिमानको संरक्षण हुनुपर्ने

- नेपालको भूमी रहेको सीमा क्षेत्रको विकासका लागि विशेष व्यवस्था हुनुपर्ने, सीमा पारिका विकास भन्दा कम विकास नहुने गरी विकास निर्माणको लागि बजेटको व्यवस्था गर्नुपर्ने।
- दोषी कानूनको दायरामा आउने निर्देशन पर्ने गरी भ्रष्टाचारका विषयको छानबिन हुनुपर्ने, छानबिनमा दबाब दिन नहुने।
- दार्चुला टिंकर सडकलाई राष्ट्रिय गौरवको आयोजनामा समावेश गरी पर्याप्त बजेटको व्यवस्था हुनुपर्ने।
- शिक्षा, संचार, खाद्यान्नलाई त्यस क्षेत्रको लागि प्राथमिकतामा राख्नुपर्ने
- देशको न्याय प्रणालीलाई पनि संघीयताको मर्म अनुरुप विकास गर्नुपर्ने।

**<u>माननीय श्री दामोदर वैरागी पौडेल</u>**

- स्थिरता विकास गर्नका लागि।
- पछौटेपन अन्त्य गर्नको लागि।
- आर्थिक सामाजिक विभेद अन्त्य गर्नको लागि।
- चरम गरिबीलाई शुन्यमा झर्नको लागि।
- द्रुत गतिमा विकास गर्नको लागि।
- दलाली, एकाधिकारलाई कम गर्न हामीले commitment गर्न जरूरी छ।
- सबल र राष्ट्रिय अर्थतन्त्र निर्माण गर्ने।
- तीन तहका लागि समानीकरण अनुदानलाई बढाउनु पर्छ।
- न्याय प्रणाली स्वच्छ बनाउनको लागि हाम्रो प्राथामकिता त्यही अनुसारको हुन जरूरी छ।
- दिगो विकासका लक्ष्य पछ्याउन पनि हामीले यी विषयमा ध्यान दिन जरूरी छ।
- उत्पादन र सेवा बजार र मूल्यको सन्तुलनलाई मिलाउन नसक्दा अहिले हाम्रो देश आर्थिक रूपमा सङ्कट ग्रस्त हुने अवस्थामा पुगेको छ।
- लोक कल्याणकारी राज्यको अवधारणा।
- उत्पादनमा आधारित अनुदानलाई व्यवस्थित गर्ने।
- उत्पादनका साधनहरू जनताको हातमा हुनुपर्ने।
- पर्यटन सम्बन्धी स्थान पहिचान गरी बजेट विनयोजन गर्ने।
- योगदानमा आधारित सामाजिक सुरक्षा।
- वैकल्पिक ऊर्जा त्यसमा पनि वायो ग्यास।

**<u>माननीय श्री ईश्वरी देवी न्यौपाने</u>**

- कृषिमा आधारित उद्योग र कारखाना।
- कृषि पकेट, कृषि हब क्षेत्र।
- प्रत्येक स्थानीय तहमा मल कारखाना।
- गुणस्तरीय शिक्षा सबैको पहुँच।
- निजी विद्यालयमा कम्तिमा १% सम्म tax।
- गरिबलाई सर्वसुलभ स्वास्थ्य उपचार।
- युवा पलायन रोक्ने ठोस् कार्यक्रम।

**<u>माननीय श्री राजेन्द्र कुमार राई</u>**

- पहाडी जिल्लाहरूको विकासको लागि मेडिकल कलेज, इन्जिनियरिङ कलेज, कृषि क्याम्पस, वन क्याम्पस बनाउने कुरामा ध्यान दिनुपर्ने।
- पहाडी र हिमाली क्षेत्रमा राम्रो हस्पिटल, पूर्वाधार बनाउन गम्भीर रूपमा छलफल हुन जरूरी छ।
- हरेक शहरमा, हरेक ठुलो ठुलो जिल्लामा training center बनाउनु पर्ने।

**<u>माननीय श्री शंकर भण्डारी</u>**

- दिगो र फराकिलो आर्थिक वृद्धि हासिल गर्ने तर्फ बढी लक्षित हुने भनिएको छ तर प्रस्ताव र प्राथमिकता स्पष्ट छैन।
- जहाँ जुन वस्तु उत्पादनको सम्भावना छ त्यहाँ त्यही वस्तु उत्पादन गरौं।
- कृषि उत्पादनको लागि स्थानीय तहबाटै बजारको प्रबधन गरौं।
- काठ तथा फर्निचरका सामान विदेशबाट ल्याउन कम गर्नलाई कानुन बनाउन जरूरी छ।
- लगानी कर्तालाई प्रोत्साहित तथा विश्वासमा लिने नीति तथा कार्यक्रम बनाउनु जरूरी छ।
- राष्ट्रिय शिक्षा नीति तर्जुमा गरि कार्यान्वयन गर्नको लागि म विशेष अनुरोध गर्न चाहन्छु।
- धार्मिक पर्यटनको सम्भावना छ त्यसको प्रवर्द्धन हुने गरी बजेट ल्याउन अनुरोध गर्न चाहन्छु।

**माननीय श्री चन्द्र बहादुर विश्वकर्मा**

- संविधानको मौलिक हक मध्ये शिक्षा, स्वास्थ्य, रोजगार, आवासमा न्यूनतम रूपमा कुनै एक राज्यले सुनिश्चित गर्ने।
- प्राविधिक र व्यवसायिक उच्च शिक्षामा दलितका लागि कानुन बमोजिम विशेष व्यवस्था गरिने छ भनेको छ तर विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकतामा त्यो देखिएन।
- राज्यले भूमिहीन दलितलाई एकपल्ट जमिन उपलब्ध गराउनुपर्ने छ।

**माननीय श्री श्याम कुमार घिमिरे**

- सेवा क्षेत्र विस्तार नै मुलुकको अर्थतन्त्रको प्रमुख आधार,
    - शिक्षाः- सार्वजनिक, निजी एवम् सामुदायिक क्षेत्रलाई एकसाथ लिएर जानुपर्ने आजको आवश्यकता हो। मनाशय लिएर सबै पूर्वाधार तयार पारेर बसेका निजी मेडिकल इन्जिनियरिङ लगायत प्राविधिक शिक्षामा रहेका अवरोधहरूलाई हटाई सबैलाई ल्याउन आवश्यक छ। त्यसैगरी यस क्षेत्रमा नयाँ आउन चाहनेहरूलाई पनि मार्ग प्रशस्त गर्न आवश्यक छ, गुणस्तरको विषयमा कठोर बन्ने हो तर नीतिगतरूपमा लचिलो भएर आगाडि बढ्ने।
    - स्वास्थ्यका क्षेत्रमा पनि शिक्षामा झै सार्वजनिक, नीजि एवम् सामुदायिक क्षेत्रलाई एकसाथ विकास गर्ने नीति अवलम्बन गर्न जरूरी छ। स्वास्थ्य विमालाई अझ प्रभावकारी बनाउन पारिवारीक विमा भन्दा व्यक्तिगत स्वस्थ्य विमा प्रणालीमा जान आवश्यक छ। विमाको रकम १ लाखबाट ५ लाख पुऱ्याउने।
    - पर्यटन प्राय सबै देशहरूले अपनाएको विधि Prostitution लाई समेत निश्चित मापदण्ड तयार गरि कानुनी मान्यता प्रदान गर्नुपर्छ।
    - विद्युत विक्रि वितरणमा कानुन बनाई निजी क्षेत्रको सहभागिता बढाइयोस्।
    - कृषिको आधुनिकरण, व्यवसायिकरण एवम् औद्योगिकरण गर्न समस्या भएकोले आवश्यक कानुन बनाउन जरूरी छ। गाँजा खेतिलाई तत्काल कानुनी रूपमा खुल्ला गर्न जरूरी छ।
- व्याजदर single digit मा राख्न आवश्यक छ।
- पूर्व-पश्चिम राजमार्ग तत्काल ६ लेन बनाउने।
- मध्यपहाडी राजमार्गलाई गुणस्तरीय ढंगले सम्पन्न गर्ने।
- उत्तर-दक्षिण कोरिडोरलाई सम्पन्न गर्ने तथा अन्य रणनीतिक निर्माणमा पनि जोड दिने।

- राज्यको स्वामित्व भएका कम्पनीहरूलाई सेयर विक्री गर्ने, निजीकरण गर्ने, liquidity मा लैजाने,
- Real state लाई पनि व्यवस्थित विकास गर्न जरूरी छ।
- बजेट निष्पक्ष र आवश्यकताको आधारमा गर्ने।

**<u>माननीय श्री हेमराज राई</u>**

- हाम्रो देशको आर्थिक विकास समस्या ग्रस्तको रूपमा नै प्रस्तुत भएको छ। यसको कारण खोज्न यो दस्तावेज अपुग रहेको छ। कारण पत्ता लगाएर र त्यसको उपाय आउन जरूरी हुन्छ जुन अहिलेको दस्तावेज विधेयकमा कमि देख्छु।
- तीन तहको सरकार हुँदा पनि देशको पुँजीगत खर्च ३० प्रतिशत भन्दा माथि नजानु अत्यन्त दुखद कुरा हो। संघीयतालाई सुधार्न जुन खालको सिद्धान्त यहाँ प्रतिपादन भएको छ।
- यदि हामीले स्थानीय तहलाई ऐनद्वारा, जनशक्तिद्वारा, बजेटद्वारा सबल बनाउने हो भने मलाई विश्वास छ यो पुँजीगत खर्चको न्यूनता हुन्छ।
- समावेशी विकासको अवधारणाको सन्दर्भमा म अलिकति छोटो टिप्पणी गर्न चाहन्छु। समावेशी विकास यसको लक्ष्य हो तर मलाई लाग्छ समावेशी विकासको सन्दर्भमा हामीले यसलाई कसरी व्यख्या गरिरहेका छौं एक ठाउँमा उल्लेख छ कि जातजाती, वर्ग, लिङ्ग जुन उत्पीडित रहेका छन् त्यसको विकासको लागि कार्यक्रम ल्याइने छ भन्ने विषय यतिले मात्र हामीले यसलाई बुझ्नु हुँदैन। यसको सन्दर्भमा यो नेपालको विकासको सन्दर्भमा जुन वहुजातिय र भौगोलिक विविधतापूर्ण छ। यसलाई हामीले अलिकति गहिरो गरि बुझ्नुपर्छ भन्ने मलाई लाग्छ र अलगै बजेट व्यवस्था हुन आवश्यक छ।
- किराँत, मगर, थारू लगायत अन्य जातिहरूको सास्कृतिक सभ्यता विकासको लागि अलगै एउटा विकास कोष अथवा कार्यक्रमलाई अघि बढाउन सक्यौं भने यो समावेशी विकासको कुरा खोक्रो हुन जान्छ त्यसैले साँस्कृतिक स्थलहरूमा पनि हामीले ध्यान दिनु पर्छ।

**<u>माननीय श्री सरिता प्रसाई</u>**

- कृषि उत्पादन बढाउनको निम्ति हामीले मल, विउलाई समयमै उपलब्ध गराउने व्यवस्था मिलाउनु पर्छ।

- व्यापार घाटा न्यूनीकरण गर्नको निम्ति देशमा उत्पादनमुखी ठाउँमा र खाद्यान्नमा आत्मनिर्भर हुनको निम्ति कृषिमा धेरै बजेट लगानी गर्नुपर्छ भनेर अर्थमन्त्रीज्यूको ध्यानकर्षण गरे।
- तीन किसिमको पर्यटन क्षेत्र रहेको छ एउटा धार्मिक दोस्रो वन, जङ्गल र wild life तेस्रो हिमालमा हामीले आन्तरिक र बाह्य पर्यटकलाई हामीले आकर्षित गर्ने।
- जलविद्युतको खानी नेपाल भनेर चिनिन्छ तर दूर्भाग्य ११४/१५ वर्षमा ३००० मेगावाटमात्र विजुली उत्पादन भएको छ। यसको बजेटको निम्ति कुनै हामीलाई बाह्य बजेट हामीलाई चाहिँदैन नेपाल सरकारले यदि हिम्मत राख्यो भने नेपालीलाई नै सेयर बेच्यो भने अर्बौं रूपियाँ हामीसँग आउन सक्छ र हामीले हाइड्रोलाई अगाडि बढाएर बिद्युतीय गाडि, बिद्युतीय चुलो ल्याएर पेट्रोल, डिजेल र ग्याँस न्यूनी गरेर यो अर्थ बाहिर जान रोक्न सकिन्छ।
- शिक्षामा आफुले पढ्न खोजेको विषय पढ्न पाउने व्यवस्था गर्ने।
- स्वास्थ्य सेवा सस्तो र सुलभ बनाउनको लागि ध्यानकर्षण गर्न चाहन्छु।
- सहकारीको निगरानीको लागि अर्थमन्त्रीज्यूले कडा कदम चाल्न अनुरोध गर्छु।
- विभिन्न खेल सँगसँगै क्रिकेट खेलको लागि एउटा रंगशाला र क्रिकेट एकेडेमी बनाउनको लागि म सरकारको ध्यानकर्षण गराउन चाहन्छु।
- यो भन्दा अगाडिको बजेटमा रहेको अनावश्यक कार्यक्रम जस्तै प्रधानमन्त्री रोजगार कर्यक्रम, राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमको कटौती गर्ने।
- राष्ट्रिय आविष्कार केन्द्रलाई केही बजेट छुट्याउन अर्थमन्त्रीको ध्यानकर्षण गर्न चाहन्छु।
- राजश्व चुहावट रोक्न अर्थमन्त्रीको ध्यान जाओस् भन्न चाहन्छु।
- GDP को ९४ प्रतिशत साधारण खर्चमै खर्च हुन्छ, देश विकास कुन बजेटले हुने।

<u>माननीय श्री शोभा ज्ञवाली</u>

- देशभित्रै रोजगारीको ग्यारेन्टी गरियोस्।
- कृषि क्षेत्रमा मुलुकलाई आत्मनिर्भर गर्नको लागि उत्पादनमा वृद्धि गरि बजारीकरण, उत्पादनको आधारमा अनुदान दिने व्यवस्था गरियोस्।
- निजी क्षेत्रको मोल भाउ बढाउनको निम्ति विशेष योजना ल्याइयोस्।
- राष्ट्रिय निकुञ्जका वन्यजन्तु र मानववस्तीका बीचका द्धन्द न्यूनीकरणका कार्यक्रम ठोस् रूपमा समावेश गरियोस्।
- रुग्न उद्योगहरू सञ्चालनमा ल्याउने र लघु घरेलु साना उद्योगीहरूलाई प्रोत्साहित गरि अगाडि बढाउने कार्यक्रम समावेश गरियोस्।

- स्वास्थ्य र शिक्षामा जनताको सहज पहुँच पुऱ्याउनको निम्ति गुणस्तर कायम गरियोस् र ठोस् योजना ल्याइयोस्।

<u>माननीय डा. सुनिल कुमार शर्मा</u>

- सरकारी लगानी रहेका सार्वजनिक निकायहरूमा हाल करिब ६०० अर्बभन्दा बढीको लगानी भई तीन प्रतिशतभन्दा कम नाफा भइरहेको सरकारी तथ्याङ्कले नै पुष्टयाउँछ। यति ठुलो लगानी निष्कृय हुनु मुलुकको लागि ठुलो घाटाको विषय हो। विद्यमान आर्थिक संकट हल गर्नका लागि यी सार्वजनिक निकायलाई Assets monetization मार्फत पीपीपी मोडलमा लगेर हालको आर्थिक संकटलाई रोकथाम गर्न सकिन्छ।
- नेपाल सरकारको स्वमित्वमा रहेका कृषि विकास बैंक, नेपाल बैंक, राष्ट्रिय वाणिज्य बैंक, दुरसञ्चार जस्ता संस्थाहरूको सेयर मध्ये ५१ प्रतिशत सरकारको स्वमित्वमा र ४९ प्रतिशत जनतालाई दिने व्यवस्था गर्दा हालको आर्थिक संकट हल गर्ने एउटा सानो गोरेटोको निर्माण गर्न सकिन्छ।
- नेपाल सरकारले आफ्नो ढुकुटीमा संचित रकम बैंकहरूलाई ऋण प्रभाव गर्दा maximum ४% का दरमा दिई बैंकहरूले व्यक्ति वा निजी उद्योगलाई बढीमा ६% मा दिइ व्याजदरमा लगानी गरेमा हाल कोमामा रहेको अर्थतन्त्रलाई मजबुत बनाउन कोशे ढुङ्गा सावित हुने छ।
- नेपालका विद्यमान गौरवका आयोजनाहरू निर्माण गर्न ठुलो धन राशी र आधुनिक प्रविधिको जरूरी पर्ने हुँदा यस्ता आयोजनामा विदेशी कम्पनी (NRN), नेपाल सरकार, नेपाली जनताको स्वामित लगानी लगाइ निर्माण गर्ने।
- राष्ट्रिय गौरवका आयोजना निर्माण गर्नको लागि Viability fund निमार्ण गर्ने।
- NRN अथवा विदेशी development bank हरू सहजरूपमा आउने वातवारण मिलाउने।
- सेयर बजारमा रहेको विद्यमान ४/१२ को प्रावधानलाई तत्काल खारेज गर्ने, intra- trading को व्यवस्था गर्ने, stock exchange अथवा share market मा NRN तथा विदेशी लगानीलाई लगानी मैत्री वातावरण निर्माण गर्ने।
- Currency reset policy तत्काल लागू गर्ने।
- नेपालमा रोजगारी सिर्जना गर्नको लागि किसानका अन्न, तेलहन र दलहन जस्ता बालीलाई कम्तिमा न्यूनतम समर्थन मूल्यमा सरकारले किनिदिने र बाली बिमाको अनिवार्य व्यवस्था गर्ने।
- कृषि मलको मूल्य Fix and Freeze गरि निजी क्षेत्रलाई आयात गर्ने अनुमति दिने।

- धार्मिक र संस्कृति पर्यटनमा खासगरि हिन्दु र बौद्ध धर्मालम्बीहरूलाई आकर्षित गर्ने आधारहरू तयार गर्ने।
- आयकरको अव्यवहारिक दफा ५७ तत्काल खारेज गर्ने।
- स्वदेशी तथा विदेशी बहुराष्ट्र कम्पनीहरूलाई सहज ढंगबाट उद्योग धन्दा स्थापना गर्न निश्चित क्षेत्रलाई Tax free zone घोषणा गरि औद्योगिक क्षेत्र स्थापना तथा सञ्चालन गर्न दिने।
- भ्रष्टाचार नियन्त्रणको लागि उच्चस्तरीय आयोग गठन गर्ने, भ्रष्टाचार गरि कमाएको सम्पत्तिलाई राष्ट्रियकरण गर्ने।
- भन्सार इन्टरमोडलको सट्टा इस्क्यानिङ्ग मोडल राखे र विओपीमा electronic surveillance प्रणाली लागू गर्ने।
- विभिन्न विपन्न वर्गले आफ्ना सपना पूरा गर्न सक्ने आधार यो बजेटमा देखिँदैन।

**<u>माननीय श्री सराज अहमद फारूकी</u>**

- युवा पलायनको नीति बजेटमा पक्कै राख्नु हुन्न।
- मदरसा शिक्षाका बारे विशेष नीति राख्न अनुरोध गर्दछु।

**<u>माननीय श्री रामहरि खतिवडा</u>**

- नेपाल ग्रामीणमुखी मुलुक हो। पहिलो प्राथमिकता त्यो वर्गलाई दिनुपर्छ जहाँ अहिले पनि एउटा हस्पिटल बनेको छैन, विद्यालयमा जाने बाटोको अवस्था राम्रो छैन।
- युवाहरुलाई विदेश पलायन रोक्नका लागि कार्यक्रम ल्याउन जरुरी छ।
- प्रत्येक जिल्लामा सुविधा सम्पन्न भएको राम्रो अस्पताल र राम्रो रंगशालाको व्यवस्था होस् र प्रत्येक गाउँमा कमसेकम एउटा राम्रो खेल मैदानको व्यवस्था होस्।
- प्रादेशिक संरचनालाई प्राथमिकता दिनुभन्दा ग्रामीण, वडा र गाउँ स्तरलाई बढि प्राथमिकता दिएर बजेट ग्रामीणमुखी ल्याउनु आवश्यकता हामीले देखेका छौं।
- सबैभन्दा महत्वपूर्ण कुरा ७५३ वटा स्थानीय तहमा कमसेकम प्रत्येक स्थानीय तहमा पिचेवल रोड, कालो पत्रे रोड पुऱ्याउने प्राथमिकता दियो भने हामीलाई उत्साह पैदा हुनेछ।
- रोजगारी सृजना गर्ने काम मुख्य गरी २ वटा कुराको महसुस गरेको छु।
    - लगानीको वातावरणको सृजना हुनुपर्छ।
    - रोजगारको व्यवस्था हुनुपर्छ।

- असारमा पूँजीगत खर्च गर्ने पद्धतिको अन्त्य होस्।

**मानननीय श्री नारायण प्रसाद आचार्य**

- व्यापारी घरानाका उपस्थितिमा करको दर हेरफेर, कर उठ्ने कार्यालयहरुमा विचौलिया परिचालन गरी जिम्मेवार व्यक्तिहरुबाट चुहावट नै निरन्तरता गरिने हो कि भन्ने जस्तो अशंका छ त्यस्तो नहोस्, नियमन हुन जरुरी छ।
- विगतको सरकारले निजीकरण, आर्थिक उदारीकरणका नाउँमा उद्योग विक्री गर्नु निन्दनीय थियो त्यो संरचनाले हामीलाइ गिज्याइरहेको छ। ती उद्योगहरु, कलकारखानाहरु सबै नेपालीको लगानीमा पुनः संचालन गर्न नीति ल्याइयोस्।
- व्यवहारिक बजेट तयार गर्न, फजुल खर्च कटौती गर्न निर्मम बन्न जरुरी छ।

**माननीय श्री देव प्रसाद तिमलसेना**

- रौतहटमा खानेपानीको कारणले हजारौ मान्छेको किडनी फेल भएको छ, त्यहाँ बजेट हालौ भन्दा भ्यू टावर बनाउन बजेट हालिन्छ।
- खुला आकाशमा सुत्ने जनताको लागि बजेट विनियोजन गरौं त्यो छैन  कहिले गर्ने हो?
- नेपालमा उत्पादन भएको काठ बिक्री गर्‍यो भने २ खर्बभन्दा बढि पैसा आउँछ।
- नेपालमा पैसाको अभाव हुँदैन त्यसको लागि चुहावट रोक्नुपर्‍यो, भन्सारमा राजश्व कम भो भनेको छ। चुहावट कति भो हेरेको छ?
- सबैभन्दा पछाडि परेका जिल्लामा एउटा मेडिकल कलेजको व्यवस्था  होस्।

**माननीय श्री अम्मर बहादुर रायमाझी**

- नेपाल कृषि प्रधान देश भएको हुँदा कृषिमा आत्मनिर्भर बन्नका निम्ति ठोस कार्यक्रमका साथ उत्पादित वस्तुको बजार व्यवस्थापन र किसान मैत्री कानुन निर्माण गरी आत्मनिर्भर बन्ने व्यवस्था गरियोस्।
- शिक्षाक्षेत्रमा हुँदाखाने र हुने खाने वर्ग जस्तो असमानता रहेको हुँदा सबै सामुदायिक विद्यालयहरुलाई गुणस्तरीय शिक्षा प्रदान गर्ने थलोको रुपमा विकास गरी प्राविधिक तहका डा. ईन्जिनियर, नर्स लगायतका सबै तहका विद्यार्थीहरु पढ्ने स्वदेशमा व्यवस्था गरियोस्।

- स्थानीय क्षेत्रमा रहेका सबै सामुदायिक स्तरमा रहेका सामुदायिक स्वास्थ्यहरुलाई गुणस्तरीय प्राविधिक मैत्री बनाई प्रत्येक निर्वाचन क्षेत्रमा सुविधा सम्पन्न हस्पिटल निर्माण गरी सेवाको पहुँचता विकास गरियोस्।

## <u>माननीय श्री ईश्वरी घर्ती</u>

- नेपालका दुर्गम क्षेत्रका केही भूभागका जनता जसले जन्म दर्ता, नागरिकता, बिहे दर्ता, मृत्यू दर्ता र पासपोर्टबाहेक राज्यबाट प्राप्त हुने अन्य सेवा सुविधा उपभोग गर्न पाउँदैनन् उनीहरुलाई प्राथमिकतामा राखेर नीति र बजेट बनाइनु पर्दछ ।

- कृषिमा तत्काल निर्यात गर्न नसक्ने भए पनि आयात प्रतिस्थापन गर्नका लागि कृषिमा बजेट विनियोजन गर्दा सिंगो नेपालका कृषकहरु त सिंहदरबार भन्दा बाहिर नै छन् नि भनेर ध्यान दिनुपर्छ। कृषिमा विचौलियाहरुको हाबी रोक्न कृषकलाई सहकारीमा जोड्ने नीति ल्याई कृषकको उत्पादन सहकारीले बजारीकरण गर्ने, त्यस्ता सहकारीले राज्यबाट पाउने सुविधा बढाएर करमा छुट दिने व्यवस्था गरिनुपर्छ साथै जडिबुटीमा नेपाल आत्मनिर्भर मात्रै नभएर निर्यात गर्ने क्षमता रहेकाले कानुनी आधार तयार पारेर जडीबुटी प्रशोधन उद्योगलाई प्राथमिकताका साथ राखिनुपर्दछ।

- शिक्षा देश कै मेरुदण्ड हो बालबालिका विद्यार्थी र युवा वर्तमानका साझेदार र भविष्यका कर्णधार हुन् उनीहरूलाई भविष्यको जिम्मेवार नागरिक बनाउन गर्भमा रहेदेखि जन्मेर 18 वर्ष पार नगर्दासम्म बालमैत्री, पोषणमैत्री, लैंगिकमैत्री, अपाङ्गतामैत्री, युवामैत्री, वातावरणमैत्री स्थानीय शासन प्रवर्द्धन र जनचेतना लगायतका सवालमा सरकारले कति पनि कन्जुस्याई नगरिकन बजेट सहितको एकिकृत योजना ल्याउनुपर्छ।

- अर्थतन्त्रको ऐना भनेको सेयर बजार पनि हो सेयर लगानी कर्ताले अल्पकालीन र दीर्घकालीन गरी दुई भागमा विभाजन गरी अल्पकालिन लगानी कर्तालाई ५ प्रतिशत र दीर्घकालीन लगानीकर्तालाई २ दशमलव ५ प्रतिशत पुँजीगत लाभकर लगाउने व्यवस्था गरिनुपर्छ।

- विद्युत सरकारी निकायलाई होइन निजी क्षेत्रलाई दिने नीति ल्याउनुपर्छ।

- सामाजिक सुरक्षा कार्यक्रमलाई पारदर्शी, जवाफदेही, उत्तरदायी, सेवाग्राही मैत्री बनाउँदै औद्योगिक क्षेत्र र अनौपचारिक क्षेत्र निर्माण क्षेत्रका श्रमिक मजदुरलाई अनिवार्य रुपमा सामाजिक सुरक्षा कोषमा जोड्ने उनीहरूको परिवारले पाउने लाभलाई बढाउने सामाजिक सुरक्षा कोषको दायरा बढाउने नीति ल्याउनुपर्छ।

**<u>माननीय श्री महेश कुमार बतौला</u>**

- नेपाल कृषिप्रधान देश हो। कृषिलाई प्राथमिकता दिने प्राङ्गारिक मललाई जैविक खेती प्रणालीलाई प्रोत्साहित गर्ने।

- प्रत्येक एक पालिका १ प्राङ्गरिक मलको उद्योगको स्थापना गर्न जाने हो भने हामीले त्यहाँबाट रोजगारी सृजना गर्न सक्छौं।

- हामीले युवाहरुलाई रोजगारीमा जोड्नका लागि, युवाहरुलाई काममा जोड्नका लागि हामीसँग अहिले पनि १० लाख ३० हजार हेक्टर कृषियोग्य जमिन बाँझो छ करिब यो जमिनमा युवाहरुलाई काममा प्रोत्साहित गर्ने,

- कृषिको काममा प्रोत्साहित गर्नका लागि हामीले पूँजिमा पहुँच वृद्धि गर्ने, बीमाको सहुलियत, बीमाको सुविधा उपलब्ध गराउने त्यसैगरी हामीले बजारको सुनिश्चित्ता र उत्पादनमा अधारित अनुदानमा अगाडि बढ्ने हो भन्ने युवाहरुलाई यही काममा हामीले जोड्न सक्छौ।